चैत २२, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# भागबन्डाको चर्काचर्की

पद र भागबन्डाको झगडाले अन्तरिम सरकार र निर्वाचन घोषणाको कुनै सम्भावना छैन, सार्क सम्मेलनअघि

मूल्य रु. २५



भास्वर ओझा

आठ दलबीच पदको भागबन्डा नमिल्दा पुसमै गठन हुनुपर्ने अन्तरिम सरकार अझै बन्न सकेन

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १५०, चैत १६-२२, २०६३

**आवरण : सात दल र माओवादीबीच सत्ता साझेदारीमा भागबन्डा नमिलेपछि सार्क सम्मेलनअगाडि अन्तरिम सरकार गठन नहुने निश्चित भएको छ। सत्ता साझेदारीमा चित्त नबुझेपछि माओवादीले अन्तरिम सरकारमा नजानेसम्मको घुर्की देखाएको छ भने यो ढिलाइले बहुप्रतीक्षित संविधानसभा निर्वाचनको घोषणा पनि पर सरेको छ २८**




आवरण : प्रधानमन्त्रीको कुर्सी

*तस्वीर : भास्वर ओझा*

## सार्क
**अढाई दशक इतिहास पार गरेको सार्कको चौधौं सम्मेलन पनि औपचारिकतामै सीमित बन्ने देखिन्छ १६**

## अन्तर्वार्ता
**प्रशस्त सम्भावना हुँदाहुँदै पनि सार्क प्रभावकारी बन्न सकेको छैन २०**

## शिक्षा
**ठाडो राजनीतिक हस्तक्षेपले गर्दा एमबिबिएस कक्षा सुरु नहुँदै नोबेल मेडिकल कलेज धराशायी हुने सम्भावना बढेको छ २२**

## उपभोक्ता
**राजधानीमा पेट्रोलियम पदार्थको अभावले जनजीवन अस्तव्यस्त ४१**

## रोजगार
**स्थानीय प्राकृतिक स्रोतको उपयोगबाट स्वरोजगार सिर्जना सफल ग्रामीण भेगका जनताको जीवनस्तरमा आमूल परिवर्तन भएको छ ४२**



समय

**रंग : अनागरिकहरूको पीडा उतारिएको लो-प्रोफाइल सिनेमा सिनेमाहलको बाटो पर्खिरहेको छ ५६**

सम्पादकीय ........ ५
डाँक ........ ८
दर्शन ........ १०
टिपोट ........ १२
मुलुक ........ १४
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
मनोज दाहाल
**विशेष संवाददाता (ब्यूरो चिफ)**
विश्वमणि पोखरेल
**प्रमुख संवाददाता**
किरण भण्डारी
**वरिष्ठ संवाददाता**
सुवास देवकोटा
मधुसूदन पौडेल
नवीन अर्याल
छत्र कार्की
**संवाददाता**
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा

**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित


**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# घृणाको राजनीति

**गौर नरसंहारले** फेरि नेपाली संवेदनशीलता र आत्मसम्मानलाई आघात पुर्‍याएको छ । राजनीतिका नाममा हुने व्यक्तिगत हत्या र आमसंहारलाई राजनीतिक क्रान्ति तथा बदलाका नाममा विभिन्न समयमा विभिन्न समूह र दलहरूले अपनाए पनि अन्ततः जनताले त्यसलाई अस्वीकार गरेपछि सम्बन्धित पक्षले हिंसाको राजनीति त्याग्न बाध्य भएका छन् । र, कुनै पनि हातलमा हिंसालाई राजनीतिको साधन वा संयन्त्रका रुपमा स्वीकार गर्नेछैन मुलुकले भविष्यमा पनि भन्ने स्पष्ट संकेत हो, यो ।

हिंसाको राजनीति गर्ने पक्षहरूले के पनि बुझ्नुपर्छ भने नेपाली जनता १३ वर्ष नरसंहार आतंकबाट पीडित हुँदा केही समय त्रस्त देखिए पनि त्यसलाई उनीहरूले स्विकारेका छैनन् । बरु सम्बन्धित पक्षलाई हिंसा त्याग्न र बाध्य तुल्याउन कुनै न कुनै रुपमा भूमिका खेल्दै आएका छन् । हिंसाप्रति जनताको त्यही नकारात्मक मान्यताले माओवादी शान्ति, प्रजातन्त्र र समृद्धिको साझा नारामा प्रजातान्त्रिक दलहरूसँग सहकार्य गर्न पुगे । त्यसबाट उचित शिक्षा लिनुको साटो हिंसाको राजनीतिले अहिले विश्राम पाएका बेला त्यसलाई प्रतिनिधित्व गर्ने आशामा कुनै पनि समूहले बन्दुक र हत्याको राजनीति सुरु गर्छ भने त्यसले नेपाली माटोमा लामो समयका लागि जनाधार भेटाउनेछैन । गौर नरसंहारका रचनाकार तथा त्यसका कार्यान्वयनकर्ताहरूले यो नबुझ्नु उनीहरूको राजनीतिक समझदारीको कमजोरी वा अनुपस्थिति हो ।

## सम्पादकीय



भास्वर ओझा

मधेसी जनाधिकार फोरमले गौरमा मारेका माओवादीको आर्यघाटमा सामूहिक अन्तिम संस्कार गरिदैं

मधेस भौगोलिक एकाइ र मधेसी जनताको उचित मागको प्रतिनिधित्व गर्ने सम्भावना बोकेको मधेसी जनाधिकार फोरमका नाममा भएको यो नरसंहारले उसलाई त्यहाँका जनताबाट टाढा पुर्‍याउनुका साथै उनीहरूलाई आपराधिक पक्षसँग नजिक पुर्‍याउनेछ । यो स्पष्टरुपमा शान्तिपूर्ण तरिकाले अधिकार प्राप्त गर्ने मधेसी जनताप्रतिको विश्वासघात पनि हो । निसर्त माफी र गौर नरसंहारका दोषीहरूलाई मुलुकको कानुनअन्तर्गत ल्याउन यदि फोरमले मद्दत गर्दैन भने उसको राजनीतिमा ठूलो धक्का पुग्नेछ ।

तर गौर नरसंहारलाई निरपेक्षरुपमा हेर्ने गल्ती सरकार र उसलाई प्रभावित गर्ने माओवादीले गर्नु हुँदैन । हिंसाको राजनीतिलाई स्थापित गर्ने प्रयास एकातिर र अर्कोतिर राजनीतिक प्रतिद्वन्द्वीहरूलाई माओवादीले खेद्ने अनि गृहमन्त्रीले निरीह बनेर त्यसलाई अनुमोदन गर्ने शृंखलाबद्ध अपराधले यस्ता घटनाहरूलाई प्रोत्साहित गर्दैन भन्न मिल्दैन । मधेसी जनाधिकार फोरमको बैठक बिथोल्ने प्रयास गर्नु र त्यति धेरै मात्रामा दुवै पक्षबाट हतियार ओसारपसार हुँदा प्रशासन मौन रहनु आफैंमा राज्यको असफलता हो । माडीदेखि अनेकौं अन्य घटनाहरूको छानबिनप्रति सरकार र माओवादी चुप लाग्नुले पनि संगठित समूहहरूलाई अपराध गर्न उक्साउन सक्छ ।

गौर घटनाको पृष्ठभूमिमा माओवादीले देखाएको संयम निश्चय पनि शान्ति प्रक्रियामा अपेक्षित आचारणसँग मेल खान्छ र त्यसले संसदीय मान्यताहरूलाई उनीहरूले आत्मसात गर्न खोजेको प्रमाण दिन्छ निकै हदसम्म, जुन सह्रानीय पक्ष हो । तर त्योसँगै निषेध र घृणाको राजनीतिलाई त्याग्ने साहस माओवादीले देखाएमा त्यसले मेलमिलापको राजनीतिलाई नयाँ आयाम दिनेछ । ■




## समय साता

### भूमिमुनि बमजन

संसारभरि 'बुद्ध ब्वाइ'का नाममा ख्यातिप्राप्त तपस्वी रामबहादुर बमजनले यो सातादेखि जमिनमुनि खाल्डोमा आफ्नो तपस्या सुरु गरेका छन् ।

### मल्ललाई वासु शशि पुरस्कार
कवि तथा रंगकर्मी अशेष मल्ल १० हजार रुपैयाँको वासु शशिस्मृति पुरस्कारबाट सम्मानित ।

### सीमित वृद्धिदर
एसियाली विकास बैंकद्वारा प्रस्तुत प्रक्षेपणअनुसार शान्ति सुरक्षा, सुमधुर श्रम सम्बन्ध र व्यवसायिक आत्मविश्वासको अभावका कारण आगामी दुई वर्षसम्म नेपालको आर्थिक वृद्धिदर २ दशमलव ८ प्रतिशतमा सीमित हुनेछ ।

### निर्वाचन सार्न आग्रह

पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा आमसहमतिका आधारमा संविधानसभाको चुनावलाई केही पर सार्न आग्रह गर्ने पहिलो नेता भएका छन् ।

### शरणार्थीलाई सहयोग
द नेदरल्यान्ड र स्विजरल्यान्डले नेपालमा रहेका भुटानी शरणार्थीहरूलाई खाद्यान्न पुऱ्याउन संयुक्त राष्ट्रसंघीय खाद्य कार्यक्रमलाई क्रमशः ६ लाख १७ हजार र ४ लाख १० हजार डलर सहयोग गरेका छन् ।

### नेपालमा जापानी सैनिक

नेपालको शान्ति प्रक्रिया र हतियार निरीक्षणमा नेपालमा राष्ट्रसंघीय मिसनलाई सहयोग गर्न जापान सरकारद्वारा आफ्ना ६ जना निरस्त्र सैनिक अधिकारीहरू पठाउने निर्णय ।

### पाँच महिलाको मृत्यु
सल्यानको जोगी देउखोलामा रातो माटो खन्न गएका पाँच महिलाको पहिरोमा पुरिएर मृत्यु ।

### पाकिस्तानमा हिन्दु प्रधानन्यायाधीश

पाकिस्तानका राष्ट्रपति परवेज मुसर्रफले प्रधानन्यायाधीशको पदबाट इफ्तेखार चौधरीलाई हटाएकोमा विवाद भइरहेका बेला उनले पाकिस्तानमा पहिलोपटक एक हिन्दु, राणा भगवानदासलाई प्रधानन्यायाधीश नियुक्त गरेका छन् ।

### सार्क कार ऱ्याली
भारतको उत्तराञ्चलको रामनगर पुगेपछि सार्क कार ऱ्यालीले ४ हजार किलोमिटर पुरा गरेको छ । यसअघि उक्त ऱ्याली नेपालमा काँकडभिट्टाबाट छिरेर लुम्बिनी, पोखरा, काठमाडौंलगायतका सहर हुँदै महेन्द्रनगरबाट भारत प्रवेश गरको थियो ।

# बुद्धधर्मको पुनरुत्थानबारे

**चैत्र १५ २०६३ को अंकमा** प्रकाशित आनन्द अरुणको बुद्धधर्मको पुनरुत्थान-१ माथि केही टिप्पणीहरू आवश्यक छन् भन्ने ठानेको छु ।

अशोकले बुद्धधर्म सारा एसियाभरि फैलाए भन्ने वाक्य उति सही होइन । कनिष्कले लाहोरमा गरेको बौद्ध सम्मेलनले सद्धर्मपुण्डरिक सूत्रसहित नवधर्म संग्रहको सूत्रपात गऱ्यो । यही कारण थियो, बुद्धधर्मले खैवर भञ्ज्याङ पार गरेर मध्य एसियासम्म विस्तारित हुने अवसर पायो ।

अर्कोतिर भृकुटीले छैटौं शताब्दीमा बुद्धधर्मलाई तिब्बत लगिन् । जहाँबाट यो विस्तारै चीन, कम्बोडिया, लाओस, भियतनाम र अन्त्यमा कोरिया प्रायद्वीप हुँदै जापान पुग्यो । आठौं शताब्दीमा पद्मसम्भवले अझ यसलाई सुदृढ पारे । अशोकको प्रशंसा गर्ने होडमा कनिष्क त परै रहे, स्वदेशकी भृकुटीको योगदान बिर्सिइनु नपर्ने थियो ।

भारतवर्ष एउटा अति विवादास्पद शब्द हो । त्यसमाथि कथित भारतवर्षको प्रमुख र सबैभन्दा प्रतिष्ठित धर्मको रूपमा बुद्धधर्म रह्यो भन्ने वाक्यांश पनि बलियो छैन । इसापूर्व १४ सयदेखि इसाको आठौं शताब्दीसम्म सनातन पुराणहरू रचिँदै थिए । बुद्धधर्म सबैभन्दा प्रतिष्ठित हुँदो हो त न यी पुराणहरू रचिन्थे होलान् न दक्षिण भारतबाट आठौं शताब्दीमै तन्त्रको पुनर्जागरण हुन्थ्यो होला । यसैले हिन्दु धर्म मलीन भइसकेको थियो भन्ने वाक्यांशमा कुनै सत्यता छैन ।

कथित भारतवर्ष किन भनिएको हो भने आनन्द अरुणले आफ्नो भारतवर्षभित्र नेपाललाई पनि पारेको हो कि ? भन्ने शंका भएको छ । आदि शंकराचार्यले खडा गरेका चार मठहरूमध्ये कुनै एउटा पनि नेपालमा छैनन् । अन्यथा बद्रीनाथभन्दा अघि नै प्रसिद्ध शैवतीर्थस्थल मानिएको पशुपतिनाथलाई उनले छान्नुपर्थ्यो, भारतवर्षभित्रको ठानेको भए । देवीपुराणका १०८ शक्तिपीठमा नेपालका कुनै पीठ पर्दैनन् र ज्योतिर्लिंगहरूमा समेत नेपालको कुनै परेको छैन । यसैले आदिसन्तहरूले कोरेको उनीहरूको आफ्नो भारतवर्षको नक्सालाई आजकाल 'विस्तारित' गरिदिनु उचित होओइन ।


बौद्धधर्मावलम्बीहरूको भनाइ छ कि यही कालखण्डमा मुक्तिनाथ, बद्रीनाथ जस्ता बौद्ध तीर्थस्थलहरू हिन्दु तीर्थस्थलहरूमा परिणत गरिए भन्ने वाक्यको जग पनि सही होइन । यो बौद्धधर्मावलम्बीहरूको भन्दा आनन्द अरुणको आफ्नै कल्पना भएको देखा पर्छ । मानसरोवरछेउको कैलाश पुग्नै नसकिने प्राचीन ईश्वराश्रम मानिथ्यो । भोटेकागलाई हिमाल वारिकाहरू ईश्वर प्रतिनिधि मान्थे । त्यसैले मुस्ताङको कागबेनी बग्ने खोंचमा तीर्थस्थलको विकास भयो, जहाँ भोटेपीपलमुनि श्राद्ध गर्नुपर्थ्यो ताकि इन्द्र (विष्णु) प्रतिनिधि भोटेकागले पितृलाई चढाएका कुरा खाइदिएपछि मात्र पितृले त्यो सामग्री पाएको ठानिन्थ्यो । त्यसैले कागलाई अमृत खान पुगेको अमर पक्षी र ठाउँलाई मुक्तिनाथ नाम दिइयो ।

बद्रीनाथ त्यहाँ रहेको बदरी (बयर) वनमा पुजित शिवबाट स्थापित भएको मानिन्छ । गढवालको बयर वनमा पनि कण्डारुक देवको स्थल छ । कण्डारुक शिवकै गणमध्येका मानिन्छन् । कण्डु शब्द ३ हजार वर्षअघिको सुश्रुत संहितामै पनि आउँछ । लुतो र चिलाउने वर्गका खटिराका उनी देवता हुन् । यस्ता ग्राम देवताहरूका स्थलहरू बरु पछि शिवालय बन्न पुगे । यी सबै नाथ शब्द प्रभुका अर्थमा प्रयोग गरिएका थिए । जब कि बुद्धलाई बौद्धनाथ भन्न थालिएको इसाको हजार वर्षपछि उनलाई विष्णुका अर्का अवतार मानिएपछि मात्र हो ।

बरु नेपालको सन्दर्भ आएकाले यहाँनेर केही थप्नुपर्ने देखिन्छ । त्यो के भने आसाममा अति धेरै पानी पर्ने हुनाले त्यहाँबाट मत्स्येन्द्रनाथलाई र बंगलादेशमा अति बाढी आउने हुनाले त्यहाँबाट मीननाथलाई नेपालमा पानीका देवताका रूपमा भित्र्याइयो । माछा र भ्यागुतोलाई पानीका प्रतीक मान्ने चलन पुरानै हो । मत्स्य र मीन भनेका संस्कृतमा माछा नै हुन् । दसैंअघि चंगा उडाउने र अझ भएसम्म अग्लो ठाउँबाट उडाउने चलन अब पानी पर्न पुग्यो, धेरै पारेर पाकेका धान नबिगारिदेऊ भनी पानीका देवता इन्द्रलाई स्वर्गमा सन्देश पुऱ्याउने प्रयास मानिँदै आएको छ । अर्थात् मत्स्य र इन्द्र दुवै बुद्धधर्मका प्रतीक होइनन् । मानिस प्रवर्तित धर्ममा भौतिक वस्तुको देवता हुँदैन । यो बौद्ध धर्मको विचलन हो । तर अहिले यी दुवैलाई नेपालमा करुणाकर, अवलोकितेश्वर आदि आदिका रुपमा बौद्धधर्मावलम्बीहरूले आफ्नो बनाइसकेका छन् । एउटै बचेकी स्कन्द पुराणकी शाकम्भरी पनि बज्रेश्वरी देवी बनिसकेकी छन् ।

जब कि पशुपतिछेउकी बज्रेश्वरी भनेर चिनिने देवी स्कन्दपुराणकी देवी शाकम्भरी अर्थात् महर्जनहरूकी सागपातकी देवी हुन्, मीननाथ महर्जनहरूका गेडागुडीका देवता हुन् र मत्स्येन्द्रनाथ अन्नका देवता हुन् । महर्जन प्राचीन कृषक वर्ग हुन्, उपत्यकाका । पशुपतिलाई वर्षको एक दिन बुद्धको मुकुट लगाइदिनुपर्ने अनौठो चलन त छ नै, नारायणमाथि अवलोकितेश्वर चढेका 'हरिहर वाहन'को समेत कल्पना हुन पुगेको छ । जब कि हरि अर्थात् विष्णु बुद्धभन्दा कति अगाडिका हुन् कतिका ।

फेरि अगाडि बढौं । लुम्बिनी, बोधगया, वैशाली, श्रावस्ती आदि बौद्ध तीर्थस्थल वरिपरि घना मुसलमान बस्ती हुनुमा स्थानीय बौद्ध धर्मावलम्बीहरू बाह्य आक्रमण र दबाबका कारण इस्लाम धर्ममा परिवर्तित हुन बाध्य पारिएका हुन् भन्ने लेखकको राय छ । अन्य ठाउँकाबारे आफूलाई थाहा भएन । तर जहाँसम्म लुम्बिनीको सन्दर्भ छ, यो सत्य कुरा होइन । मुसलमानका २-४ घर जहाँसुकै हुनु पनि अनौठो होइन । तर लुम्बिनीसँग प्रत्यक्ष सम्बन्धित एउटा महत्त्वपूर्ण समितिमा स्थानीय मुसलमानलाई अध्यक्ष बनाइएपछि लुम्बिनी वरिपरि घना मुसलमान बस्ती बढ्दै गएको हो । नेपालमा धार्मिक दंगा भयो भने त्यो पहिला लुम्बिनीबाट सुरु हुनसक्छ भनेर चारपाँच वर्षअघि यही पंक्तिकारले देशान्तर साप्ताहिकमा लेखेको




पनि हो । यसैले बाह्य आक्रमण र दबाबका बारेमा आनन्द अरुणको निरुपण काल्पनिक तान बुनाइ हो । त्यसै हो भने सुँगुर चर्ने भइसक्दासम्म पनि बोधगया वरिपरिका मुसलमानहरू चुप लागेर बस्थे होलान् ? उनको लेखको पुछारतिर परेको आफ्नै वाक्यले कल्पनाको खण्डन गर्दैन र ?

उनी लेख्छन्, 'नालन्दाको पुस्तकालयमा नौ लाख महत्त्वपूर्ण दुर्लभ पुस्तकहरू संगृहीत थिए ।' ९ लाखलाई अंकमा लिने हो भने त्यो ठूलै भूल हुनजान्छ । ९ लाख शब्दले महाभारत युद्धको १ अक्षौहिणी भन्ने बुझाउँछ । उँट, घोडा, हात्ती र सारथीहरूका समेत गरी १ अक्षौहिणीमा ९ लाख आत्मा हुन्छन् । यसैले विपुलता भन्ने मात्र अर्थ हुन्छ, ९ लाखको । यस्तोसम्मको त्रुटि नहुनुपर्ने हो । वृषभानुकै सन्तानले जनकपुरको मन्दिर बनाउन जम्मा ६ लाख लागेको हो भनिसकेकाले पनि नौलखाले धेरै भन्ने बुझाउँछ, अंक होइन ।

तीनतले विशाल भवन भनिए पनि पुरानो युगको तला ६-७ फिटभन्दा अग्लो हुँदैन । मानिस नै बढीमा साढे पाँच फिट मात्र हुने भएकाले तला अग्लो नभएको हो । तर नालन्दाको खण्डहर हेरियो भने त्यसको आयताकारले ठूलो अवश्य देखाउँछ, तर विशाल होइन । जहाँसम्म कृति संख्याको प्रश्न छ, त्यो कालमा मौलिक कृति तयार गर्नेभन्दा प्रतिलिपि तयार गरेर संघको निम्ति आय जुटाउने उद्योग व्यापक मात्रामा हुन्थ्यो । किनभने साक्षर अतिथोरै हुन्थे । भएमा पनि राम्रो बुझिने अक्षर लेख्न सक्ने, त्यसमाथि प्रौढ व्याकरणको ज्ञान भएका त गन्नुपर्ने अवस्था थियो । यो समस्या सबै धर्म र संस्कृतिमा विद्यमान थियो, बौद्धधर्ममा मात्र होइन । यसैले खिल्जीको (लेखकले लेखेको खिज्ली शुद्ध होइन, खिल्जी टर्कीको खाल्जी जनजातिबाट आएका हुन्) विनाशमा संख्यामा धेरै जले अवश्य, तर शीर्षक धेरै होइन । त्यसमाथि नालन्दालाई बौद्ध विश्वविद्यालय मानिए पनि विद्याको केन्द्र भन्ने गरिएको छ । त्यहाँ बौद्धधर्मका मात्र कृति थिए, अरू ज्ञान विज्ञानका संग्रह थिएनन् भन्ने होइन । अर्थात् त्यो नोक्सान बौद्धधर्मको

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४

मात्रै थियो भन्ने आशय पूर्ण गलत हो ।

६ महिनासम्म जलिरह्यो भन्ने कुरा झनै गलत हो । त्यो बेला पुस्तक लेखिने तीनवटा माध्यम थिए- भोजपत्र, ताडपत्र र नीलपत्र । यी तीनवटै माध्यमका केही नलेखिएका ९ लाख ढड्डा आजै आगो लगाएर हेरौं जलिसक्न ७ दिन पनि लाग्दैन । सम्पूर्ण भौतिक स्थापत्य त्यसमा प्रयोग भएका ठूल्ठूला काठमा मुढाहरूलाई पनि पुस्तकमा गणना गर्ने हो भने कुरा अर्कै हो ।

सांस्कृतिक क्रान्तिका नाममा तिब्बतका दुर्लभ गुम्बा र पुस्तकालयहरू जलाइए भन्ने वाक्य अर्को ठूलो अर्धसत्य हो । सांस्कृतिक क्रान्ति भइरहेका बेला चीनका प्रधानमन्त्री चाउ एन लाईले दुर्लभ तिब्बती सम्पदा भरिएका ६८ हजार बाकसलाई चियाङ क्विइङका डफ्फाहरूका हातमा नपरोस् भनेर ती पुग्नुअघि नै कहिले मोटर, कहिले उँट, कहिले घोडा आदिमा बोकाई चीनका प्रान्त प्रान्त डुलाइरहे । कहिले ताक्लामकान र कहिले क्विङघाईसम्म त्यसलाई पुऱ्याइयो र जोगाइयो । यो अभियानका बारेमा धेरै वर्षअघि नै प्रशस्त लेखिसकिएको छ ।

पाँचौं हरफ उनको पूर्वाग्रहको पराकाष्ठा हो । बाह्रौं शताब्दीपछि बुद्धको जन्मथलो नेपाल (र भारतका भनिएको छ । तर उताको कुरा थाहा भएन) बाट ८ सय वर्षका निम्ति बुद्धधर्म लुप्त भयो, बौद्धधर्मावलम्बी तरवारको डरले धर्म परिवर्तन गर्न बाध्य भए वा बुद्धधर्म छोडी विदेशिए । उनका तीर्थस्थल र सम्पत्ति विस्तारै हिन्दु महन्तहरूले आफ्नो अधिकारमा लिए जस्ता भनाइहरूले उनलाई बौद्ध धर्मान्धको स्तरमा मात्रै ओह्लालेको छ । राणाकालको केही अपवाद अवश्य छन्, त्यो पनि बौद्धहरूलाई निर्वासित गरिएको घटनालाई लिएर मात्र । अन्यथा बुद्धिष्ट मोनेस्ट्रिज अफ नेपालका निम्ति ४ सयभन्दा बढी बहालका बारेमा जोन लकले सामग्री जुटाउन सक्ने थिएनन्, पृथ्वीनारायण शाहले भुटानलाई नेपालका बाह्रवटा गुम्बाको महन्त्याइँ दिने थिएनन् । आनन्द अरुणलाई थाहा होस्, स्वयम्भूमा १ लाख बत्ती नबाली भुटानका राजाको राज्याभिषेक पूरा हुँदैन ।

छैटौं हरफमा उनी बौद्धक्षेत्रलाई पुनः चिनाउने कार्यका निम्ति अलेक्जेन्डर कनिंघम र जोन मार्सललाई श्रेय दिन्छन् । जुन उति सत्य होइन । किनभने उनले लुम्बिनी उत्खनन गर्ने खड्गशम्सेर राणा र फ्युहररलाई बिर्सेका छन् । खड्गशम्सेर राणाले सन् १८९४ मै अर्थात् फ्युहररसँगको अन्वेषणभन्दा दुई वर्षअघि आफू एक्लैले अशोकस्तम्भको लिपिको प्रतिलिपि उतारिसकेका थिए । उत्खननले समेत नपुगेर १९०४ को पायोनियर दैनिकमा लुम्बिनीसम्बन्धी तीनवटा लेखको उनले शृंखला नै लेखेका छन् । राणाकालको सुरुवातमा समेत जंगबहादुर राणाले एम्बोर्स ओल्डफिल्डलाई पूर्णरूपमा बुद्धधर्म केन्द्रित स्केचेच फ्रम नेपालको खण्ड २ लेख्न राजकीय सहयोग उपलब्ध गराए र राणाकालको मध्यमा पनि खड्गशम्सेर राणा देखा पर्छन् अर्थात् राणायुगको उत्तरार्धबाहेक अन्य कुनै अवधि समेत नेपालमा बुद्धधर्मको असहिष्णु देखिँदैन । खड्गशम्सेर राणाले लुम्बिनीको मात्रै होइन, वरिपरिका गोटिहवा र निग्लीहवाका बारेमा पनि उत्तिकै ध्यान दिएका छन् ।

अन्तिम हरफमा उनी लेख्छन्, पुराना चैत्य र खण्डहरहरूबाट बेरोकटोक इँटा झिकी मानिसहरूले घरगोठ बनाइरहेको उनले (धर्मपालले) देखे । तर आनन्द अरुण लुम्बिनीबाट बेरोकटोक इँटा झिकी सीमापारी अर्को लुम्बिनी बनिरहेका हिजोआजका घटनाबारे मौन छन् । अन्त्यमा उनी लेख्छन्, बोधगयास्थित बुद्धतीर्थको हालत देखेर श्रीलंकाका भिक्षु धर्मपाल रोए । उनी अवश्य दिग्दार भए, गम्भीर भए, तर रोएको कसले देख्यो ? भएको के हो भने धर्मपाल बोधगया पुगेको ७४ वर्षपछि सन् १९६७ मा संयुक्त राष्ट्रसंघका महासचिव उथान्त लुम्बिनी देखेर सयौं मानिसका अघि रोए । त्यसपछि लुम्बिनी विकासकोष खडा भयो । अरुणले धर्मपालप्रति सद्भावना उराल्न उथान्तको रोदनलाई धर्मपालमा खामिदिए । उनले लेखेजस्तो त्यहाँ बाघभालु दिउँसै हिँड्दैनथे । फोहोर फाल्ने र सुँगुर पाल्ने ठाउँमा परिणत पनि भएको थिएन, मात्रै सुँगुरको जंगली प्रजाति बँदेल चर्ने गर्थे ।

सिन्धु नदी पारीकाले वारिकालाई २३ सय वर्षअघि दिएको संज्ञा 'हिन्दु'सँग नेपालको 'वैदिक सनातन'लाई मिसाइदिन्छन् अरुण, भारतवर्षलाई हिमालयसम्म ल्याइदिन्छन्, अनि बुद्धको कर्मथलोका दुर्घटनाहरूले जन्मथलोको सालीनतामाथि धोती लगाइदिन्छन् । अरू कसैको धार्मिक आस्थामाथि पूर्वाग्रह नराखी समधर्म समभाव लिई लेख्न बसेको भए यस्ता त्रुटिहरू हुँदैनथे । यसैले उनलाई नामका अगाडि स्वामी लेखिनुपर्ने योग्य मैले चाहिँ देखिनँ ।

■ **सौरभ**
sauravst@yahoo.com



**म मुक्ति र निर्वाण चाहँदिनँ, बुद्धधर्मलाई प्रतिष्ठित र पुनरुत्थान गर्नलाई मैले सयकडौं जन्म लिनुपर्‍यो भने पनि आफूलाई भाग्यशाली ठान्छु'**



■ स्वामी आनन्द अरुण

# बुद्धधर्मको पुनरुत्थान – २

**बुद्धधर्मको** पुनरुत्थानमा श्रीलंकाली भिक्षु बोधिसत्व धर्मपालको भगीरथ प्रयासको लागि सम्पूर्ण बुद्धप्रेमीहरू उनका सदैव ऋणी रहनेछन् । एक व्यक्तिको समर्पित लगन र संघर्षले कतिसम्म गर्न सक्छ त्यसको उनी एक प्रतीक पुरुष नै बने ।

बुद्धतीर्थको दुर्दशा देखेर उनलाई यो स्पष्ट भइसकेको थियो कि यदि अहिले यिनीलाई पुनर्जीवन दिइएन भने यी स्थानहरू परित्यक्त भग्नावशेषका रुपमा मात्रै रहनेछन् । बुद्ध मन्दिरहरूको पुनरुत्थान, जीर्णोद्धार समन्वयका लागि सन् १८९१ मा उनले महाबोधि सोसाइटीको स्थापना गरे । त्यही उद्देश्यका लागि अन्तर्राष्ट्रिय मासिक पत्रिका महाबोधि जर्नलको प्रकाशन सुरु गरे ।

सन् १८९३ को सिकागोको प्रसिद्ध धर्म संसद् जसमा हिन्दुधर्मको प्रतिनिधित्व स्वामी विवेकानन्दले गरेका थिए, बुद्धधर्मको प्रतिनिधित्व अनागरिक धर्मपालले गरे । उनले 'विश्वलाई बुद्धको देन' शीर्षकमा त्यस सभालाई सारगर्भित सम्बोधन गरे । पश्चिमी जगत्मा बुद्धधर्मको बारेमा निर्भीक रुपमा खुलेर उनैले पहिलोचोटि बोलेका थिए । त्यहाँ उनले बुद्धतीर्थको पुनःस्थापनाका लागि ठूलो प्रयास गरे, तर आशा गरेअनुरुप सफलता पाउन सकेनन् । तर उनी कहिल्यै हतोत्साही र निरास भएनन् । उनी बोधगया फर्के र त्यहीं बसी उनले बुद्धतीर्थहरूको पुनरुत्थानका लागि विश्वव्यापी आन्दोलनको शंखनाद गरे । त्यस बेलाका महत्त्वपूर्ण व्यक्तित्वहरू रवीन्द्रनाथ टैगोर, महात्मा गान्धी, राजगोपालाचारी सबैलाई भेटी महाबोधि सोसाइटीको सम्मानित सदस्य बनाए । ३ नोभेम्बर १९२२ मा उनले सारनाथमा बुद्ध बस्ने गरेको मूलगन्धकुटी विहारको जग हाले र त्यसको निर्माणका लागि सारा विश्वबाट धन संग्रह गरे । आज पनि त्यो मन्दिर धर्मपालको प्रयास र लगनको प्रतीकको रुपमा खडा छ । आफ्नो जीवनभर बोधगयाको बोधिमन्दिरलाई हिन्दु महन्तहरूको हातबाट मुक्त गराउन प्रयास गरे पनि उनी सफल भने भएनन् । यो प्रयासमा महन्त र पण्डाहरूबाट अनेकचोटि चुटिए । पक्राउ परी जेल पनि बसे । अनशन गरे । गया अदालतदेखि सर्वोच्च अदालतसम्म मुद्दा लडे, तर सबै मुद्दा उनले हारे । बुद्धमन्दिर महन्तको हातबाट भिक्षुहरूमा हस्तान्तरण हुन भने सकेन । यो मुक्तिका लागि उनले आजन्म प्रयास गरे र उनको अनन्त संघर्ष र प्रयासले अन्ततः भिक्षुहरूले मन्दिरमा प्रवेश पाए र बुद्ध परम्पराअनुसार पूजासम्म गर्न पाए । तर मन्दिरको व्यवस्था बौद्धधर्मावलम्बीहरूले पाउन सकेनन् जुन अवस्था अहिलेसम्म पनि कायम छ । अहिले पनि महाबोधि मन्दिरको व्यवस्थापन समितिमा सरकारले नामांकन गरेका चारजना हिन्दु र चारजना बौद्ध धर्मामब्लम्बी हुन्छन् र त्यस समितिका अध्यक्ष गयाका प्रमुख जिल्ला अधिकारी हुन्छन्, तर उनी हिन्दु हुनै पर्छ । आज पनि महाबोधि मन्दिरको पूर्ण अधिकार प्राप्तिका लागि यो संघर्ष भारतीय लोकसभादेखि सर्वोच्च अदालतसम्म चलेकै छ ।



भिक्षु धर्मपाल

यही संघर्षरत अवस्थामै ती बुद्धधर्म सेनानीको १९३३ मा सारनाथमै ७० वर्षको उमेरमा देहावसान भयो । तर उनको अथक प्रयासले श्रावस्ती, बोधगया, कुशीनगर लगायत बुद्धतीर्थहरूमा बुद्धमार्गीहरूले आफ्नो तरिकाले उपासना गर्ने अधिकार पाए । उनले आफ्ना सयकडौं लेखद्वारा, विश्वका अनेक मुलुकका भ्रमणका माध्यमले यी बुद्धतीर्थलाई चिनाउने अचिन्त्य प्रयास गरे । मर्ने बेलामा उनको अन्तिम अभिव्यक्ति 'म मुक्ति र निर्वाण चाहँदिनँ, बुद्धधर्मलाई प्रतिष्ठित र पुनरुत्थान गर्नलाई मैले सयकडौं जन्म लिनुपर्‍यो भने पनि आफूलाई भाग्यशाली ठान्छु', सारनाथमा उनको समाधिमा अंकित छ ।

भारत वर्षमा बुद्धधर्मको पुनर्जागरणमा अर्को ठूलो घटना १४ अक्टोबर १९५६ का दिन भयो । त्यस दिन स्वतन्त्र भारतीय संविधानका निर्माता बाबा साहेब अम्बेडकरले नागपुरको दीक्षाभूमिमा आफ्ना दस लाख अनुयायीका साथ दीक्षा लिई बौद्धधर्ममा प्रवेश गरे ।

डा. अम्बेडकरको हृदयलाई अति बिझेको हिन्दु धर्मको जगै बनेर बसेको विभेदकारी वर्ण व्यवस्था थियो । अति प्रतिभाशाली तथा उच्चतम शिक्षा प्राप्त व्यक्ति भए पनि केटाकेटीदेखि नै यही कुरुप व्यवस्थाको क्रूर व्यवहार उनले देख्दै, भोग्दै र सहँदै आएका थिए । सन् १९३६ को ३० मेमा मुम्बईको एक भाषणमा उनले भनेका थिए, 'हिन्दु धर्म मेरो मनलाई जच्दैन । जुन धर्मले हामीलाई आफ्नो मन्दिरमा पाइला टेक्न दिँदैन, पधेरोमा पानी भर्न र पिउन दिँदैन, आफ्ना स्कुलहरूलमा हामीलाई पढ्न दिँदैन र हरेक कुरामा हामीलाई अपमानित गर्छ । त्यस्तो धर्ममा हामी किन बसौं ?' भारतको स्वतन्त्रताअगाडि नै उनले अछुतलाई लिएर इसाई बन्ने निधो गरेका थिए । तर गान्धीजीको आग्रह र आमरण अनशनले गर्दा उनले आफ्नो त्यो निर्णय फिर्ता लिनुपर्‍यो । नत्र भारतीय सामाजिक संरचनामा ठूलो परिवर्तन हुने थियो । तर १९५६ मा उनले बुद्धधर्म स्वीकार गरे र त्यसपर्यन्त पनि यस घटनाबाट प्रभावित भई धेरै दलितहरू बौद्ध धर्ममा प्रवेश गर्दै छन् । यसरी बुद्ध र बुद्धतीर्थलाई आफ्नो भन्ने लाखौं व्यक्ति भारतमा पनि पैदा भए ।

बुद्धधर्मको विश्वमा प्रचारको अर्को ठूलो कारण अप्रिल १९५९ मा दलाई लामाको तिब्बत छोडी भारत प्रवेश हो । राजनीतिक दृष्टिले दलाई लामा तथा निर्वासित तिब्बतीहरूका लागि ठूलो क्षति भए पनि आध्यात्मिक रुपले यो घटनाले तिब्बती बुद्धधर्मलाई पश्चिममा ठूलो प्रचार मिल्यो । दलाई लामा पश्चिमी जगत्मा एक भद्र, सालीन तथा विवादरहित आध्यात्मिक गुरुका रुपमा प्रतिष्ठित भए । दुई-दुईवटा विश्वयुद्धको भीषण विभीषिका खेपिसकेको पश्चिमी जगत्ले बुद्धको उपदेशमा विश्वशान्ति र सहिष्णुताको किरण देख्यो । आधुनिक युगमा बुद्धधर्मलाई सर्वग्राही बनाउनमा भियतानामी भिक्षु थिक न्यात हान्हका लोकप्रिय पुस्तकहरूको पनि ठूलो हात छ । आधुनिक मनुष्यले बुझ्ने शैलीमा विश्वका लगभग सबै महत्त्वपूर्ण भाषामा अनूदित ओशोका बुद्ध र बुद्धको शिक्षणमाथि आधारित ७० पुस्तकहरूले पनि बुद्धलाई यस युगमा चिनाउन ठूलो भूमिका खेलेका छन् ।

osho@tapoban.com

# 'अन्याय परेका' सहायकरथीद्वारा राजीनामा

सहायकरथीबाट उपरथीबाट नियमानुसार बढुवा हुनुपर्ने भए पनि नेपाली सेनाले अन्याय गरेको दाबी गर्दै रणध्वज लिम्बूले पदबाट राजीनामा गरेका छन् । अधिकृत क्याडेटका रूपमा ३४ वर्षअघि सेनामा भर्ना भएका सहायकरथी लिम्बूले उपरथीमा बढुवा हुने क्रममा आफ्नो साटो आफूभन्दा कनिष्ठलाई सिफारिस गरिएकोमा चित्त नबुझेर सेना छोडेका हुन् ।

उनले प्रधानसेनापति रुक्मांगद कटवालसमक्ष आफ्नो राजीनामा बुझाएको स्रोतले बताएको छ । नेपाल सेनामा अन्याय परेको आधारमा उच्च सैनिक अधिकृतले राजीनामा गरेको यो पहिलो घटना हो । आफूलाई अन्यायपूर्वक कनिष्ठले उछिनेकाले सेनामा रहिरहन चित्त नबुझेर लिम्बूले राजीनामा गरेको स्रोतले उल्लेख गरेको छ । लिम्बूलाई पदोन्नतिबाट वञ्चित गरिएको घटना सैनिक मुख्यालयको उच्च तहमा पनि चासो र अभूतपूर्व बहसको विषय बनेको छ ।

हालैको पदोन्नतिमा गौरवशमशेर राणा, अनिलजंग थापा र अनन्तकुमार थेवे उपरथीमा बढुवा भए पनि उनको नाम पटकपटक वैकल्पिकमा राखिएको र पछिल्लोपटकको निर्णयमा आफ्नो नाम कतै पनि उल्लेख नगरेकोमा लिम्बूलाई चित्त नबुझेको बुझिएको छ ।

नेपाल सेनामा पदोन्नतिमा कुनै नियम नभएको र व्यक्ति विशेषको सुविधा, पहुँच तथा स्वार्थबमोजिम विभिन्न समयमा पदोन्नतिका लागि विभिन्न मापदण्ड अपनाउने गरिएकामा लिम्बू आक्रोशित भएको बुझिएको छ ।

स्रोतका अनुसार सैन्यविज्ञानमा भारतको हैदरावादबाट एमएस्सी गरेका लिम्बूले सुरक्षासम्बद्ध विभिन्न कोर्सहरू गरिसकेका छन् । लेवनानमा शान्ति सेनामा कार्यरत छँदा १७ दिन भीषण लडाइँ लडेबापत उनी प्रमुख रहेको गणले सेनाबाट सहाना पाएको थियो । प्रधानसेनापतिको सैनिक सहायकका रूपमा दुई वर्ष काम गरिसकेका लिम्बू दुई वर्षदेखि युद्धकार्य निर्देशकका रूपमा कार्यरत छन् । तर, सेनाले एनडिसी कोर्स नगरेको बहानामा लिम्बूलाई छाँटेको सैनिक स्रोतले उल्लेख गरेको छ ।

सेनामा अलिखित रूपमा एनडिसी (नेसनल डिफेन्स कोर्स) नगरेकालाई कर्णेलभन्दा माथिका पदमा छाँट्दै जाने चलन भए पनि यो नियम पटकपटक मिचिएको एकजना कर्णेल बताउँछन् । केही समयअघि यो कोर्स नगरेका दिलीपशमशेर राणा र हालै शरदकुमार न्यौपाने सहायकरथीबाट उपरथीमा बढुवा भएका छन् । त्यसैगरी एनडिसीमा कसलाई पठाउने भन्नेबारे पनि सेनाको उच्च तहको तजबिजी अधिकार प्रयोग हुने गरेको छ ।

लिम्बूको राजीनामापत्रको व्यहोराले गर्दा राजीनामा स्वीकृत गर्न कठिन भएको प्रधानमन्त्री कार्यालय स्रोतले समयलाई जनाएको छ । सामान्यतया: अवकाशका लागि घरायसी कारण देखाउने चलन छ । राजीनामा स्वीकृत नभएको अवस्थामा लिम्बू सैनिक मुख्यालयमा हाजिर हुने गरेका छन् । समयले सम्पर्क गर्दा यसबारे अहिले केही पनि नबोल्ने लिम्बूले बताए ।

# फुटबल दर्शकलाई यामाहा जिफाइभ

काठमाडौं नरदेवी निवासी दिलेन्द्रकुमार श्रेष्ठ सहिद स्मारक एन्फा सानमिगेल लिग-२०६३ को भाग्यमानी दर्शक बन्न सफल भएका छन् । उनले मोरङ अटो वर्क्सले घोषणा गरेको 'प्ले टु विन'अन्तर्गत यामाहाको जिफाइभ मोटरबाइक जितेका छन् ।



दिलेन्द्रले भर्खरै काठमाडौंमा आयोजना भएको राष्ट्रिय फुटबल लिगमा उत्कृष्ट भई ६ विधामा (गोलरक्षक, रक्षक, मध्यपंक्ति, स्ट्राइकर, हाइस्कोरर र प्रशिक्षक) यामाहा जिफाइभ जित्न सफल खेलाडीहरूको सही नाम अनुमान गरेका हुन् । यसका लागि नेपालभरि साठी हजार थान कुपन वितरण गरिएको मोरङ अटो वर्क्सले बताएको छ । 'हाम्रो योजनामा पन्ध्र हजार पाँच सय अठसट्ठी दर्शकले भाग लिए', मोरङ अटोका कर्पोरेट महाप्रबन्धक सुरजविक्रम शाहीले समयलाई जानकारी दिए । यसमा तीन सय ३६ दर्शकले सही अनुमान लगाएको बताइएको छ ।



# दुई वर्ष आर्थिक वृद्धि न्यून हुने

**एसियाली विकास** बैंकले आगामी दुई वर्ष नेपालको आर्थिक वृद्धि न्यून रहने तथ्यांक प्रक्षेपण गरेको छ। एडिबीले प्रत्येक वर्ष सार्वजनिक गर्ने एसियाली मुलुकहरूको आर्थिक प्रतिवेदन 'आउट लुक-२००७' यसै साता सार्वजनिक गर्दै सन् २००७ र २००८ मा नेपालको आर्थिक वृद्धिदर २ दशमलव ८ प्रतिशतमा सीमित रहने विश्लेषण गरेको छ। शान्ति प्रक्रिया सफलतापूर्वक अगाडि बढिरहेको पृष्ठभूमिमा नेपालमा लगानी बढ्ने, विकासका कार्यक्रमले तीव्रता पाउने र रोजगारीका अवसर वृद्धि भई आर्थिक वृद्धिदर उच्च रहने विश्वास गरिएको छ। तर, एडिबीको प्रक्षेपणले राजनीतिक रुपमा गरिएको उक्त आशालाई निरुत्साहित बनाइदिएको छ। नेपालका लागि एडिबीका प्रमुख पाउलो स्पान्तिगातीले राजनीतिक अस्थिरता र संक्रमणकालीन अवस्थाका कारण लगानी मैत्रीपूर्ण वातावरण बन्न नसकेका कारण आर्थिक वृद्धिदर बढ्न सक्ने अवस्था नदेखिएको बताएका छन्। राजनीतिक वातावरण सुधिएर नेपालमा आर्थिक वृद्धिदर उच्च हुने अवस्थामा एडिबीले आफ्नो प्रतिवेदनमा पुनरावलोकन गर्न सक्ने पनि पाउलोले बताएका छन्। नेपालमा बढ्दै गएको श्रम समस्याका कारण लागानी आकर्षित हुन नसक्ने विश्लेषण पनि एडिबीको छ। एसियामा नेपालको आर्थिक वृद्धिदर सबैभन्दा तल रहेको छ। यी वर्ष मुद्रा स्फितिदर ५ दशमलव ४ प्रतिशतभन्दा माथि नजाने उल्लेख गरिएको छ। निर्यात सन् २००७ मा ४ दशमलव ७ र २००८ मा ६ प्रतिशत वृद्धि रहनेछ भने आयात ६ दशमलव ५ र १० प्रतिशतले वृद्धि हुने प्रक्षेपण एडिबीले गरेको छ। एडिबीको प्रतिवेदनले आगामी दुई वर्ष पनि नेपालको आर्थिक विकासमा कुनै उल्लेख्य उपलब्धि नेपालले हासिल गर्न सक्नेछैन भन्ने देखिएको छ। ■

# एचआइभी संक्रमित पनि आन्दोलनमा

**संविधानसभामा समानुपातिक** प्रतिनिधित्व हुनुपर्ने तथा आगामी संविधानमा आफ्ना सवाललाई समेटिनुपर्ने माग गर्दै एचआइभी सम्बद्ध समूहहरूले आन्दोलनको घोषणा गरेका छन्। एचआइभी संक्रमित र प्रभावितहरू, लागूपदार्थ प्रयोगकर्ताहरू, यौनकर्मी महिला तथा पुरुष समलिंगी, प्रभावित बालबालिका तथा आमा समूह र सरोकार राख्नेहरूले गठन गरेको जनसंघर्ष समितिको बैठकले पहिलो चरणको आन्दोलनका कार्यक्रम घोषणा गरेका हुन्।

बैठकले लोकतान्त्रिक राज्य व्यवस्थामा मात्रै आफ्ना माग समेटिन सक्ने निष्कर्ष निकालेको छ। नयाँ राज्य संरचनाको संक्रमणकालमै आफूहरूलाई समेटिनुपर्ने संघर्ष समितिले माग गरेको छ। संविधानसभामा जानुअघि दलहरूले आफ्नो घोषणापत्रमा एचआइभीको सवाल समेट्नुपर्ने तथा संविधानसभामा आफ्नो प्रतिनिधित्वको सुनिश्चितता हुनुपर्ने बैठकले निष्कर्ष निकालेको छ।

चैत १८ गते प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने, २२ र २३ गते मन्त्रालय तथा सरकारी निकायलाई फ्याक्समार्फत नारा पठाएर दबाब दिने तथा साताभरि चेतनामूलक कार्यक्रम गर्ने छन्। देशव्यापी र्‍याली र हस्ताक्षर संकलन गरी प्रधानमन्त्रीलाई बुझाउने र सुनुवाइ नभए दोस्रो चरणको कार्यक्रम घोषणा गरिने छ।

■ **केशव लामिछाने/पोखरा**

# सार्क सचिवालयलाई पुस्तक प्रदान



**सार्क सचिवालयलाई** दक्षिण एसिया फाउन्डेसन (साफ)ले २ सय ५० पुस्तक प्रदान गरेको छ। साफले सहयोग गरेका यी पुस्तक युनेस्कोका सद्भावना राजदूत मदनजित सिंहले उपब्ध गराएका हुन्। क्षेत्रीय अवधारणा र दक्षिण एसियामा शान्तिका लागि सिंहको अगुवाइमा साफ स्थापना भएको हो। गत साता सार्क महासचिव चेन्क्याब दोर्जीलाई साफले पुस्तक हस्तान्तरण गरेको हो।

साफको नेपाल अध्यक्ष डा. रिता थापाले गत साता सार्क सचिवालयमा पुस्तक हस्तान्तरण गरेकी हुन्। पुस्तकहरू सार्क राष्ट्रबाट प्रकाशित विज्ञान, प्रविधि, अर्थतन्त्र, एसियाली मामिला, संस्कृति, शिक्षा, सुरक्षा अवधारणा जस्ता समसामयिक विधाका भएको साफले जनाएको छ।

पुस्तकहरू अनुसन्धाता, विद्यार्थी, नीति निर्माताका लागि काम लाग्ने खाले भएको कुरा सार्कका महाचिव दोर्जीले हस्तान्तरण कार्यक्रममा बताए।

साफ शिक्षाका माध्यमबाट क्षेत्रीय अवधारणा र शान्ति स्थापना गर्न लागी परेको संस्था हो। साफले विभिन्न छात्रवृत्तिमार्फत सार्क क्षेत्रका युवाहरूबीच समन्वय, सहकार्य र रचनात्मक भातृत्वको वातावरण बनाउने प्रयत्न गर्दै आएको छ। ढाकामा सम्पन्न तेह्रौं सार्क सम्मेलनले साफलाई उच्च मूल्यांकन गर्दै मान्यता दिएको थियो।





डडेल्धुराको टिम अस्पतालमा छटपटाउँदै एक रोगी

# अज्ञात रोग कि अज्ञानता ?

**डडेल्धुराको कैलपालमाण्डौं** गाविसमा एक सातायता मात्र अज्ञात रोगबाट पाँचजनाको मृत्यु भएको छ। प्रभावित दर्जनौं विरामीलाई उपचारका लागि जिल्ला बाहिर लगिए पनि रोग छुट्टिन सकेको छैन। जिल्ला अस्पतालमा डाक्टर नभएकाले रोगीहरूको सामान्य उपचारसमेत हुन सकेको छैन।

रोगबाट प्रभावित गाउँहरूमा धनगढीबाट डा. विधाननिधि पौडेलको नेतृत्वमा आएको स्वास्थ्यटोलीले रोगको पहिचान गर्न नसकेको र विमारीको रगत तथा दिशा परीक्षणका लागि काठमाडौं पठाएको जनाएका छन्। पहिचान नभएको उक्त रोग कैलपालमाण्डौंसँग जोडिएको सीमावर्ती डोटी जिल्लाको जिजोडामाडौंमा पनि फैलन थालेको छ। सोही रोगका कारण जिजोडामाडौंमा पनि एक महिलाको मृत्यु भएको छ। घाँटी दुख्ने र शरीर सुन्निएर रोगीको मृत्यु हुन्छ, यो रोगमा। केही स्थानीय बासिन्दाले दुई साताअघि गोली लागेको बँदेल मारेर खाएपछि यो रोग फैलिएको दाबी गरेका छन्। उता सेती अञ्चल अस्पतालले रोगलाई पाइलेक्सको संज्ञा दिएको छ। उपचार गर्न धनगढी पुगेका विरामीको लक्षण हेरी अस्पतालले यो जानकारी दिएको हो।

जिल्ला अस्पतालसँगै क्षेत्रकै प्रमुख मानिने डडेल्धुराको टिम अस्पतालमा समेत डाक्टर नहुँदा रोगको पहिचान र उपचार गर्न अप्ठ्यारो परेको छ।

यसैबीच कैलपालमाण्डौं गाविसकै वडा ६ र ७ को दलित बस्ती दादुराबाट प्रभावित भएको छ। गाउँबाट सयौं बालबालिका दादुराबाट प्रभावित भएको स्थलगत भ्रमणपछि फर्किएका डडेल्धुरा रेडक्रसका अध्यक्ष सुरेन्द्र ऐरले बताएका छन्। रोगको प्रभाव कम गर्न धनगढीबाट डा. महेन्द्र थापाको स्वास्थ्यटोली गाउँमै बसी उपचार गरिरहेको छ। मौसम परिवर्तन हुने यो बेलामा सुदूरपश्चिमका पहाडी जिल्लामा अज्ञात रोगबाट दर्जनौं व्यक्तिको मृत्यु हुने गरेको छ, जसमा ठूलो संख्या महिला र बालबालिकाको छ।

स्वच्छ जीवनशैलीको अभावमा यस्ता रोगहरू फैलने बेला बेलामा भएका घटनाले स्पष्ट पारेका छन्। सफा खानेपानीको अभाव, शौचालय नहुनु र अव्यवस्थित पशुपालनले गर्दा अनेकौं रोगको संक्रमणबाट निर्दोषको मृत्यु हुने गरेको छ, जसलाई स्वास्थ्यकर्मीको अभावमा अज्ञातरोगको संज्ञा दिइन्छ। गत असोजमा पनि डडेल्धुराको बेलापुरमा भएका आठजनको साधारण मृत्युको कारण पनि अज्ञात रोग नै मानिएको थियो।

■ **श्याम भट्ट/डडेल्धुरा** (तस्वीर पनि)






# गुराँस महोत्सव वैशाखमा

**तेह्रथुम, संखुवासभा** र ताप्लेजुङका लेकाली वनपाखा यति बेला गुराँस फुलेर राताम्मे भएका छन्। त्यसमा पनि गुराँसको राजधानी यी तीनै जिल्लाको संगमस्थल तीनजुरे, मिल्के, जलजले (टिएमजे) क्षेत्रको एकै थलोमा फुलेका २८ भन्दा बढी प्रजातिका रंगीबिरंगी गुराँसका फूलले यहाँको प्राकृतिक सौन्दर्य झनै रमणीय भएको छ।

सामुन्ने देखिने कुम्भकर्ण, मकालु, कञ्चनजंघा, जलजला, काङवाचेन हिमालको काखैसम्म फुलेका यी गुराँसको सौन्दर्यमा रमाउन फागुन अन्तिम सातादेखि आन्तरिक तथा बाह्य पर्यटक आउन थालेका छन्। यो क्रम असारको पहिलो सातासम्म रहन्छ। वसन्तपुरबाट माथि लागेपछि सुरु हुने टिएमजे क्षेत्रमा तँछाड मछाड गर्दै फुलेका लालीगुराँससहित गुराँस प्रजातिमा पर्ने करिब तीन दर्जन फूलले यहाँको वनक्षेत्र सुन्दर पारेको छ।

कोशी राजमार्गको धरान वसन्तपुर सडकखण्डमा पाँच घण्टाको बस यात्रापछि पुगिने वसन्तपुरबाट सुरु हुने टुटे देउराली, तीनजुरे, पाँचपोखरी, चौकी, मंगलबारे, श्रीमाने, गुफा, मिल्के भञ्ज्याङलगायतका वनपाखाहरू गुराँसको सौन्दर्यले रमणीय भएका छन्। गुराँस वनलाई पर्यटकीय रूपमा विकास गर्न स्थानीय राष्ट्रिय लालीगुराँस संरक्षण व्यवस्थापन समितिले सहयोग गरिरहेको छ। समितिकै पहलमा यहाँको गुराँस वनको प्रचार-प्रसार गर्न र यो क्षेत्रको विशेषता र जैविक विविधता विश्वसामु चिनाउन वैशाख ९ गते पहिलोपटक लालीगुराँस महोत्सव सुरु हुँदै छ। स्थानीय बासिन्दाको संलग्नतामा संरक्षण सुरु गरिएको यहाँको लालीगुराँस वन जोगाउन स्थानीय बासिन्दाले एउटा नारा ल्याएका छन्, 'काँडेतारले होइन मनको तारले गुराँस वनको संरक्षण गरौं।'

महोत्सव अवधिमा १ लाख ५० हजार आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने लक्ष्य रहेको आयोजक समितिले जनाएको छ। 'हेर्न जाऔं हैं गुराँसको राजधानी तीनजुरे मिल्के जलजले डाँडैमा' भन्ने



नाराका साथ आयोजना गर्न लागिएको महोत्सवकै अवसर पारेर यहाँको टिएमजे गुराँस वनक्षेत्रलाई सरकारीस्तरबाट संरक्षण क्षेत्र घोषणा गर्ने कार्यक्रम रहेको महोत्सव आयोजक समितिले जनाएको छ। कञ्चनजंघा र मकालु वरुण संरक्षित क्षेत्रबीच रहेको यो गुराँसभूमि तीनजुरे, मिल्के, जलजलेसहित आसपासको ८५ हजार हेक्टर भूभाग संरक्षण क्षेत्र घोषणा गरी यो क्षेत्रलाई जैविक मार्गका रूपमा विकास गर्न सकेमा यो चीन र नेपाल जोड्ने प्राकृतिक बाटो हुनसक्छ।

■ **चन्द्र कार्की/वसन्तपुर** (तस्वीर पनि)





**विकासको नाममा सहयोग गर्नेहरूले हाम्रा आचरण र नैतिकतामा असर पुऱ्याउछन् कि भनि सजग, सचेत होऔं।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग



सार्क सम्मेलनमा प्रधानमन्त्रीको उपस्थिति फगत एउटा औपचारिकता हुनेछ



परराष्ट्रमन्त्रीका हैसियतले चौधौं सार्क सम्मेलनमा नेपालको प्रतिनिधित्व ओलीले गर्दैछन्

# मात्र औपचारिकता




■ विशेष संवाददाता/काठमाडौं

**गत वर्ष राजा** ज्ञानेन्द्रको अप्ठ्यारो अनुपस्थितिमा सम्पन्न ढाका शिखर सम्मेलनको छायाँबाट टाढा दिल्लीमा अर्को साता हुन लागेको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)ले खासै उत्साह नजन्माए पनि प्रजातान्त्रिक नेपालले सम्मानित उपस्थिति अपेक्षा गरेको छ। सार्कको पृष्ठभूमिमा तर क्षेत्रीयभन्दा द्विपक्षीय तहमा विशेष सहयोगका लागि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भारतसँग आग्रह गरेका छन्।

'गत वर्ष ढाकामा प्रस्तावित दक्षिण एसियाली विश्वविद्यालय र साफ्टासम्बन्धी सहमतिलाई प्राथमिकताका साथ मूर्तरूप दिइनेछ', दिल्ली प्रस्थानअघि परराष्ट्र विदेश मन्त्रालयको जिम्मा लिएका उपप्रधानमन्त्री खड्ग ओलीले भने। तर यो छलफल सम्भवतः नेपालका लागि अहिले कम महत्त्व तर ज्यादा औपचारिक हैसियत राख्छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला स्वास्थ्यपरीक्षणका लागि दुई दिनअगाडि नै अथवा अप्रिल १ मा दिल्ली पुगेर भारतीय सहयोगबारे आश्वस्त हुन चाहन्छन्। उपलब्धि जे-जस्तो भए पनि पहिलोपल्ट अफगानिस्तान सार्कको नयाँ सदस्यका रूपमा सहभागी हुँदै छ। चीन, अमेरिका, जापान र युरोपेली संघ पर्यवेक्षकका रूपमा उपस्थित हुँदै छन्।

ढाका शिखर सम्मेलनमा राजा ज्ञानेन्द्रकै अगुवाइमा र पाकिस्तानको समर्थनमा चीनलाई सार्कको 'पर्यवेक्षक' हैसियत प्रदान गरिएको थियो। भारतीय राजनीतिलाई नजिकबाट नियाल्नेहरू भारत सबभन्दा बढी राजा ज्ञानेन्द्रसँग चिढिएको घटनाका रुपमा प्रस्तुत गर्छन्। गत वर्ष भारतको औपचारिक भ्रमणमा गएका कोइरालाले भारतको अभूतपूर्व स्वागत र सम्मान पाउनुका पछाडि राजा ज्ञानेन्द्रको शक्तिक्षयप्रतिको खुसी पनि थियो, त्यो दक्षिणको।

सार्कको वर्तमानप्रति असन्तोष र अनिश्चित भविष्यप्रति चिन्ता अक्सर सबै सदस्य राष्ट्रहरूमा देखा परे पनि भारतले रोटेसनमा दोस्रोपल्ट नेतृत्व लिने यो कार्यकाललाई उसले क्षेत्रीय सहयोग अवधारणालाई अन्य क्षेत्रीय सहयोग




**समारोह उस्तै भए पनि सार्क सम्मेलनमा भाग लिने धेरै अनुहारहरू यो पल्ट फेरिनेछन्**

संगठनको तुलनामा लैजाने आश्वासन छिमेकीहरूले पाएका छन् । तर के त्यसले सार्कलाई भारत र पाकिस्तानको शत्रुवत् व्यवहार र युद्ध छायाँबाट मुक्त राख्न सकिएला ? यो प्रश्न जीवित नै छ । 'भारत र उसले छिमेकीसँग अपनाउने नीतिले कहिले सार्कलाई अगाडि बढाउँछ, कहिले पछाडि हटाउँछ', परराष्ट्र मामिलाविद् डा. भेषबहादुर थापाले *समय*लाई भने । सार्कप्रतिको अविश्वास त्यतिमा मात्र सीमित छैन ।

दिल्ली शिखर सम्मेलनपूर्वमा पिपुल्स सार्क (जनसार्क)का नाममा क्षेत्रीय तहमा आयोजित विभिन्न बैठकमा पनि यस्तै आशंकाहरू व्यक्त गरिएका छन् । सार्क दक्षिण एसियाली जनताको संगठन बन्न सक्नुपर्छ । त्यसो भए मात्र यस क्षेत्रका जनताले आफूलाई दक्षिण एसियाली संगठनका सदस्य भएको महसुस गर्नेछन् । 'त्यसका लागि पहिलो सर्त हो, दक्षिण एसियालीस्तरको सक्रिय संसद्को गठन' एक्सन एड इन्टरनेसनलका अन्तर्राष्ट्रिय निर्देशक जोन स्यामुयल भन्छन् ।

भारतले आपसी कानुनी सहयोगलाई सार्क अवधारणाभित्र राखेर एक-अर्का मुलुकमा आवश्यक कानुनी सहयोगको नीति अवलम्बन गर्न सदस्य राष्ट्रहरूसँग आग्रह गरेको छ । यसबारे शीतलनिवासले अहिलेसम्म कुनै स्पष्ट अडान नलिएको र अरू सदस्य राष्ट्रहरूले पनि आफ्नो अडान निधो नगरिसकेको बताएको छ ।

त्यसैगरी सार्क विकास संघ र त्यसअन्तर्गत भौतिक पूर्वाधारहरूको निर्माणसम्बन्धी प्रस्तावले निर्णयको हैसियत पाउन लागेको छ ।

अन्य क्षेत्रीय अवधारणा र संगठनहरू अक्सर स्थापित हुन र तिनीहरूको नतिजा देखिन अन्यत्र पनि दुई दशक लागेको तर्क दिँदै अबका दिन सार्क पनि त्यतिकै सक्रिय तथा उपयोगी बन्ने भारतीय तर्क अगाडि आए पनि दुई दशक पूरा गरी तेस्रो दशकमा प्रवेश गरेको सार्कले चुनौती र आशंकाकै भारी बोकेको छ । त्यस अर्थमा दिल्ली शिखर सम्मेलन अलग होस् भन्ने चाहना भए पनि कसरी ? यसको जवाफ आउन बाँकी नै छ । ■





सुनामी पीडित श्रीलंकाली महिला



महिलाहरूका समस्या सुन्दै अधिकारवादी

# महिला मुद्दाको उठान

**सार्कसम्मेलनको** पूर्वसन्ध्यामा सतहमा आएका विभिन्न मुद्दामध्ये प्रकोपमा महिलाहिंसा पनि प्रमुख रुपमा उठको छ। गत साता काठमाडौंमा समुद्रीतटका श्रीलंका, भारत र मालदिभ्सका २ वर्षअघि इन्डोनेसियाको सुनामीबाट प्रभावित क्षेत्रका महिला भुक्तभोगी र प्रकोपपछि महिलाका लागि सक्रिय अधिकारकर्मीको बैठक बस्यो र सातबुँदे घोषणापत्र जारी गर्‍यो। सार्क सम्मेलनले 'प्राकृतिक प्रकोपमा महिलाहिंसा'का मुद्दाहरू समावेश गरोस् भनेर दबाब दिन आयोजित काठमाडौं बैठकले राहत वितरण, पुनःस्थापनाका नीति निर्माण गर्दा महिलाका बारेमा बेग्लै सोच्नुपर्छ भन्ने अवधारणा अघि सारेको छ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एक्सन एडको सहयोगमा तयार गरिएको काठमाडौं घोषणाको मुख्य उद्देश्य सार्कले प्रकोप नीति निर्माण गर्न र त्यसमा महिलाका मुद्दा समावेश गर्न दबाब दिनु हो। महिलाहरूको समूहले सार्कका महासचिवलाई चार्टर उपलब्ध गराउने अवसर भने पाएनन्। प्राकृतिक प्रकोपमा महिला पुरुषको तुलनामा बढी जोखिममा पर्छन्, तिनका लागि बेग्लै नीति बनाउनुपर्छ भन्ने माग बुँदागत रुपमा अघि सारिएको छ। प्रकोपसम्बन्धी महिलाहरूको घोषणामार्फत प्राकृतिक प्रकोपपछिको अवस्थामा कसरी महिलाहरू पुरुषको तुलनामा बढी जोखिममा पर्छन् र ती समस्या समाधान गर्न कस्ता नीति निर्माण गर्नुपर्छ भन्ने बारेमा सातबुँदे घोषणा जारी गरिएको छ। जसमा सूचनामा पहुँच, खाद्यान्न, सफा खानेपानी, सरसफाइको उचित प्रबन्ध, शिक्षा र स्वास्थ्यको अधिकार, आवास र जग्गाको व्यवस्था, जीवनयापनको समस्या, निर्णयमा अधिकार र महिलाको बचाउ जस्ता विषय समेटिएका छन्।

भारतकी महिला आन्दोलनकर्मी आशा रमेश महिलाहरू प्रकोपबाट पुरुषको दाँजोमा बढी जोखिममा पर्ने गरेको बताउँछिन्। दुई वर्षअघिको सुनामीको अनुभव सुनाउँदै आशाले भनिन्, 'प्रकोपहरूमा भाग्नुपर्दा पनि महिलाहरू पुरुषहरू जस्तो एक्लै दौडन सक्दैनन्। उनीहरूसँग बालबच्चा हुन्छन्, बालबच्चा स्याहार्ने काम पुरुषको हुँदैन।' बालबच्चासहित प्रकोपबाट बच्न भागभाग गर्दा महिलाहरू बढी घाइते हुने, मृत्यु हुने गरेको पनि उनले बताइन्। प्रकोपपछिको सामाजिक सुरक्षा, यौनसुरक्षा, स्वास्थ्यसेवा, खानपान र राहत वितरणमा पनि महिलाका बारेमा बेग्लै सोच्नु पर्ने स्थितिको वकालत गर्छन्, महिलाहरू। यसको उदाहरण दिँदै आशा भन्छिन्, 'महिलाका स्वास्थ्य समस्या बेग्लै हुन्छन्, तर महिला डाक्टर पठाइँदैन। महिलाका स्वास्थ्य समस्याका बारेमा ख्याल पुर्‍याइँदैन। उनीहरूको शरीर संवेदनशील हुन्छ भन्ने कुराको मतलब राखिँदैन। प्रकोपका बेला कतिपय महिला गर्भवती हुन्छन्, तर राहत टोली र सामग्री पठाउँदा यस्ता कुराको ख्याल गरिँदैन।'

'महिलाका लाउने कुरा पुरुषका भन्दा फरक हुन्छन्, त्यो कुरा सोचिँदैन', श्रीलंकाकी किशोरी भन्छिन्, 'सर्ट र हाफपाइन्ट, पाइन्टका प्याकेटहरू आउँछन्, जुन पुरुषका लागि कामलाग्दो हुन्छ तर महिलाका लागि कुनै अर्थ रहँदैन। आशा भन्छिन्, 'राहत पुरुषका लागि त हुन्छ, तर महिलालाई बेग्लै चाहिन्छ भनेर सोचिँदैन। महिलालाई भित्री लुगा पनि चाहिन्छ, राहत सामग्री ल्याउँदा त्यस्ता मसिना कुरामा विचार पुर्‍याइँदैन।' उनले सुझाव दिइन्, 'अब सरकारले महिलाका बारेमा बेग्लै नीति बनाउनुपर्छ, उनीहरू बढी प्रकोपमा पर्छन्, उनीहरूका समस्या पुरुषका भन्दा भिन्न हुन्छन्।'

श्रीलंकाकी सुनामीबाट प्रभावित शालिका अमाली भन्छिन्, 'पाकृतिक प्रकोपले महिला पुरुष छुट्याउँदैन, तर प्रकोपपछि भने महिलाहरू बढी जोखिमा पर्छन्।' आफ्नो भोगाइ सम्झँदै अमालीले भनिन्, 'महिलालाई दिसापिसाब गर्न पनि समस्या हुन्छन्, खानपिन, सुत्न र बस्न पनि समस्या हुन्छन्', प्रकोपबाट विपत्तिमा परेको अवस्थामा यौनदुराचारीहरूको खतरा हुने उनले बताइन्। अमाली भन्छिन्, 'सुनामीले धेरै कुराको अनुभव गराएको छ, अब सरकारले नीति बनाउँदा महिलाका समस्यालाई महत्त्वका साथ ठाउँ दिनुपर्छ।'

मालदिभ्सकी महिला अधिकारकर्मी साफाले प्रकोपपछिको राहत कार्यक्रममा महिलाका बारेमा सरकारले नीति बनाउनुपर्ने सुझाव दिइन्। भारतकी महिलाअधिकारकर्मी वसन्ता गिलवर्ट प्रकोपमा विधवा भएका महिलाको समस्याको चर्चा गर्दै भन्छिन्, 'परिवारको मूली लोग्नेमानिस मानेर राहत सामग्री उपलब्ध गराइन्छ, त्यस्तो बेला विधवा बनेर वेदना भोगिरहेकी महिलाले राहत लिन पनि पाउँदैनन्।' उनले प्रकोपपछिको पुनःस्थापन, जग्गा वितरण, आवास उपलब्ध गराउँदा पनि एकल महिलाले प्रशासनिक जटिलता भोग्नुपरेको बताइन्। आवास र भूमि अधिकारका बारेमा महिलाहरूले जारी गरेको चार्टरमा भनिएको छ, 'विधवा महिला, एकल महिला, अपांग, सामाजिक रुपमा पछौटे समुदायका महिलाहरूप्रति बढी भेदभाव गरिन्छ।' एकल महिलालाई घरजग्गा उपलब्ध गराउँदा प्राथमिकतामा नराख्ने अनुभव पनि महिलाहरू सुनाउँछन्।

महिलाहरूलाई नीति निर्माणमा सहभागी नबनाइने अनुभव पनि सहभागीहरूले सुनाए। चार्टरमा छात्राहरू कसरी स्कुल शिक्षाबाट प्रभावित हुन्छन् भन्ने उदाहरण प्रस्तुत गरिएको छ। श्रीलंकाकी सुनामी प्रभावित शालिकाले सुनाइन्, 'सुनामीपछि शिक्षाको प्रबन्ध थियो, दसजनामध्ये नौजनालाई स्कुल जाने अवसर उपलब्ध थियो, तर शिविरभन्दा टाढा स्कुल भएकाले त्यसको मार छात्राहरूमा पर्‍यो। स्कुल टाढा र यातायातको साधनको मार छात्राहरूमा पर्‍यो, ती महिनापछि स्कुल छोड्नेमा छात्राहरू बढी देखिए।'

प्रकोपहरूमा महिलाहरू बढी जोखिममा पर्छन्, तिनका समस्या बेग्लै हुन्छन्, उनीहरूलाई उपलब्ध गराउने राहत सामग्री फरक हुनुपर्छ भन्ने कुरा सुनामीको अनुभवले देखाएको छ।

■ **विश्वमणि पोखरेल/काठमाडौं** (तस्वीर पनि)

# वैकल्पिक दृष्टिकोणको प्रस्ताव

**जनसार्कले दक्षिण एसियाली मुलुकहरूको विकास, सामाजिक आर्थिक रुपान्तरण सुरक्षा लगायतका २५ बुँदे काठमाडौं घोषणापत्र जारी गरेको छ।**

■ **गोविन्द परियार/काठमाडौं**

**दक्षिण एसियाली सहयोग संगठन** (सार्क)को स्थापना भएको २१ वर्षसम्म पनि उद्देश्यअनुरुप दक्षिण एसियाली मुलुकबीच आर्थिक, सामाजिक विकासमा प्रभावकारी भूमिका खेल्न नसकेको भन्दै आगामी दिनहरूमा सशक्त रुपमा अगाडि बढाउनु पर्ने सुझाव जनसार्कले गरेको छ। पहिलोपटक आगोजना गरिएको जनसार्कले दक्षिण एसियाली मुलुकमा देखिएको विभिन्न समस्या र सम्भावनासहितको २५ बुँदे काठमाडौं घोषणापत्र जारी गरेको छ। जनसार्कमा सहभागी भुटान, बंगलादेश, मालदिभ्स, पाकिस्तान, श्रीलंका, भारत, नेपाल लगायतका प्रतिनिधिहरूले सार्क क्षेत्रमा न्याय, शान्ति र प्रजातन्त्रप्रति सुदृढ गर्नुपर्ने धारणा राख्दै प्रतिबद्धता जनाएका छन्। सार्क क्षेत्रको राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक प्रणालीमा एउटा वैकल्पिक दृष्टिकोणप्रति पनि सहभागीहरूले प्रतिबद्धता व्यक्त गरेका छन्।

जनसार्क सचिवालय सदस्य अर्जुन भट्टराई भन्छन्, 'सार्कले दक्षिण एसियाली जनताको भावना समेट्न नसकेकाले जनसार्कको आयोजना गरिएको हो।' सार्क गठन भएको २१ वर्षसम्म सदस्य राष्ट्रबीच आपसी खिचातानीमा मात्रै सार्क अल्झिएको आरोप जनसार्कका सहभागीहरूले लगाएका थिए। युरोपेली संगठनको अवधारणाअनुरुप युरोपका मुलुकहरूमा भएको सामूहिक विकासको पहल जस्तै सार्कले पनि दक्षिण एसियाली मुलुकको सामाजिक र आर्थिक रुपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्नु पर्नेमा आफ्नै घोषणाहरू समेत लागू गर्न नसकेको आरोप सहभागीहरूले लगाएका थिए। दक्षिण एसियाका मुलुहरूमा सामूहिक विकासको अवधारणा ल्याउनु पर्ने आवश्यकता देखिएको छ। सार्कले यस्ता संवेदनशील विषयमा कुनै पहल नगरेको गुनासो जनसार्कमा सहभागीहरूले गरेका थिए। विश्वका विकसित मुलुकहरूले डब्लुटिओ, आइएमएफ लगायतका सन्धिका नाममा दक्षिण एसियामा भएका प्राकृतिक सम्पदाहरूमा हस्तक्षेप गर्ने अभियान गरेको तर त्यसको सार्क मुकदर्शक मात्र भएकाले पनि जनसार्कको आवश्यकता भएको भट्टराई बताउँछन्। दिल्लीमा सार्क शिखर सम्मेलन सुरु हुनुअगाडि काठमाडौंमा भएको जनसार्कको निष्कर्षले सार्क सम्मेलनलाई ठोस कदम चाल्न सहयोग पुग्ने आयोजकहरूले बताएका छन्। पहिलोपटक नागरिकको पहलमा आयोजना गरिएको जनसार्कलाई अगामी दिनहरूमा निरन्तरता दिने सहमतिसहित जनसार्क सचिवालय समेत गठन गरिएको छ। सार्क राष्ट्का प्रतिनिधि रहेको सचिवालयले सार्कलाई प्रभावकारी बनाउन दबाबको काम गर्ने बताइएको छ।

जनसार्कले दक्षिण एसियाली मुलुकहरूमा प्रवेशाज्ञा प्रणाली हटाएर दक्षिण एसियाली जनताको खुला आवतजावतमा सुनिश्चित गर्न, मानवअधिकार, प्रजातन्त्र र न्यायलाई मजबुत तथा संस्थागत बनाउन, राज्य र यसका संयन्त्रलाई निरस्त्रीकरण र परमाणुविहीन बनाउने, राज्यका समुदायिक सद्भाव प्रवर्द्धन गर्न, धार्मिक, साम्प्रदायिक तथा लैंगिक हिंसाविरुद्ध लड्न र सबै प्रकारका अतिवादलाई प्रतिबन्ध लगाउन सार्कसमक्ष माग गरेको छ। अहिलेको बदलिँदो विश्व परिवेशमा बदलिँदो राजनीतिक पृष्ठभूमि, नवउदारवादमा वृद्धि, सीमान्तीकृति र समावेशीकरणको विश्लेषण गर्दै आर्थिक विश्वव्यापीकरण, असमानता र सामाजिक विभेद उन्मूलनमा सार्कले सामूहिक पहल गर्नु पर्नेमा सहभागीहरूबीच एकमत देखिएको थिए। जनसार्कमा सहभागीहरूले जनतामा आधारित जनतान्त्रिक राज्यप्रणालीलाई समर्थन गर्न, प्रांगारिक र दिगो कृषि विकासका लागि समर्थन गर्न, जैविक विविधता, भूमि, पानी र सार्क क्षेत्रको इकोसिस्टमको संरक्षण गर्न सार्कस्तरीय संयन्त्र निर्माण गर्नुपर्ने बताउँदै यसको कार्यान्वयनको लागि सामूहिक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। सार्क क्षेत्रका एक अर्ब पचास करोड जनतालाई त्रासमा पार्ने आणविक हतियार नष्ट गरेर हतियार प्रतिस्पर्धालाई भारत र पाकिस्तानले तुरुन्त रोक्नु पर्ने निष्कर्ष पनि जनसार्कले निकालेको छ। दक्षिण एसियाली मुलुकको अशान्तिको मुख्य कारण हतियार प्रतिस्पर्धा भएको ठहर गर्दै हतियार र सुरक्षाका नाममा भएका खर्च कटौती गरेर सामाजिक रुपान्तरणमा खर्च गर्न सदस्य राष्ट्हरूलाई सुझाव दिएको छ।

जनसार्कमा विभिन्न मुलुकका २० भन्दा बढी सांसद र मन्त्रीहरूको समेत उपस्थिति रहेको थियो। जनसार्कले दक्षिण एसियाली मुलुकहरूको विकास, सामाजिक आर्थिक रुपान्तरण सुरक्षा लगायतका २५ बुँदे काठमाडौं घोषणापत्र जारी गरेको छ। यो घोषणापत्रलाई आसन्न सार्क शिखर सम्मेलनमा बुझाइने आयोजकहरूले बताएका छन्। उता राजधानीमा भएको जनसार्कको सार्कले भने विरोध जनाएको बुझिएको छ। स्रोतका अनुसार सार्कको नाम अवैधानिक प्रयोग गरेको भन्दै त्यसको बारेमा सार्कमा छलफल भइरहेको छ। सार्क देशका राजनीतिक दलका नेताहरू, नागरिक समाजका प्रतिनिधि, विद्यार्थी संगठनका प्रतिनिधिहरू लगायतका विभिन्न पेसा तथा व्यवसायका प्रतिनिधिहरूको जनसार्कमा सहभागिता थियो। जनसार्कमा सात सयभन्दा बढीको सहभागिता भएको आयोजकहरूले बताएका छन्। सार्कलाई प्रभावकारी र सक्रिय बनाउन जनसार्क आयोजना गरिएकाले आगामी दिनमा पनि सार्क राष्ट्रबीचको सम्भावनालाई मद्देनजर गरेर कार्यक्रमहरू संचालन गर्ने बताएका छन्। सार्कलाई दक्षिण एसियाको विकास र शान्तिको लागि चुस्त बनाउन जनसार्क आयोजना गरिएको आयोजकहरूले बताएका छन्। ■



Don't take risk
with your valuable earning

We are here

Kist Merchant Banking
and Finance Limited

Anamnagar Kathmandu Nepal
P.O.Box:8975 EPC no. 5157 Ph no.4232500
Fax no. 4229588
Email: kistfinance@wlink.com.np,
Website: www.kistfinance.com.np



तस्वीरहरू : भास्वर ओझा

# अपेक्षा धेरै तर परिणाम ?

**नेपालको कूटनीतिक क्षेत्रमा स्थापित डा. भेषबहादुर थापा परराष्ट्र मामलाका योजनाकार, विज्ञ र बाह्य जगत्‌सँग चिनिएका थोरै नेपालीमध्ये एक हुन् । सार्कसम्मेलनको पूर्वसन्ध्यामा सार्कको जन्म, वर्तमान स्थिति र यसको भावीयात्रा र चुनौतीबारे थापाले सटीक विश्लेषण गरेका छन् । सार्क ओत दिन नसक्ने छाता संगठन भएको उनको विचार छ र लामो समयसम्म यसले क्षेत्रीयताको आकार लिन नसक्ने टिप्पणी छ । *संवाददाता विश्वमणि पोखरेल*ले थापासँग गरेको अन्तर्वार्ताको विस्तृत**

**अहिले स्थापनाको दुई दशकमा सार्क कहाँ र कुन अवस्थामा छ ? कता जाँदै छ ? आउँदो सार्कमा अमेरिका, जापान, चीन, कोरिया जस्ता राष्ट्रहरू पनि पर्यवेक्षकको रुपमा सहभागी हुँदै छन् ? गति लिन खोजेको हो, सार्कले ?**

सार्क स्थापनादेखि नै बाहिरी विश्वले चासो देखाएको थियो, अपेक्षा राखेको थियो । भारत र पाकिस्तानबीच तनाव बढ्दै गएर सार्कप्रति विस्तारै चासो कम हुँदै गयो । भारतको बेङ्लोर सम्मेलन सायद सन् १९८३ हो, सार्कका विदेशमन्त्रीहरूको बैठकमा अमेरिकाको दक्षिण एसियाली विदेशमन्त्रीले लन्चमा निमन्त्रणा दिएर क्षेत्रीय आवश्यकताको प्रवर्द्धन गर्ने परिपाटी चलाएका थिए, तर त्यो दुई वर्ष पनि टिकेन । सार्कको भिजन अघि बढ्यो भने दक्षिण एसियाको तनाव कम हुन्छ भन्ने विश्वासमा बाँकी विश्वले यस क्षेत्रसँग सम्बन्ध र समन्वय राम्रो गर्नसक्छ भन्ने धारणा बनाएका थिए, तर त्यसले निरन्तरता पाएन । सातैवटा देशका परराष्ट्रमन्त्रीहरूले अमेरिकी विदेशमन्त्रीसँगको भेटमा क्षेत्रीय अवधारणा नभएर आ-आफ्नो देशको धारणा राखे । त्यस बेला क्षेत्रीय अवधारणाको स्पष्टता थिएन, न मूल मुद्दा नै बन्न सक्यो । अहिले आएर के देखिन्छ भने सार्क राष्ट्रमध्ये भारतले आर्थिक क्षेत्रमा अभूतपूर्व प्रगति गर्दै गएको छ । तर आर्थिक प्रगतिको स्रोत भने क्षेत्रीयस्तरको व्यापार र समन्वय होइन, बाकी विश्वसँग सम्बन्ध, समन्वय र व्यापारिक सम्बन्ध हो । भारत र चीनको बीच जुन व्यापारको लक्ष्य र परिकल्पना छ, त्यस्तै किसिमको परिकल्पना भारत र उसका छिमेकी देशहरूसँग छैन, भए पनि चीनको जस्तो गुणात्मक स्तरको छैन । भारतको प्रगति मध्यपूर्व, अमेरिका, युरोपसँगको बजार र व्यापारसँग सम्बन्धित छ । विश्वको दृष्टिकोण पनि दक्षिण एसियाप्रति बढ्दो छ, तर आकर्षको केन्द्रबिन्दु भारत छ । यो परिस्थितिमा भारतका छिमेकीहरूले आफ्नै भविष्यको परिकल्पना पनि नयाँ सन्दर्भमा गर्नुपर्ने अवस्था आएको छ । खाली, चन्दा, सहयोग र अनुदान लिएर प्रगति गर्न सक्छौं भन्ने धारणाबाट अलगिएर क्षेत्रीय सहयोगलाई नै एउटा आधार बनाएर भारतको मात्र होइन, यो क्षेत्रकै प्रगति गर्न सकिन्छ भन्ने धारणा आउँदो समिटमा पेस गर्नसक्यो भने, सबै सहभागी हुने स्थिति बनायो भने राम्रो हुन्छ । अहिले सार्कमा पर्यवेक्षकको रूपमा अमेरिका, दक्षिण कोरिया जापान, चीन र युरोपेली संगठन सहभागी हुँदै छन् । उनीहरूको सहभागिताको पछाडि भारतले हासिल गरेको प्रगति र आर्थिक क्षेत्रमा विश्वको तेस्रो ठूलो अर्थतन्त्र हुनसक्ने जुन सम्भावना देखाएको छ, त्यो हो । उनीहरू अध्ययन गरेर कसैको पछाडि लाग्छन् । दक्षिण एसियाप्रति उनीहरूको धारणा वा आकर्षण बढेको छ, त्यसबाट फाइदा लिनसक्ने परिस्थिति निर्माण गर्न भारतका छिमेकीहरूले नयाँ अवधारणा र सोचाइ बनाउनुपर्‍यो । भारतबाहेकका देशले बलियो सहभागिताको परिस्थिति बनाउनुपर्छ । यो एउटा अवसर पनि हो । अगुवा भएर अघि बढ्ने कि भारतको पछुवा भएर भारतलाई फाइदा हुँदा थोरबहुत हामीलाई हुन्छ भन्ने सोचमा सीमित रहने । नयाँ सोचाइ बनाएर अघि बढ्ने हो ?

**त्यसका लागि क्षेत्रीय मुद्दाहरू तय हुनुपर्‍यो, त्यो स्थिति छ कि छैन । सार्क देशका आ-आफ्नै समस्यामा छन्, बाह्य विश्व भारतलाई केन्द्रमा राखेर आएको स्थिति र भारत पनि साना देशको अगुवा आफू मात्र हुन्छु भन्ने सोचमा छ ?**

अहिलेको मूल प्रश्न नै यही हो । भारतका छिमेकीहरूमा शान्ति सुरक्षा भएन । मानवअधिकारका दृष्टि र सामाजिक हिसाबले द्वन्द्व बढ्दै गयो भने त्यसको असर ती देशहरूमा मात्र पर्दैन, भारत अनि पूरै क्षेत्रमा असर पार्छ । भारतलाई आफ्नै स्वार्थका लागि पनि क्षेत्रीय अवधारणा अघि बढाउँदा, सबै राष्ट्रलाई सहभागी बनाएर अघि बढ्दा बढी लाभ हुन्छ । अरू राष्ट्र पनि सार्कमा स्वीकार्य सहभागी बन्नुपर्छ । सार्कका सामुन्ने सार्क राष्ट्रका आफ्नै समस्या पनि छन् । नेपाल र बंगलादेश राजनीतिक संक्रमणमा छन् । यी दुवै देशका सरकार कुन संविधानअन्तर्गत संचालित छन्, यिनको वैधानिक हैसियतमा अनिश्चित र अनिर्णायक छ । बंगलादेशमा चुनाव हुन सकेको छैन, नेपालमा पनि अस्थायी र अन्तरिम व्यवस्था छ । पाकिस्तानमा आफ्नै किसिमले राज्य संचालन भइरहेको छ । श्रीलंकामा गृहयुद्ध चर्किएको बेला छ । भुटान र मालदिभ्सको कुरा छोडौं, अफगानिस्तान भर्खरै सार्कमा प्रवेश गर्दै छ । संक्रमणकालीन अवस्थामा रहेका राष्ट्रले कस्तो प्रतिबद्धता जनाउने र तिनले गरेको प्रतिबद्धताको वैधानिकताको के हुने भन्ने भनेर प्रश्न उठ्ने ठाउँ छ । नेपाल राजनीतिक रुपान्तरणको अवस्थामा छ आफ्ना राष्ट्रिय समस्या हल गर्ने र सुल्झाउने सम्झौता, समझदारी, कानुनी र व्यवहारिक पक्षसँग हामी जुधिरहेका छौं । त्यस्तो बेला व्यापक अन्तर्राष्ट्रिय र क्षेत्रीय दृष्टिकोण राखेर राज्यले के प्रतिबद्धता जाहेर गर्ने ? अहिलेको एउटा प्रश्न हो ।

**सार्कको भविष्य कस्तो होला ?**

साना मुलुकमा मात्र होइन, यो क्षेत्रमै स्पष्ट दृष्टिकोणको अभाव छ । भारत र पाकिस्तान दुई देशको सम्बन्धले यसलाई असर पारेको छ भन्ने कुरा त यसको इतिहासले नै देखाउँछ । पाकिस्तानमा सम्पन्न बाह्रौं सम्मेलनमा भाग लिन जाँदा हामी नेपालीहरू मध्यपूर्व हुँदै पाकिस्तान पुगेका थियौं । त्यसबेला पाकिस्तान जान भारतको आकाश खुला थिएन । आगामी बैठकबाट पनि धेरै अपेक्षा गर्न सकिँदैन, खासगरी नेपाल र बंगलादेशको आन्तरिक राजनीतिक स्थितिका कारण । संक्रमणकालीन अवस्था यी देशमा, यस्तो बेलामा हामीले जति ध्यान दिनुपर्ने हो, नयाँ अवधारणा अघि बढाउन सक्नुपर्ने हो, त्यसको अभ्यास नागरिकको तहमा, गैरसरकारी तहमा र सरकारी तहमा कतै भएको छैन । धेरै कमजोरी देखिएका छन् । बाँकी विश्वले जसरी चासो देखाएका छन्, अपेक्षा धेरै छ, परिणाम त्यति राम्रो आउने देखिँदैन ।

**सार्कलाई सम्भावना भएको क्षेत्रीय संगठन मानिएपनि विगतका सार्क सम्मेलनहरूमा क्षेत्रीय अवधारणा खासै गति लिएको देखिँदैन । सार्क राष्ट्रहरू क्षेत्रीय अवधारणामा कुन हदसम्म अघि बढेका छन् ?**

सार्क क्षेत्रीय अवधारणाबाट अघि बढ्दै छ भनेर म भन्न सक्तिनँ । बौद्धिक क्षेत्रबाट जसरी क्षेत्रीयताको

अवधारणा अघि बढाउने प्रयास भएको छ, त्यसअनुसार राष्टहरूले सोच बनाएका छैनन् । क्षेत्रीयताको कुरा गर्नासाथ साँगुरो राष्ट्रिय अवधारणाबाट बाहिर निस्कने संकल्प र परिस्थिति निर्माण हुनुपर्छ । त्यस्तो प्रयास भएको छैन । चाहे खाद्यसुरक्षा भनौं वा आतंकवाद भनौं हाम्रो साझा धारणा बन्न सकेको छैन । आतंकवादविरुद्ध सबै छन्, तर आतंकवादको परिभाषा सबैको अलग अलग छ । क्षेत्रीय अवधारणा निर्माण गर्न राष्ट्रिय तहमा कुनै अभ्यास भएको छैन । सार्क एउटा छाता हो, तर यसले ओत दिन सकेको छैन । ओत दिन नसक्ने छातालाई ओत दिन सक्ने बनाउन प्रतिबद्धता आवश्यक छ । प्रतिबद्धता व्यवहारमा उत्रनुपर्‍यो । सार्कको सफलताको लागि आवश्यक बढ्दो खुला व्यापार, अनियन्त्रित व्यापार, बढ्दो आवतजावत र सम्पर्क हो । यसबाट सामाजिक भातृत्व विकास हुन्छ, कसरी बढीभन्दा बढी खुलापन गर्ने भन्ने हो, तर हामीकहाँ साँगुरो राष्ट्रिय र द्विपक्षीय धारणा छ, त्यसमा अडिग भएर बसेका छौं । भारतमा उदारपनले कति ठाउँ पाउँछ भन्ने छ ।

**क्षेत्रीय खुलापनको अवधारणामा भारत कहाँ छ ?**


नेपालकै उदाहरणबाट हेरौं न । सन् १९९६ मा भएको नेपाल-भारत व्यापार सन्धि र त्यसको ५ वर्षपछि २००१ मा भएको सन्धि । पछिल्लो सन्धि अगाडि बढेको छैन, पछाडि हटेको छ । १९९६ को सन्धिमा जुन खुलापन र उदारता देखाइएको थियो, त्यसले गर्दा नेपालको तराईमा विभिन्न उद्योग खुलेका थिए । त्यसपछि बिहार र उत्तरप्रदेशमा नेपालका उत्पादनले आफ्नो बजारमा प्रभाव पार्‍यो भनेर विरोध भयो । त्यसको परिणाम भारतले नेपाली उत्पादनमा परिणामको बन्देज लगायो । क्षेत्रीय तहका सम्झौताका आधारमा हेर्ने हो भने सन् १९९६ को सन्धिभन्दा उदार र खुला हुँदै जानुपर्ने हो, तर उल्टो ३१ वर्ष पुरानो सन् १९७१ को सन्धिको स्थितिमा पुग्यो । क्षेत्रीय तहमा गएर खुला व्यापारको कुरा गरिन्छ, द्विपक्षीय सन्धिहरू नियन्त्रणमुखी छन् भने यसलाई कुन रुपमा लिने ? सार्कको सबै कुराको जड भारत र भारतको छिमेकीसँगको सम्बन्ध कस्तो छ भन्ने कुरामा अडिएको छ । सम्बन्ध उदारताबाट निर्देशित छ वा यथास्थितिवादले निर्देशित गरेको छ भन्ने कुरा महत्त्वपूर्ण हो । सार्कका सन्दर्भमा क्षेत्रीय अवधारणमा केही प्रगति भएको छ, ज्यादै कम । क्षेत्रीय तहमा भएका घोषणा कार्यान्वयन गर्न त अहिलेको स्थितिमा शताब्दी लाग्छ ।

सार्क आवश्यक क्षेत्रीय अवधारणा हो, यसको प्रगति शिथिल छ, गतिशील हुने लक्षण देखिँदैन । सार्कले प्रतिपादन गरेका सिद्धान्त र नीतिहरू जतिकै उदार भए पनि सार्क मुलुकभित्रको आन्तरिक व्यवस्था र द्विपक्षीय सम्बन्धहरूलाई नियालेर हेर्ने हो भने न व्यापारको क्षेत्र न अरू क्षेत्रमा सार्क अघि बढ्ला भनेर आशा गर्ने ठाउँ छ । यति हुँदाहुँदै पनि यसको उपादेयता छ र रहिरहनेछ ।

**सार्क सम्मेलन भन्नेबित्तिकै नेपालले सम्मेलनका क्रममा भुटानी पक्षसँग शरणार्थी मुद्दाको कुरा उठाउने अवसरका रुपमा लिने गर्थ्यो, यो वर्ष त शरणार्थी मामलामा नयाँ खाले मुद्दा आएका छन् नि ?**

भुटानी शरणार्थीसम्बन्धी हालसालै भएका घटनाले नराम्रो सन्देश दिएको छ । एउटा भुटानका परराष्ट्रमन्त्रीले शरणार्थी आतंकमा लागे हामी फिर्ता लिँदैनौं भने । त्यसको प्रतिकार नेपालबाट भएन । भुटानका तिनै परराष्ट्र मन्त्री हुन्, उनी र मेरो रोहवरमा दुई देशका परराष्ट्र सचिवले खुदुनाबारीका ९ हजार शरणार्थी फिर्ता लाने सम्झौता भएको थियो । त्यो सम्झौता कार्यान्वयन भएन । दोस्रो अमेरिकी विदेशमन्त्री फोरको नेपाल भ्रमणका क्रममा औपचारिक रूपमै शरणार्थीहरू अमेरिका लैजाने कुरा आयो, अन्य देशले पनि लैजाने भनेका छन् । अमेरिका लैजान दिने कुरा जसरी आयो, त्यसबाट के देखियो भने नेपालले अहिलेसम्म अपनाएको आफ्नै नीतिबाट पन्छियो । किन अलग भयो ? समस्या सुरु भएदेखि अपनाएको नीति चटक्क छाडियो, किन ? नेपालीमूलका मानिसलाई जातीय आधारमा भुटानले लखेटेको हो, अमानवीय तरिकाले देशनिकाला गर्‍यो भन्ने सिद्धान्तको आधारमा ती मानिसको जिम्मेवारी भुटानले लिनुपर्छ भन्दै नेपालले काम गर्‍यो, नीति बनायो, सारा विश्वलाई गुहार्‍यौं । तर अहिले अन्यत्र देशमा लैजान सरकारले अनुमति दिने कुरा भएको छ । त्यसको जवाफ नेपाली जनताले पाएका छैनन् । यसबाट 'बूढी मरी भनेर चिन्ता नगर्नु, काल पल्कियो भनेर चिन्ता गर्नु' भन्ने नेपाली उखान त चरितार्थ हुने होइन भन्ने चिन्ता छ । किन नेपालले आफ्नो अडान छोड्यो, भुटानी परराष्ट्रमन्त्रीको आरोपको खण्डन हाम्रो परराष्ट्र मन्त्रालयले किन गर्दैन ? म आफैं अलमलमा परेको छु, अहिले राज्यसञ्चालनमा जो छन्, हिजो भुटानी शरणार्थीसम्बन्धी नीति बनाउने पनि तिनै थिए । किन यस्तो अनुत्तरदायी काम गरियो ? अमेरिकाले पनि भुटानको नीतिको समर्थन गरेजस्तो भयो । ■

**भारतबाहेकका देशले बलियो सहभागिताको परिस्थिति बनाउनुपर्छ । यो एउटा अवसर पनि हो । अगुवा भएर अघि बढ्ने कि भारतको पछुवा भएर भारतलाई फाइदा हुँदा थोरबहुत हामीलाई हुन्छ भन्ने सोचमा सीमित रहने । नयाँ सोचाइ बनाएर अघि बढ्ने हो ?**





निरज सापकोटा

**एमबिबिएस कक्षा सुरु हुनेबारे जानकारी दिन नोबेल मेडिकल कलेजले आयोजना गरेको कार्यक्रम**

# धराशायी हुने बाटोमा ?

**राजनीतिक हस्तक्षेप बढेमा नोवेल मेडिकल कलेजको शैक्षिक, भौतिक र आर्थिक पक्ष धराशायी बन्ने त होइन भन्ने भय सेयर होल्डर, स्थानीय बासिन्दा र शिक्षासेवीहरूमा बढ्न थालेको छ ।**

■ **छत्र कार्की/काठमाडौं**

**संस्थागत विकास** हुन नपाउँदै मुलुकको दोस्रो ठूलो नगर विराटनगरमा स्थापना भएको नोबेल मेडिकल कलेज तथा शिक्षण अस्पताल राजनीतिक हस्तक्षेपको सिकार भएको छ । राजनीतिक हानथापका कारण भौतिक पूर्वाधार तयार भएको डेढ वर्षपछि एमबिबिएस कक्षा चलाउन बल्ल सम्बन्धन पाए पनि समयमै विवादको निरुपण नभए अस्थिरताको राज हुने सम्भावना पनि उत्तिकैरुपमा देखिएको छ । प्राज्ञिक संस्थामा यही गतिले राजनीतिक हस्तक्षेप बढेमा मेडिकल कलेजको शैक्षिक, भौतिक र आर्थिक पक्ष धराशायी बन्ने त होइन भन्ने भय सेयर होल्डर, स्थानीय बासिन्दा र शिक्षासेवीहरूमा बढ्न थालेको छ ।

आफू पर्दा पछाडि बसेर निमित्त पात्रको रुपमा अर्के व्यक्तिलाई उपयोग गरी कलेजमा हस्तक्षेप बढाएको कोइराला परिवारभित्रका शक्तिशाली कांग्रेसनेता डा. शेखर कोइरालामाथि आरोप छ । हुनत डा. कोइरालाको नोबेल विवाद प्रकरणमा कतै पनि वैधानिक उपस्थिति र हैसियत देखिँदैन । आफ्नो समूहको सञ्चालक समितिलाई नोबेलको आधिकारिक भनी दाबी गरिरहेका सुनीलकुमार शर्माले डा. कोइरालाको प्रतिनिधि भएर काम गरिरहेको स्रोतले जनाएको छ । स्रोत भन्छ, 'प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रियपात्र भएकै कारण छोटो समयमै राजनीतिमा स्थापित डा. कोइरालाले अहिले आफ्नो नाममा सेयर जोड्दा प्रश्न उठ्ने डरले गर्दा हुनसक्छ, उक्त विवादबाट पर बसी निमित्त पात्रलाई प्रस्तुत गरेर नोबेलमा आफ्नो प्रभुत्व जमाउने दाउ हेरिरहेका छन् ।'

गत कात्तिकमा मात्र सेयरहोल्डरको रूपमा नोबेल मेडिकल कलेजमा प्रवेश गरेका शर्माले यसअवधिमा डा. कोइरालाको डिजाइनअनुसार पहिलेका सञ्चालकहरूलाई हटाएर आफ्नो वर्चस्व स्थापित गर्न भरमग्दुर प्रयास गरेको स्रोतले बताउँछ । शर्माको पहलमा गत पुस ३० गते सेयरहोल्डरको साधारणसभा बोलाएर पुरानो समिति विघटन गरी नयाँ सञ्चालक समितिसमेत बनाइसकेका छन्, जुन साधारणसभाको वैधानिकताबारे अहिले पुनरावेदन अदालत पाटनमा मुद्दा चलिरहेको छ । शर्मा समूहले डाकेको उक्त साधारणसभाले स्थापनाकालदेखिका ४४ प्रतिशत सेयरका अंशियारहरू नवराज पाण्डे, रविन दाहाल, आदित्यकुमार खनाल र उमेश पाण्डेलाई आर्थिक अनियमितता गरेको आरोपमा सञ्चालक समितिको सदस्यबाट हटाएको जनाएको छ । उक्त साधारणसभाको आयोजना प्रक्रिया त्रुटिपूर्णमात्र होइन औचित्यहीन भएको संस्थापन पक्षको भनाइ छ । तर, शर्मा प्रश्न गर्छन्, 'छपन्न प्रतिशत सदस्यहरू उपस्थित रहेको साधारणसभाले गरेको निर्णय कसरी अवैधानिक हुन्छ ?'

शर्माको पक्षमा सञ्चालक समिति सदस्यद्वय एक प्रतिशत सेयर रहेका कोइराला र एक दशमलव ५ प्रतिशत शेयर रहेका रामकृष्ण भट्टराई पनि रहेका छन् । असोज १८ पछि राजाको शासनकालमा सूर्यबहादुर थापा प्रधानमन्त्री हुँदा तत्कालीन शिक्षामन्त्री हरिबहादुर बस्नेतबाट सम्बन्धन प्रक्रिया मिलाउँछु भनेर भट्टराईले उक्त सेयर लिएको संस्थापन पक्षको दाबी छ ।

२०६१ साल मंसिर ५ गते बसेको साधारणसभाबाट चार वर्षका लागि नोबेल मेडिकल कलेजको सञ्चालक समिति गठन गरिएको थियो, जुन अवधि पूरा हुन अझै २ वर्षजति बाँकी रहेको छ । पुस ३० गतेको साधारणसभा नगर्नु भनी पुनरावेदन अदालत विराटनगरले आदेश जारी गरेको थियो भने कम्पनी रजिस्ट्रार कार्यालयले पनि पुस २८ गते साधारणसभा नगर्नु भनी पत्र पठाएको थियो । तर, यसलाई अवज्ञा गर्दै शर्माको समूहले साधारणसभा गरी बनाइएको नयाँ सञ्चालक समितिमा अध्यक्षमा डा. ज्ञानेन्द्र गिरिलाई यथावत् राखी सञ्चालक समितिमा नयाँ सदस्यहरू थपिएको थियो । कानुनी हैसियतबिना केही सेयरहोल्डर जम्मा गरेर नयाँ समिति बनाउनुको कुनै तुक नभएको विचार डा. गिरिको रहेको छ । अहिलेसम्म पनि कम्पनी रजिस्ट्रार कार्यालय र बैंकले पहिलेकै सञ्चालक समितिलाई वैधानिकता दिइरहेको संस्थापन पक्षले जनाएको छ ।

विराटनगरमा नोबेल मेडिकल कलेज खुल्दै छ रे भन्ने कुरा सार्वजनिक हुनासाथ त्यसको पछाडि कोइराला परिवार लागेको बताउनेहरू धेरै छन् । अध्यक्ष डा. गिरि भन्छन्, 'नोबेल मेडिकल कलेजको विवादको सुरुवात अहिलेको मात्र होइन, नोबेल मेडिकल कलेजको जग खन्न सुरु गरेदेखि हस्तक्षेपको तानाबाना बुन्न सुरु गरिएको थियो, सुनीलकुमार शर्मालाई त निमित्त पात्र मात्र बनाइएको हो ।' त्यसो त नोबेल मेडिकल कलेजले भौतिक संरचना तयार गरिसकेपछि सम्बन्धनको लागि पूर्वाञ्चल विश्वविद्यालयमा आवेदन दिएपछि पनि लामो समयसम्म प्रक्रिया अघि बढाइएको थिएन । विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति रहेका बेला शेखर कोइराला नोबेललाई असफल पारेर आफ्नो प्रभाव विस्तार गर्ने भन्ने दाउमा लागिपरेको बताइन्छ । स्रोत भन्छ, 'आफ्नो क्षेत्रमा मेडिकल कलेज खुल्दा राजनीतिक भविष्यसमेत प्रभावित हुने ठानेर शेखर नोबेलमा आधिपत्य जमाउने दाउमा लागेका हुन् ।'

भौतिक संरचना बनाइसकेर कलेज सम्बन्धनको लागि पूर्वाञ्चल विश्वविद्यालयमा आवेदन दिँदा अस्थायी स्वीकृति पत्रसमेत दिइएको थिएन । डा. शेखरका दाहिने हात भनेर चिनिएका तत्कालीन पूर्वाञ्चल विश्वविद्यालयका रजिस्ट्रार भोगेन्द्र आचार्यले 'लेटर अफ इन्टेन्ट' समेत दिन कन्जुस्याइँ गरेका थिए । तर, दबाबका बाबजुद पनि पूर्वाञ्चल विश्वविद्यालयका पूर्व उपकुलपति जगत केसीले मिति २०६२ साल असार १५ गते नोबेल मेडिकल कलेजलाई 'लेटर अफ इन्टेन्ट' दिएका थिए, जसमा पूर्वाधार तयार भएपछि एमबिबिएस कक्षा सञ्चालन गर्न स्वीकृति दिन सकिने व्यहोरा उल्लेख गरिएको थियो ।

पूर्वाञ्चल विश्वविद्यालयले पनि त्यसबेला आफ्नै मेडिकल कलेज सञ्चालन गर्न पूर्वाधार तयार गर्ने क्रममा थियो । आफ्नो मेडिकल कलेज सञ्चालन भएपछि मात्र एमबिबिएस कक्षा चलाउन नोबेललाई स्वीकृति दिने विश्वविद्यालयले मौखिक जानकारी गराएको थियो । तर, राजनीतिक हानथापले गर्दा पूर्वाञ्चल विश्वविद्यालयको मेडिकल कलेज स्थापना गर्ने योजना पूरा नहुँदा नोबेलको सम्बन्धन त्यतिकै अड्कियो । झन् जनआन्दोलन-२ पछि पूर्वाञ्चल विश्वविद्यालय पदाधिकारीविहीन भएपछि पूर्वाञ्चलबाट तत्काल सम्बन्धन पाउने सम्भवना टाढिँदै गयो ।

बैंक ऋणबाट अस्पताल लगायत कलेजका अरू भौतिक पूर्वाधारको बनाइएकाले छिटोभन्दा छिटो एमबिबिएस कक्षा सञ्चालन गर्नु अत्यावश्यक भइसकेको थियो । सम्बन्धनको चक्करमा हिँड्दा हिँड्दै करिब डेढ वर्ष त्यत्तिकै नष्ट भएकाले अर्को विकल्प खोज्नुपर्ने आवश्यकता पनि थियो । राजनीतिक पहुँचबाट सम्बन्धनमा फाइदा पुग्ने आशामा डा. शेखरसँगको निकटतालाई सञ्चालक तथा सेयरहोल्डरहरूले सकारात्मक रुपमा लिएका थिए । त्यही मौकाको सदुपयोग गर्दै डा. शेखर पक्षको प्रतिनिधित्व गर्दै सुनीलकुमार शर्मा सेयरहोल्डरको रुपमा प्रवेश गरेका थिए, जसको नाममा अहिले साढे २७ प्रतिशत सेयर रहेको छ ।

नोबेल मेडिकल कलेज विवाद प्रकरण माओवादीको उच्च तहसम्म पनि पुगेको छ । शर्माले नोबेलमा आफ्नो वर्चस्व कायम राख्न डा. शेखरमार्फत कांग्रेस र माओवादीलाई समेत उपयोग गरेको आरोप छ । माओवादीका केन्द्रीय तहका नेतासमेत शर्माको पछि लागेर नोबेल मेडिकल कलेजको व्यवस्थापन पक्षविरुद्ध खरो रूपमा लागेको स्रोतको दाबी छ । बाह्रवर्षे जनयुद्धपछि शान्तिपूर्ण राजनीतिमा आएको माओवादी यस्ता मुद्दामा फस्दा उसको राजनीतिक भविष्य अप्ठ्यारोमा पर्न सक्ने विश्लेषकहरू बताउँछन् ।

नोबेल विवाद प्रकरणमा अप्रत्यक्ष रुपमा माओवादी पनि मुछिएपछि नोबेल सञ्चालक समितिका सदस्यहरूले माओवादी अध्यक्ष प्रचण्ड र बाबुरामलाई फागुन अन्तिम साता राजधानीको नयाँबजारमा भेटेर नोबेल कलेजमा जारी विवादबारे जानकारी दिएका थिए । यसअघि उनीहरूले उक्त विवादबारे माओवादी नेता बादललाई पनि जानकारी दिएको जनाएका छन् । भेटघाटका क्रममा मओवादी अध्यक्ष प्रचण्ड र नेता बाबुरामले आफ्नो तर्फबाट त्यस्ता प्रवृत्तिलाई रोक्ने बताएको सहभागीले जनाएका छन् । 'शैक्षिक संस्थालाई हस्तक्षेप गर्ने नीति हाम्रो होइन, यदि कसैले गर्छ भने त्यो फट्याइँ हो', प्रचण्ड र बाबुरामको भनाइ उद्धृत गर्दै भेटमा सहभागी सदस्यले बताए ।

नोबेल मेडिकल कलेजमा ४६ जना सेयर सदस्य रहेका छन्, उनीहरूको कम्तीमा एक लाखदेखि ३० लाख रुपैयाँसम्म सेयर रहेको छ । पहिलेका सञ्चालकहरूले व्यक्तिगत जमानीमा नेपाल बैंक लिमिटेड, बैंक अफ काठमाडौं, माछापुच्छ्रे, लुम्बिनी र सिद्धार्थ बैंकबाट ३० करोड रुपैयाँ कर्जा स्वीकृत भइसकेको छ । करिब २० बिघा जग्गामा बनेको ३ लाख वर्ग फिटको भवनमा ३ शय्याको अस्पताल बनिसकेको छ । नोबेल मेडिकल कलेजको जारी विवादले सकारात्मक सन्देश नदिने भएकाले व्यक्तिगतभन्दा संस्थागत हितलाई ख्याल गरेर सहमतिको बाटो पहिल्याउनुपर्छ भन्ने सेयरहोल्डरको संख्या पनि थोरै छ । उनीहरूको भनाइ छ, 'यही क्रममा हानथाप चल्ने हो भने नोबेल मेडिकल कलेज गार्मेन्ट कारखानामा परिणत हुन बेर छैन ।'

नोबेल मेडिकलको जारी विवाद अहिले सार्वजनिक सरोकारको विषय बनिसकेको छ । यो प्रकरण अब सञ्चालक समितिमा मात्र सीमित नरही मुलुकका शिक्षण संस्थाको समेत ध्यान खिचेको छ । नोबेल मेडिकल कलेजको संस्थापन पक्षले मार्च ३० तारिखदेखि एमबिबिएस कक्षा चलाउने निर्णय गरिसकेको छ भने रमेश कोइराला, रामकृष्ण भट्टराई, सुनीलकुमार शर्मा, खगेन्द्र न्यौपाने र डा. राजेश नेपालको नामबाट जारी विज्ञप्तिमा भर्नालगायत कुनै पनि आर्थिक कारोबार नगर्न भनिएको छ । नोबेल मेडिकल कलेजका कार्यकारी अध्यक्ष डा. ज्ञानेन्द्र गिरि सकारात्मक सोचले थालिएको कामलाई बिथोल्न षड्यन्त्रका अनेक तानाबाना बुनिएको बताउँछन् । उनी भन्छन्, 'कलेजको शैक्षिक वातावरण धमिल्याउन अनेक खालका भ्रामक प्रचारबाजी गरिएका छन्, जुन सत्य होइनन् ।'

## हस्तक्षेपको विरोधमा

**राजनीतिक हस्तक्षेपका** कारण नोबेल मेडिकल कलेजमा उत्पन्न असहज परिस्थितिप्रति चिन्ता व्यक्त गर्दै राजधानीका विभिन्न शैक्षिक संस्थाका प्रतिनिधिहरूले नोबेल मेडिकल कलेज सुझाव समिति गठन गरेका छन् । डा. नवीन शर्मा संयोजक र टंक आचार्य (कोलम्बस कलेज) सचिव रहेको उक्त समितिका सदस्यहरूमा युवराज शर्मा (हिमालय ह्वाइटहाउस), हरि लामिछाने (क्यापिटल), कपिलदेव रेग्मी (काठमाडौं डनबस्को), तीर्थ पोखरेल (क्यास्पियन भ्याली), विक्रमराज गिरि (सिट कलेज), लोकबहादुर भण्डारी (जेभियर इन्टरनेसनल कलेज), नरेन्द्र अधिकारी (न्यु मिलेनियम) र चेतन विष्ट (निस्ट) छन् ।

नोबेल मेडिकल कलेजको प्राज्ञिक उन्नयनको लागि कानुनी र आर्थिक पक्षमा समेत परामर्श दिने उद्देश्यले उक्त समिति गठन गरिएको सचिव टंक आचार्य बताउँछन् । उनी भन्छन्, 'राजनीतिक आडमा शैक्षिक संस्थामाथि हस्तक्षेप हुनु सुहाउने कुरा होइन, हामी शैक्षिक संस्थामा हुने जुनसुकै खालका हस्तक्षेपको विरोधमा छौं ।' नोबेल मेडिकलको अहिले जारी रहेको विरोधको न्यायिक र सामाजिक समाधान खोजिनुपर्ने समितिले जनाएको छ । नोबेलले एमबिबिएस तहको कक्षा सुरु गर्न लागेकोमा त्यसका लागि पनि आवश्यक सहयोग गर्ने समितिले जनाएको छ ।



अपहरणका घटनाहरू बढ्दै गए पनि कानुनको अभावले अपराधीहरूलाई हतकडी लगाउन सकिएको छैन

**कानुनी अभाव, वैदेशिक रोजगारीका नाममा बढ्दो ठगी र अपराधको व्यवसायीकरणजस्ता कारणले राजधानीमा अपहरणका घटना बढ्दै गएका छन् । गत साता मात्र राजधानीबाट बाह्रजनाको अपहरण भयो र यो अझै बढ्दो क्रममा छ ।**

# लाग्दैन हतकडी

■ **गोविन्द परियार/काठमाडौं**

**एक सातादेखि** अपहरणको गतिविधि फेरि बढ्न थालेको छ । गत साता मात्र राजधानीमा बाह्रजनाको अपहरण भएको प्रहरीले बताएको छ । राजधानीका विभिन्न ठाउँबाट गरिएको अपहरणमा लाखौं रुपैयाँ फिरौती माग गरेको र त्यसको इन्कार गरेमा ज्यान लिने धम्कीसम्म अपहरणकारीहरूले दिएका छन् । प्रहरीले भने अपहरणकारीलाई समात्न पीडित परिवारले प्रशासनलाई सहयोग नगरेको बताएको छ । पीडित परिवारले प्रहरी प्रशासनलाई सहयोग गर्ने हो भने राजधानीमा अपहरणमा सक्रिय रहेको सानो समूहलाई पक्राउ गर्न सकिने प्रहरीले बताएको छ ।

प्रहरीका अनुसार चैत १० गते बेलुका सामाखुसीबाट आशिष पाण्डेलाई चित्रबहादुर पुन, देव गुरुङ, गोपाल तामाङ सहितको टोलीले अपहरण गरेको थियो । अपहरणपछि टोखा पुऱ्याइएका पाण्डेलाई स्थानीयवासीको सहयोगमा प्रहरीले मुक्त गरेको बताएको छ । त्यसैगरी महानगरीय प्रहरी आयुक्तको कार्यालयमा कार्यरत प्रहरी निरीक्षक खिलबहादुर केसीका छोरा सुवर्ण केसीको चैत ९ गते अपहरण भएको थियो । उनी अपहरणको दुई दिनपछि भाग्न सफल भएको प्रहरीले बताएको छ । भिएस निकेतन स्कुलमा अध्ययनरत केसीलाई स्कुल जाने क्रममा कोटेश्वरबाट अपहरण गरिएको थियो । त्यसैगरी कास्की न्युरोड घर भई काठमाडौं घुम्न आएका रमेशकुमार गुरुङलाई अपहरणकारीले चैत ८ गते कालिमाटीबाट अपहरण गरेका थिए, तर उनी भने ट्याक्सीमा लैजाँदै गर्दा विशालनगरबाट फुत्कन सफल भएका थिए । उनलाई भगवान भुजेल सहितको पाँचजनाको समूहले अपहरण गरेको प्रहरीले बताएको छ । भगवान भुजेलसहित तीनजनालाई प्रहरीले पक्राउ गरी कारबाही अगाडि बढाएको छ । प्रहरीका अनुसार अपहृत गुरुङसँग अपहरणकारीले ५ लाख रुपैयाँ फिरौती मागेका थिए ।

प्रहरीका अनुसार गत साता राजधानीमा मात्र बाह्रवटा अपहरणका घटना भएका छन् । महानगरीय अपराध अनुसन्धान महाशाखा हनुमानढोकाका प्रमुख एसपी केशव अधिकारी भन्छन्, 'विगतका वर्षको तुलनामा यस वर्ष अपहरणको मात्रा बढेको भए पनि अधिकांश अपहरणका घटनामा प्रहरीलाई पीडित परिवारले जानकारी नदिने र प्रहरीले चासो राख्दा पनि सहयोग नगर्ने गरेकाले अपहरणको मात्रा बढेको छ ।'

भारतसँग सीमा जोडिएका क्षेत्रमा अपहरणका घटना हुने गरे पनि केही वर्षअघिसम्म फिरौतीको लागि राजधानीमा अपहरणका घटना कम मात्रामा हुने गरेका थिए । विगत केही वर्षदेखि छिटपुट हुने गरेका अपहरणका घटनाहरू यस वर्ष भने बढेको प्रहरीले बताएको छ । विज्ञहरूको अपहरणसम्बन्धी कानुनी व्यवस्था नभएका कारण अपराधीहरूले सुरक्षित ठानेर राजधानी लगायतका मुलुकका अन्य क्षेत्रमा पनि अपहरणका घटनामा बढेका छन् । राजधानीमा हुने अपहरण बढी मात्रामा फिरौती मागको लागि, पैसा असुलउपर गर्न, वैदेशिक रोजगारीको पीडितहरू र व्यक्तिगत रिसइबी हुने गरेको प्रहरीले बताएको छ । अपहरणकारीले आधुनिक हतियार अपहरणमा प्रयोग गर्ने गरेका छन् । अपहरणपछि फिरौतीको लागि एक लाखदेखि एक करोडसम्म रकम माग गर्ने गरेको प्रहरीले बताएको छ ।

राजधानीमा बढेको अपहरणमा फिरौतीको मारमा सामान्य व्यापारीहरू समेत पर्ने गरेका छन् । कतिपय अपहरणमा माओवादीको समेत प्रत्यक्ष संलग्नता रहेको प्रहरीले बताएको छ । स्रोतका अनुसार माओवादीले समेत अपहरण गरेर व्यापारी तथा अन्य पेसाकर्मीहरूसँग फिरौती माग्ने गरेका छन् । गत मंसिरमा ललितपुरको भैंसेपाटीमा फर्निचर व्यवसाय गर्दै आएका गोपी खड्कालाई अपहरणकारीले अपहरण गरेर परिवारसँग फिरौती मागेका थिए । त्यसको जानकारी ललितपुर प्रहरीमा आएपछि प्रहरीले अपहरणमा परेका परिवारको सहयोगमा उनीहरूलाई पक्राउ गर्ने प्रयास गऱ्यो । अपहरणकारीले मागेको फिरौती रकम दिने बताउँदै परिवारसँगै प्रहरीको पनि सहकार्यमा फिरौती रकम दिने ठाउँ निश्चित गरियो । तर अपहरणमा परेका पीडित परिवारले नै प्रहरीलाई पछि सहयोग नगर्ने भन्दै फिरौती दिने स्थान गोप्य राखे । त्यसको केही दिनपछि फिरौती रकम बुझाएर अपहृतलाई उनका परिवारले मुक्त गरे । त्यसलगत्तै प्रहरीले अपहरणकारीलाई पक्राउ त गऱ्यो, तर अपहृत परिवारले सहयोग नगरेकाले गर्दा अपहरणकारीहरू मुद्दा चलाउने आधार प्रहरीसँग भएन । उनीहरूमाथि सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाइयो, तर प्रमाण नभएको कारण सामान्य धरौटी रकम तिरेर रिहा भए । यो घटनाले नेपालमा उपहरणको प्रकृति जटिल हुँदै गएको देखाएको छ । प्रहरीलाई सूचना दिँदा अपहृतलाई शारीरिक यातना दिने डर र अपहरणकारीले प्रहरीलाई जानकारी गराएमा ज्यान लिने धम्की बारम्बार दिने गरेकाले अपहरणका घटनामा प्रहरीलाई जानकारी गराउन पीडित परिवारले नमान्ने गरेको प्रहरीले बताएको छ ।

त्यसो त फिरौतीको लागि अपहरणमा सक्रिय गिरोहहरू व्यवसायिक रुपमा सक्रिय हुन थालेको प्रहरीले बताएको छ । अपहरण गरेर फिरौती माग गर्नेदेखि अन्य गतिविधिको लागि समेत अपहृत व्यक्तिकै मोवाइल फोनहरू प्रयोग गर्ने गरेको प्रहरीले बताएको छ । उता केही अपहरणको घटनामा प्रहरीको सहयोगमा सकुशल रिहा समेत गरिएको छ । गत माघमा मैतिदेवीबाट ईश्वरी घिमिरे र

रामचन्द्र गिरीले अपहरण गरेका होमनाथ लुइँटेलको अपहरणपछि परिवारले प्रहरीलाई जानकारी गराएको कारण केही दिनमै फिरौती तिरेको चार लाख रकम सहित मुक्त गरिएको थियो । त्यस्तै चिकित्सक दीपक कौशलका छोरा हरमान कौशलको अपहरणमा पीडित परिवारले सहयोग गरेको कारण प्रहरीले फिरौती रकम दिनुअघि नै मुक्त गरेको बताएको छ । एसपी अधिकारी भन्छन्, 'प्रहरीलाई सूचना दिएर उजुरी परेमा अपहृत व्यक्तिलाई सजिलै रिहा गर्न सकिन्छ, तर सूचना नै नदिने कारण हामीलाई अनुसन्धान गर्न कठिनाइ भएको छ ।' अपहरणमा मात्रात्मकरुपमा सबैभन्दा बढी भने वैदेशिक रोजगारीमा ठगी गरेकाहरूलाई पैसा असुल गर्ने उद्देश्यले अपहरण हुने गरेको प्रहरीले बताएको छ । श्रम इजाजत पाएका र नपाएका दुवै देशमा रोजगारीको लागि पठाइदिने बहानामा रकम उठाएर वर्षौंसम्म विचल्लीमा परेकाहरूले विभिन्न समूहको सहयोग लिएर अपहरण गर्ने गरेका छन् । वर्षौंदेखि डुबेको पैसा असुल गर्नको लागि राजधानीका नामुद 'दादा'हरू प्रयोग हुने गरेका छन् । प्रहरीका अनुसार मिलन चक्रेको समूह पैसा उठाउने र त्यसबाट निश्चित प्रतिशत कमिसन लिने कार्यमा सक्रिय छ । अदालतको न्यायप्रणालीमा हुने ढिलासुस्तीका कारण पीडितहरू दादाहरूको सहयोगमा रकम असुल्नुलाई सहज मान्ने गरेका छन् । नेपालको न्यायप्रणालीको ढिलासुस्तीका कारण अदालतबाट समयमा न्याय पाउन सक्दैनन् ।

## कानुनको अभाव

अपहरणकारीलाई कारबाही गर्नको लागि कानुनको अभाव छ । बढ्दो आधुनिकतासँगै बढ्दै गएको राजधानीको अपराधको शैलीमा परिवर्तन भएर फिल्मी शैलीमा अपहरण हुने गरे पनि सरकारले दशकौं पुरानो कानुन संशोधन नगर्दा नयाँ अपराधका घटनामा कानुनको अभाव देखिएको छ । अधिवक्ता टीकाराम भट्टराई भन्छन्, 'नेपालको कानुनले अपहरणसम्बन्धी कुनै पनि ऐनको व्यवस्था गरेको छैन । त्यसैले प्रहरीले अपहरणकारीलाई मुद्दा चलाए पनि अदालतले सफाइ दिने गरेको छ ।' अपहरणसम्बन्धी कानुनी व्यवस्था नभएका कारण अपहरणकारीलाई दण्डित गर्न नसकिएको प्रहरीले बताएको छ । मुलुकी ऐन जीउ मास्ने/बेच्नेसम्बन्धी महललाई टेकेर अपहरणकारीलाई मुद्दा चलाउने गरिए पनि त्यसबाट उनीहरू सजिलै सामान्य रकममा धरौटीमा रिहा हुन सक्छन् । मुलुकी ऐनले १६ वर्षभन्दा कम उमेरका व्यक्तिलाई उनीहरूको परिवारको स्वीकृतिविना कसैले अन्य ठाउँमा विनाजानकारी लिएर गएमा अपहरण गरिएको मानिने व्यवस्था गरिएको छ । तर १६ वर्षभन्दा माथिको उमेरको हकमा भने यो ऐनमार्फत मुद्दा चलाउन सकिँदैन । अपहरणकारीलाई ऐनको अभावमा सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाउने गरिए पनि प्रमाण नहुने भएकाले सामान्य धरौटी रकम तिरेर सजिलै मुक्त हुन्छन् । आधुनिकतासँगै बढ्दै गएको अपराधका स्वरूपअनुरूप राज्यका ऐन कानुनहरू परिवर्तन नभएको गुनासो कानुनविद्हरूको छ ।

राज्यका ऐन कानुन समयअनुकूल परिवर्तन नगरिएका कारण कतिपय जटिल मुद्दाहरूमा समेत पीडितले सहज न्याय पाउन सकेका छैनन् । प्रहरीले अपहरणकारीलाई ज्यान बेच्ने/मास्ने महलअन्तर्गत मुद्दा चलाउने गरे पनि अदालतले अपहरणकारीलाई ज्यान बेच्ने/मास्ने ठहर नगर्ने हुँदा अपराधीहरूले अदालतबाट सफाइ पाउने गरेका छन् । अधिवक्ता भट्टराई भन्छन्, 'अपहरणमा अदालतमा परेको मुद्दामा कुनै पनि मुद्दा ठहर भएको छैन ।'

नेपाल सरकारले मुलुकको नयाँ राजनीतिक परिस्थितिलाई मद्देनजर गरेर 'नेपालको देवानी संहिता'को तयारी गरेको छ । यो संहितामा भने अपहरण लगायतका कानुनी व्यवस्था नभएका मुद्दाहरूको थप कानुनी व्यवस्था गरिएको बताइएको छ । कानुनी अभावमा राजधानीमा अपहरण फस्टाउँदै गएको ठहर प्रहरी प्रशासनको छ । बालक विवेक शर्मा लुइँटेलको अपहरणमा पनि प्रहरीले ज्यान मास्ने/बेच्ने महलअन्तर्गत मुद्दा दायर गरेको थियो । तर पछि लास भेटिएपछि ज्यान मुद्दा दायर गरिएको थियो । राज्यका विद्यमान कानुनहरू समेत चुस्तरुपमा कार्यान्वयन नभएर अपराधीहरू खुलेआम सक्रिय रहेको अवस्थामा अपहरणकारीहरू भने कानुनी व्यवस्था नभएकाले सजिलै अपराधबाट छुट्कारा पाउने गरेका छन् । न्यायसेवामा देखिएको विकृतिसँगै आवश्यक कानुनको अभावमा सर्वसाधारण जनता पीडित हुँदै गएका विज्ञहरू बताउँछन् । ■




गौर घटनापछि पहिलोपटक माओवादीले मुलुकको गृहप्रशासनमाथि औंलो उठाएको छ।

# फोरम अब शिथिल



गौर घटनामा मारिएका माओवादीहरूको शव

■ विश्वमणि पोखरेल/काठमाडौं

**गौर नरसंहारपछि** अढाई महिनादेखि मधेसी जनाधिकार फोरमको नाममा मधेसमा उठेको आन्दोलन शिथिल बनेको छ। फोरमको आन्दोलनप्रति सहानुभूति राख्ने कतिपय संगठन र मधेसी नेताहरू यसबाट टाढिन थालेका छन्। आठ राजनीतिक दलले अन्तरिम संविधान संशोधन गरेर मधेसका प्रमुख राजनीतिक मागहरू पूरा गरिसकेको स्थितिमा पनि गृहमन्त्री कृष्णप्रसाद सिटौलाको राजीनामालाई प्रमुख माग बनाएर उत्रिएको फोरमले गौरमा माओवादीको ज्यादतीपूर्ण र अमानवीय हत्या गरेपछि मधेसमा उसको साख कमजोर भएको छ। अहिलेसम्म गैरसरकारी संस्थाको रुपमा कार्यरत फोरम राजनीतिक दलमा रुपान्तरण हुने रणनीति कमजोर भएको विश्लेषकहरू बताउँछन्। पछिल्लो समय फोरमले सदस्यता वितरणलाई प्रमुख प्राथमिकता दिँदै आएको थियो।

मधेसमा विरोधको राजनीति गर्दै आएको फोरम गौर घटनापछि औपचारिक रुपमा राजनीतिक कार्यक्रम राख्न सक्ने स्थितिमा छैन, तर माओवादी र फोरमबीचका भिडन्तका सम्भावना समाप्त भएका छैनन्। ठूलो संख्यामा आफ्ना कार्यकर्ता बलिदान भएको स्थितिमा माओवादीले प्रतिशोध लिन्छ भन्ने अनुमानविपरीत संयमता लिएको देखिन्छ। गौर हत्यापछि फोरमलाई प्रतिबन्ध लगाउने माओवादीको माग कमजोर हुनु र माओवादी र सरकार दुवै छानबिन आयोग गठनमा अल्झिनुले पूर्वी नेपालका सुनसरी, सप्तरी, सिरहा जस्ता जिल्लाहरूमा फोरमको नाममा गतिविधिहरू उठ्न थालेका छन्, सामान्य रुपमा मात्र।

गौर घटनापछि पहिलोपटक माओवादीले मुलुकको गृहप्रशासनमाथि औंलो उठाएको छ। अढाई महिनादेखि शत्रुवत् अवस्थामा रहेका फोरम र माओवादीलाई एकै दिन एकै स्थानमा कार्यक्रम गर्न दिनुले गृह प्रशासनमाथि गम्भीर प्रश्न उठेको स्थिति छ। गृहमन्त्री सिटौलाको रक्षाकवच बन्दै आएको माओवादीले समेत स्थानीय प्रशासनमाथि फोरमसँग मिलोमतो गरेको संगीन आरोप लगाएको छ। फोरमले आमसभाको कार्यक्रम निश्चित गरिसकेको अवस्थामा माओवादीहरूले फोरमलाई तह लगाउन तयारीका साथ गौरमा कार्यक्रम राखेकोले नै गौर नरसंहारको घटना निम्तिएको हो। तर गौर घटनापछि फोरमको 'शान्तिपूर्ण' आन्दोलनको आवरण उत्रिएको छ, फोरम आपराधिक गैससको रुपमा स्थापित भएको छ।

एक विश्लेषक भन्छन्, 'कुनै कारबाही नहुने भयो भनेर फोरमका मानिसहरू निष्फिक्री साथ हिँड्न थालेका छन्।' गौर घटनापछि जिल्लामा फोरमका कार्यकर्ता भूमिगत बन्न थालेका थिए। तर सरकारले बनाएको न्यायिक छानबिन आयोगको औचित्यमा माओवादीले प्रश्न उठाउनु र माओवादीले भनेजस्तो आयोग पनि बन्न नसक्नुले फोरमका कार्यकर्ताहरू सार्वजनिक कार्यक्रममा सहभागी हुने र आन्दोलनको कार्यक्रम राख्ने अवस्थामा पुगेको देखिन्छ। सरकार र माओवादी आयोग गठनमा अल्झिएको भए पनि अन्तरिम संसद्ले ६ बुँदे प्रस्ताव पारित गरेको छ। संसद्ले पनि माओवादीको राजनीतिक आयोगको मागलाई समर्थन गरेको छ। आफूले भनेजसरी आयोग गठनको प्रस्ताव अनुमोदन नगरेमा संसदीय कारबाही अगाडि बढ्न नदिने माओवादी धम्कीका कारण यस्तो प्रस्ताव पारित भएको सांसदहरू बताउँछन्। राजनीतिक प्रकृतिको आयोग गठनको मागमा पछि नहटेको माओवादी फोरमलाई प्रतिबन्ध लगाउने मागबाट भने पछि हटेको छ, । प्रस्तावमा भनिएको छ, 'उक्त घटनामा संलग्न अपराधीहरूलाई यथाशीघ्र पक्राउ गरी कडा कारबाही गरियोस्।'

मधेसको भावनालाई उछाल्न सफल फोरमको पछाडि माओवादीबाट अलग भएर सशस्त्र विद्रोह गरिरहेका तराई जनतान्त्रिक मुक्तिमोर्चाको समर्थन रहेको स्थिति छ। बेग्लै मधेस राज्यको उत्तेजक माग राख्दै आएका जनतान्त्रिक मुक्तिमोर्चाहरूले साम्प्रदायिकता भड्काउने प्रयास पनि गर्दै आएका छन्। मधेसको आन्दोलनमा प्रमुख राजनीतिक दलका नेताहरू, मधेसी व्यवसायी र पेसाकर्मीको समेत आंशिक सहानुभूति बटुल्न सफल फोरममा भने पछिल्लो समय नेपाल सद्भावना पार्टी (बद्रीमण्डल)का समर्थकहरूको बोलबाला कायम भएको छ।

तर गौर घटनापछि काठमाडांमौ रहेर मधेसका मुद्दाहरूमा ऐक्यबद्धता जनाउँदै आएका कतिपय व्यवसायिक, पेसाकर्मीहरूमा नयाँ खाले चिन्तन छाएको छ। गौर नरसंहारको नाममा मधेसको आवाजलाई कमजोर बन्ने स्थिति आउने त होइन भन्ने चिन्तामा उनीहरू छन्। यसै क्रममा जागृति नेपाल नामक संस्थाले राजधानीमा कार्यक्रम आयोजना गरेर गौर प्रकरणको आलोचना गर्दै मधेसको मुद्दा पाखा लाग्ने चिन्ता व्यक्त गरेको छ। जागृतिले गौर घटनालाई मधेसका मुद्दा पाखा लगाउने षड्यन्त्रको रुपमा लिएको बताएको छ। अरूको अस्तित्व पनि स्वीकार नगर्ने माओवादी प्रवृत्ति र प्रशासनको भूमिकाको आलोचना गर्दै जागृतिले मधेसका मुद्दा पाखा लाग्न सक्ने संकेत गर्दै सचेत रहन आग्रह गरेको छ। जागृतिका अध्यक्ष विजयकान्त कर्णले 'गौर नरसंहार र हाम्रो सरोकार' शीर्षकमा भनेका छन्, 'आज सचेत मधेसीहरूले गौर घटनाको निन्दा र भर्त्सना यसकारण गरिरहेका छन् कि यसै निहुँमा सिंगो मधेसी आन्दोलनलाई ओझेलमा पार्ने दुष्प्रयास भएका छन्। यदि अतिवादी दक्षिणपन्थीहरू आफ्नो चाहना पूरा गर्न सफल भयो भने त्यसले मधेसको मात्र होइन, सिंगो मुलुकको अग्रगमनकारी यात्रामाथि तुषारापात हुने सम्भावनालाई नकार्न मिल्दैन।'

उता एक साताअघिको नरसंहारपछि गौरका मधेसी जनअधिकार फोरमका जिल्लास्तरीय नेताहरू सम्पर्कमा छैनन्। उनीहरूविरुद्ध स्थानीय प्रशासनले पक्राउ आदेश जारी गरेको छ। रौतहटमा फोरम र माओवादीबीचको भिडन्त नयाँ होइन। गत माघमा फोरमले माओवादीको पार्टी कार्यालयदेखि एमाले महासचिव माधव नेपालको घरमा आगो लाउने काम गरेका थिए। माओवादीले पनि फोरमको सहयोगी बनेको आरोपमा 'राजावादी'लाई माओवादीले बीच सडकमा घिसारी घिसारी पिटेका थिए।

गौर घटनामा माओवादीतर्फ कति क्षति भयो भन्ने यकिन अहिलेसम्म हुन सकेको छैन। माओवादीहरू फोरमका कार्यकर्ता र समर्थक माथि जाइलाग्ने सुरमा देखिन्छन्। घटनाको एक सातापछि मात्र गौरको जनजीवन सामान्य बन्दै छ। रौतहटको उत्तरी क्षेत्रसँग सीमावर्ती सदरमुकामको सम्पर्क निकै कम छ।

■ (रौतहटबाट अशोक पहाडीको सहयोगमा)



# सिकिस्त विद्या

**नेतृत्व सम्हालेको** केही वर्षमै एमालेको भातृसंगठन अखिल नेपाल महिला संघ (अनेमसंघ) मा सर्वस्वीकार्य नेतृको छवि बनाउन सफल विद्या भण्डारी गम्भीररुपमा अस्वस्थ भएकी छन् । रक्त र अरू आवश्यक परीक्षणको रिपोर्ट हेरेर त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्जका चिकित्सकहरूले उनलाई ब्लड क्यान्सर भएको जानकारी दिएका छन् । अहिले उनको उपचार भारतको नयाँ दिल्लीस्थित एपोलो अस्पतालमा भइरहेको छ ।

शरीरमा आलस्यपन बढ्दै गएपछि उनी चैतको पहिलो साता स्वास्थ्यपरीक्षणको क्रममा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगन्ज पुगेकी थिइन् । त्यहाँ स्वास्थ्यपरीक्षण गराउने क्रममा रगतमा श्वेत रक्तकोष (डब्लुबिसी) को मात्रा अत्यधिक देखिएपछि ब्लड क्यान्सर भएको ठहर गरिएको थियो । चिकित्सकहरूका अनुसार रगतमा डब्लुबिसीको मात्रा बढ्दा असामान्य कोष (एब्नर्मल सेल) विकास भई रक्तसञ्चार प्रणाली अवरुद्ध हुन्छ । यस्ता विरामीको उपचारको लागि केमोथेरेपीलगायत महँगा औषधी चलाउनुपर्ने हुन्छ ।

आमा विरामी भएको खबर पाउनासाथ बेङलोरमा मास कम्युनिकेसनमा मास्टर्स गरिरहेकी ठूली छोरी उषाकिरण र पाकिस्तानमा एमबिबिएस पढिरहेकी सानी छोरी निशाकुसुम पनि दिल्ली पुगेको पारिवारिक स्रोतले जनाएको छ । विद्याको उपचारको सिलसिलामा सँगै गएका उनका देवर डा. कैलाश भण्डारी पनि दिल्लीमै रहेका छन् । अनेमसंघका नेतृहरू सीता पौडेल र गोमा देवकोटा बुधवार दिल्ली पुगेका छन् । त्यहाँको अस्पतालले दिएको पछिल्लो रिपोर्टबारे केही थाहा नभए पनि छोरी उषाले अनेमसंघ कोषाध्यक्ष सुजिता शाक्यलाई मोबाइलमा एसएमएसमा यस्तो सन्देश पठाएकी छन्, 'हेल्लो आन्टी, दिस इज उषा, विद्या भण्डारिज डटर, सीता एन्ड गोमा आन्ट हृयाभ रिच्ड एन्ड केम टु मिट मम इन हस्पिटल, एभ्रिथिङ इज फाइन, डु नट वरी ।'

जननेता मदन भण्डारीसँग अढाई दशकअघि विवाह बन्धनमा बाँधिएकी विद्या विद्यार्थीकालदेखि अहिलेसम्म निर्बाधरुपमा पार्टी राजनीतिमा क्रियाशील छन् । महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस विराटनगरमा स्ववियु कोषाध्यक्षबाट हुँदै सुरु भएको उनको राजनीतिक यात्रा तत्कालीन मालेको सदस्य हुँदै एमालेको केन्द्रीय कमिटी सदस्यसम्म पुगेको छ । २०५० साल जेठ ३ गते रहस्यमय दासढुंगाकाण्डमा तत्कालीन एमाले महासचिव मदन भण्डारीको मृत्यु भएपछि उनको राजनीतिक सक्रियता झनै बढेको थियो । २०५० सालको उपनिर्वाचनमा उनले कांग्रेसका तत्कालीन सभापति तथा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई हराएर प्रतिनिधिसभा सदस्यमा चुनिएकी उनले २०५१ र २०५६ सालको निर्वाचनमा पनि निर्वाचित उनी अहिले अन्तरिम व्यवस्थापिका संसद् हुन् ।

एमाले भातृसंगठन अखिल नेपाल महिला संघको अध्यक्षको रुपमा २०५५ साल पुसमा सम्पन्न चौथो सम्मेलनदेखि अहिलेसम्म उनले जिम्मेवारी वहन गरिरहेकी छन् । 'संगठनको काम भनेपछि घरपरिवारलाई समेत बेवास्ता गर्दै दिनरात खट्ने उहाँको बानी छ, दुई वर्षदेखि उहाँले एक दिन पनि छुट्टी लिएको मलाई थाहा छैन', अनेमसंघकी नेतृ जया घिमिरे बताउँछिन् ।

गत फागुन १७ गते अनेमसंघले सहिदमञ्चमा 'स्वास्थ्य प्रदर्शनी' आयोजना गरेको थियो । उक्त कार्यक्रमलाई सफल पार्न अनेमसंघका पदाधिकारीहरू अहोरात्र खटेका थिए । उनीहरूसँगै विद्या पनि सक्रियरूपमा लागिपरेकी थिइन् । शाक्य भन्छिन्, 'त्यो बेलासम्म उहाँ (विद्या) ठिकै हुनुहुन्थ्यो । आफ्नो स्वास्थ्य समस्याबारे केही बताउनु भएको थिएन ।' मार्च ८ को अन्तर्राष्ट्रिय महिला दिवसका दिन अनेमसंघको र्‍याली र कार्यक्रममा विद्याले नेतृत्वदायी भूमिका निर्वाह गरेको संघले जनाएको छ ।

अनेमसंघले सामाजिक अभियानअन्तर्गत सुन्दरीजल र भक्तपुरको थाथलीमा स्वास्थ्यशिविर आयोजना गरेको थियो । बरु गाँस छोड्ने संघको कार्यक्रमचाहिँ नछोड्ने उनको प्रतिबद्धताले गर्दा सुन्दरीजलको कार्यक्रममा कल्पना चापागाईंसँग थिइन् । 'मलाई रिंगटा लाग्यो, पूरै पृथ्वी नै घुमेजस्तो भयो', गाडीमा विद्याले कल्पनासँग भनेकी थिइन् । त्यति नै बेला अनेमसंघका नेता तथा कार्यकर्ताले विद्याको स्वास्थ्यमा गडबडी भएको थाहा पाएका थिए । हातगोडा झन्झनाउने, रिंगटा चल्ने, अभिएर हिंड्नै गाह्रो हुनेलगायत गम्भीर स्वास्थ्य बढ्न थालेपछि भक्तपुरको थाथलीमा भएको स्वास्थ्यशिविरमा भने उनी अनुपस्थित थिइन् । सुन्दरीजलको स्वास्थ्यशिविरमा सरिक भएपछि उनी अरू सार्वजनिक कार्यक्रममा भने सहभागी बन्न सकेकी छैनन् ।

दक्षिण एसियाका जनताले पहिलोपटक राजधानीमा गर्न लागेको जनसार्कमा अनेमसंघको तर्फबाट नेपाललगायत दक्षिण एसियाली महिलाका मूलभूत समस्या समेटेर कार्यपत्र कार्यपत्र तयार गर्ने क्रममा उनीलगायत अनेमसंघका पदाधिकारीहरू दिनरात नभनी खटिएका थिए । अनेमसंघले तयार गरेको कार्यपत्र अध्यक्षको हैसियतले उनले नै प्रस्तुत गर्ने कार्यक्रम तय भइसकेको थियो, प्रतिकूल स्वास्थ्यका कारण जनताको लागि राजनीतिमा समर्पित विद्याले उक्त कार्य गर्न सकिनन् । जनसार्कको तयारीका लागि केही दिनका लागि अनेमसंघको काम सम्हाल्न अरू नेतृहरूलाई पनि उनले आग्रह गरेकी थिइन् । स्वास्थ्यले साथ नदिएपछि कसको के लाग्छ र, राजधानीमा जनसार्क सम्मेलन भएकै दिन चैत ११ गते उनी थप उपचारको लागि दिल्लीस्थित एपोलो अस्पतालमा भर्ना भएकी छन् । उनको अनुपस्थितिमा अनेमसंघको तर्फबाट उपाध्यक्ष थममाया थापाले जनसार्कमा कार्यपत्र प्रस्तुत गरेकी थिइन् ।

■ छत्र कार्की/काठमाडौं



भास्वर ओझा

आठ दलका शीर्ष नेताहरू : कुरा नमिल्दा सरकार कहिले बन्नेबारे अझै अन्यौल छ

# अझै बनेन सरकार

**शीर्षस्थ नेताहरूको तीन साताअघिको बैठकले अन्तरिम सरकार गठनको वातावरण र संचालनका क्रममा अवलम्बन गरिने न्यूनतम साझा कार्यक्रम तय गर्न बनेको समितिले प्रतिवेदन बुझाएको दुई साता नाघ्न लागिसक्दासम्म केही पनि भएको छैन ।**

■ **किरण भण्डारी/काठमाडौं**

**आठ दलको** मार्गचित्रमा उल्लेख गरिएभन्दा साढे तीन महिना ढिलाइ भइसक्दा पनि अन्तरिम सरकार गठन हुन सकेको छैन । सार्क सम्मेलनका लागि नयाँदिल्ली प्रस्थान गर्नुअघि चैत १८ भित्र सरकार बनिसक्ने भने पनि प्रमुख दलहरूबीच मन्त्रीहरूको वरीयताक्रम र मन्त्रालयको भागबन्डा नमिलेकाले त्यो सम्भावना टरेर गएको छ ।

भागबन्डाको लुछाचुँडीले अन्तरिम सरकार गठन कम्तीमा १० दिनका लागि टरेको छ । उपप्रधान तथा परराष्ट्रमन्त्री केपी ओली सार्क शिखर सम्मेलनका लागि बिहीवार नै दिल्ली जाने भएकाले पनि मन्त्रिपरिषद् गठनको पूर्वघोषित तिथि फेरि धकेलिएको पुष्टि हुन्छ ।

यो ढिलाइले संविधानसभाको निर्वाचन हुँदै शान्त र समृद्ध नयाँ नेपालतर्फको यात्रा दिनहुँ लम्बिदै गइरहेको छ । अन्तरिम संविधान, व्यवस्थापिका संसद् गठन, हतियार व्यवस्थापन लगायतका प्रक्रिया सम्पन्न भइसकेको भए पनि सरकार गठनमा अनावश्यक ढिलाइ देखिएको छ ।

'कुनै पनि काम क्यालेन्डरअनुसार नभएकाले सरकार गठनमा पनि यो ढिलाइ भएको हो', एमाले नेता प्रदीप नेपाल भन्छन्, 'अन्तरिम सरकार गठन अझ ढिलो हुने सम्भावना देखिरहेको छु ।' सात दलको सरकार र माओवादीबीच मंसिर ५ गते शान्ति सम्झौतापश्चात् मंसिर मसान्तभित्र अन्तरिम सरकार बनिसक्ने घोषणा गरिएको थियो । लिखित रूपमै आएको कार्यतालिकाभन्दा साढे दुई महिना ढिलो गरी संविधान जारी भएकाले सरकार गठन झन् धकेलिएको हो ।

संयुक्त सरकारको सहकार्यको संस्कृतिअनुसार चल्न नखोज्ने प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको हठले गठनमा अझ विलम्ब हुने नेपालको दाबी छ । 'परस्पर सम्मानजनक स्थिति नभई प्रधानमन्त्रीले छुट्याएअनुसार गोठालो हुन सरकारमा किन जाने ?' नेपालले प्रश्न गरेका छन् ।

जनआन्दोलन-२ को सफलतापश्चात् २०६३ साउनभित्र अन्तरिम सरकार बन्ने घोषणा माओवादीले गरेको थियो । अन्तरिम संविधान निर्माणमा भएको ढिलाइ माओवादी व्यवहारप्रति राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रको आपत्तिले उनीहरूले आतुर हुँदाहुँदै पनि महिनौंसम्म सरकारमा जाने वातावरण नबनेको हो ।

माओवादीले पनि एमालेकै जस्तो धारणा व्यक्त गरेको छ । उनीहरू सरकार गठनमा भएको ढिलाइको दोष प्रधानमन्त्री र कांग्रेसलाई दिइरहेका छन् । मन्त्रालयको बाँडफाँडमात्र ढिलाइको कारण

नभएको दाबी गर्दै माओवादी प्रवक्ता तथा संसदीय दलका नेता कृष्णबहादुर महराले संविधानसभाको निर्वाचन हुन नदिनेहरूले पनि चलखेल गरिरहेको बताएका छन्, तर ती चलखेल गर्ने को हुन् भन्नेबारे उनले बताएनन् ।

'कांग्रेस सभापति र प्रधानमन्त्रीले किन गठन नगरेका हुन्, हामीले बुझ्न सकेका छैनौं', महरा भन्छन्, 'बाहिर आएजस्तो भागबन्डा मात्र हैन, आन्तरिक कुरा गम्भीर छ । संविधानसभाको निर्वाचन गर्ने कि नगर्ने भन्ने प्रश्न उठेको छ ।'

उपप्रधानमन्त्री र अन्य मन्त्रालय भागबन्डाको विषयमा कांग्रेस, एमाले र माओवादीबीच सहमति कायम हुन नसकेकाले चैत महिना लागेदेखि गति लिएको सरकार गठनको प्रयास सार्थक हुन सकेको छैन । कांग्रेसले वरिष्ठ उपप्रधानमन्त्री सहित गृह, अर्थ, रक्षाजस्ता महत्त्वपूर्ण मन्त्रालय आफ्नो हुनुपर्ने बताएको छ ।

एमालेले पनि वरिष्ठ उपप्रधानमन्त्री, गृह र अर्थमा दाबी यथावत् राखेको छ । 'परराष्ट्र, अर्थ, गृह, रक्षा, सञ्चार, जलस्रोत जस्ता मन्त्रालय प्रमुख चार दलको सहमतिमा बाँडफाँड हुनुपर्छ भन्ने हाम्रो धारणा हो', नेपाल भन्छन्, 'कांग्रेसले एकलौटी गर्न खोजेकाले अरूलाई स्वीकार्य नभएको हो ।'

एमालेले संयुक्त सरकारको संस्कृतिअनुसार चल्नुपर्ने, सरकारको आचारसंहिता, आठ दलका शीर्षस्थ नेताहरूको वैधानिक संरचना र मुख्य मन्त्रालयहरूको समुचित बाँडफाँड हुनुपर्ने लिखित प्रस्ताव प्रधानमन्त्री कोइरालासमक्ष दिइसकेको छ ।

माओवादीको धारणा पनि एमालेको भन्दा खासै भिन्न छैन । उसले वरिष्ठ उपप्रधानमन्त्रीमा दुई महिनाअघि सहमति भइसकेकाले अहिले कसैले बखेडा झिक्न नहुने धारणा अघि सारेको छ । एमालेका सुवासचन्द्र नेम्वाङलाई व्यवस्थापिका संसद्को सभामुख पद छाड्दा नै आफूहरूले वरिष्ठ उपप्रधानमन्त्री पाउने सहमति भएको दाबी माओवादीले गर्दै आएको छ ।

भागबन्डामा आफ्नो पल्ला भारी बनाउने अभिप्रायले माओवादीले कोइरालालाई विभिन्न शैलीले दबाब दिइरहेका छन् । चैत १३ गते माओवादीको केन्द्रीय समितिले सरकारमा सामेल नहुने चेतावनी सार्वजनिक गरेकोमा भोलिपल्ट यथाशीघ्र गठनको माग गर्दै संसद् अवरुद्ध गरेका छन् ।

प्रधानमन्त्री कोइरालाले १३ गते माओवादीका शीर्षस्थ नेताद्वय प्रचण्ड र डा. बाबुराम भट्टराईलाई बालुवाटारमा भेटी हतारिएर कुनै कडा निर्णय नगर्न भनेका थिए । मन्त्रालय संख्याको विषयमा भने खासै विवाद छैन । वर्तमान सरकारभन्दा सबै दलले एक मन्त्रालय छाड्ने सहमति भइसकेको छ ।

सहमतिअनुसार कांग्रेस, एमाले, माओवादी पाँच मन्त्रालय र प्रजातान्त्रिक कांग्रेसले तीन पाउनेछन् । अन्य मन्त्रालय सद्भावना आनन्दीदेवी र साना वामपन्थीका लागि छुट्याइएको छ । विवादको सबैभन्दा बलियो जड वरिष्ठ उपप्रधानमन्त्री पद बनेको छ ।

अन्तरिम संविधानको धारा ३८ (१०) मा 'प्रधानमन्त्रीको मृत्यु भएमा नयाँ प्रधानमन्त्रीको चयन नभएसम्मको लागि उपप्रधानमन्त्री वा वरिष्ठतम मन्त्रीले प्रधानमन्त्रीको रूपमा सञ्चालन गर्नेछ' भनी उल्लेख भएकाले लुछाचुँडी भइरहेको छ ।

नाजुक स्वास्थ्य अवस्था भएका प्रधानमन्त्री कोइराला आफ्नो उत्ताराधिकारीको पदमा कांग्रेसकै नेता ल्याउन चाहन्छन् । वरिष्ठ उपप्रधानमन्त्री हत्याउन सुशील कोइराला र रामचन्द्र पौडेलबीच दौडादौड चलिरहेको छ । कांग्रेसलाई ल्याउन असमर्थ भएमा केपी ओलीलाई नै नगुमाउने पक्षमा कोइराला छन् । प्रधानमन्त्रीले माधव नेपाल सरकारमा सामेल भए पहिलो उपप्रधानमन्त्री सुम्पने बताइसकेका छन् ।

कांग्रेस नेता रामचन्द्र पौडेल 'पहिल्यै सहमति भएर कांग्रेसले पाएका मन्त्रालयहरू अहिलेको परिस्थितिमा राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थितिअनुसार यथावत् चाहिन्छ' भन्ने अडानमा छन् । पहिल्यै सहमति भइसकेको विषय एमालेले पुनः बल्झाएकाले पनि केही ढिलाइ भएको दाबी पौडेलको छ ।

माओवादी भने वरिष्ठ उपप्रधानमन्त्रीमा आफूहरूको विकल्प खोज्नु सरासर धोखाधडी भएको बताउँछन् । अध्यक्ष प्रचण्डले नै 'उपप्रधानमन्त्री नदिनु जेन्टलमेन एग्रिमेन्ट'को उल्लंघन भएको बताइसकेका छन् । माओवादीले कृष्ण सिटौला र शेखर कोइरालालाई अन्तरिम सरकारमा शक्तिशाली हैसियतमा देख्न चाहेजस्तै प्रधानमन्त्री कोइराला वर्तमान मन्त्रिपरिषद्का उपप्रधानमन्त्री ओली र अर्थमन्त्री डा. रामशरण महतजस्ता सहयोगीलाई नगुमाउने पक्षमा छन् ।

जीवनको उत्तरार्धमा रहेका प्रधानमन्त्री सरकार गठनको विषयमा तीनवटा तनावबाट बढी पिरोलिएको पारिवारिक स्रोतको दाबी छ । माओवादीले संसद्मा भएको शक्तिअनुसार राखेको मागदेखि उनी त्यति सन्तुष्ट छैनन् । एमालेले सरकारमा पठाउने टिमको बारेमा कोइरालालाई अर्को चिन्ता छ । कांग्रेसभित्रबाट उत्तराधिकारी चयन गर्ने विषय पनि उनका लागि त्यत्तिकै कष्टकर छ ।

शान्ति प्रक्रियामा संलग्न दुवै कांग्रेसका केही नेताले अन्तरिम सरकार गठनपूर्वदेखि संचालनसम्मको विषयमा मेहनतसाथ बनेको प्रतिवेदन केही पनि कार्यान्वयन नहुनुलाई ढिलाइको भित्री कारण भनेका छन् ।

शीर्षस्थ नेताहरूको तीन साताअघिको बैठकले अन्तरिम सरकार गठनको वातावरण र संचालनका क्रममा अवलम्बन गरिने न्यूनतम साझा कार्यक्रम तय गर्न बनेको समितिले प्रतिवेदन बुझाएको दुई साता नाघ्न लागिसक्दासम्म केही पनि भएको छैन । समितिमा नेपाली कांग्रेसका पौडेल, नेकपा एमालेका भीम रावल, माओवादीका देव गुरुङ र कांग्रेस प्रजातान्त्रिकका डा. प्रकाशशरण महत थिए ।

'हामीले पाँचवटा प्रतिवेदन बुझाइसकेका छौं', महत भन्छन्, 'तर त्यसअनुसार खासै काम गरेको जस्तो देखिँदैन । यसले पनि अन्तरिम सरकारको गठन र संचालनलाई प्रभावित गर्छ ।' मन्त्रिपरिषद् गठनविधि र माओवादीले उठाएका केही 'क्रान्तिकारी' विषयको टुंगो शीर्षस्थ नेताहरूले लगाउने सर्तमा उक्त समितिले शीर्षस्थहरूलाई प्रतिवेदन बुझाएको दुई साता पुग्न लागेको छ ।

वातावरण निर्माण, अन्तरिम सरकार साझा सहमतिको न्यूनतम कार्यक्रम, अन्तरिम सरकारका मन्त्रीहरूको आचारसंहिता, अन्तरिम सरकार संचालन सामान्य विधि र मान्यता र आठ दल समन्वय समिति नामक पाँचवटा अलग अलग प्रतिवेदन बुझाइए पनि शीर्षस्थ नेताहरूले त्यसको कार्यान्वयनमा ध्यान दिएका छैनन् ।

अन्तरिम सरकारमा सामेल हुने वातावरण निर्माणका लागि माओवादी र सरकारले एक साताभित्र सम्पादन गर्नुपर्ने प्रतिवेदनहरूको सूची समेटिए पनि त्यो कागजमा मात्र सीमित भयो । माओवादीले आफ्नो व्यवहार सुधारेमात्र संविधानसभाको निर्वाचन नभयरहित वातावरणमा सम्पन्न हुन सक्नेमा प्रतिवेदनले जोड दिएको छ । अन्तरिम सरकार गठन हुनुपूर्व नै एकसाताको अवधिमा माओवादी पक्षले प्रतिवेदनले औंल्याएको सुझावहरू अनुसरण गर्नुपर्ने लेखिएको भए पनि दुई सातासम्म स्थिति पूर्ववत् नै छ ।

जोसुकैको भए पनि कब्जामा लिएको सम्पत्ति फिर्ता गर्नुपर्ने, सार्वजनिक जग्गा र अन्य सम्पत्तिमाथिको अतिक्रमण त्याग्नुपर्ने, शान्तिवार्ता, सम्झौताविपरीत माओवादी आचरणमा सुधार आउनुपर्ने वातावरणका लागि सर्त मानिएको छ ।

यसमा सरकारले सम्पादन गर्नुपर्ने केही कामसमेत तोकिएको छ । माओवादीहरू अझै बन्दी अवस्थामा भए-नभएको निर्क्योल गर्नुपर्ने र अझै जेलम भए रिहा गरिनुपर्ने सरकारका लागि शर्त हुन् । यो प्रतिवेदन कार्यान्वयन गर्न एक साताभित्र प्रमुख जिल्ला अधिकारीको पहलमा जिल्लामा सर्वदलीय संयन्त्र बन्नुपर्ने भनिएको भए पनि सरकारका तर्फबाट समेत केही भएको छैन ।

अन्तरिम सरकार साझा सहमतिको न्यूनतम कार्यक्रम बनेको भए पनि राजनीतिक घटनाक्रम त्यसको कार्यान्वयनको चरणमा पुगेको छैन ।

सरकारको मूल दायित्व संविधानसभाको निर्वाचन भएकाले यसलाई एउटा प्रमुख लक्ष्य बनाउने उल्लेख छ । त्यसका साथै सरकारले दैनिक प्रशासन संचालन र सेवा सुविधा गुणस्तर वृद्धिबारे पनि प्रतिवेदन केन्द्रित भएको छ । शान्ति सम्झौता र अन्तरिम संविधानको भावनालाई कार्यान्वयनमा उतार्नुपर्ने जोड पनि दिएको छ, कार्यक्रमले ।

संविधानसभाको मूल लक्ष्यलाई यथासमयमै हासिल गर्न शान्ति सुरक्षा र त्रासरहित वातावरण निर्माणलाई सरकारले उच्च प्राथमिकतामा राख्ने भनिएको छ । हतियार व्यवस्थापन प्रभावकारी ढंगले सम्पन्न गराउनेमा जोड दिइएको छ । रायमाझी र ओझा आयोगको नामै किटेर प्रतिवेदन कार्यान्वयनको प्रतिबद्धता व्यक्त गरिएको छ ।

विस्थापितको पुनःस्थापना, पुनर्निर्माणसहित सरकारले तात्कालिक राहतको प्याकेज घोषणा गर्नुपर्ने उल्लेख छ । स्वास्थ्य, शिक्षा, आपूर्ति, दैनिक उपभोग्य वस्तुको उपलब्धता र प्रशासनिक संरचनालाई गतिशील बनाउने 'सदाबहार' विषयलाई अहिले पनि दोहोऱ्याइएको छ । ■



तस्वीरहरू : समय

# मिचियो संविधान

■ किरण भण्डारी/काठमाडौं

**निर्वाचन क्षेत्र** निर्धारण आयोग गठन निर्णय भएको एक सातापछि यसको वैधानिकताको गम्भीर प्रश्न उठाउँदै प्रमुख दलहरूले विघटनको माग गरेका छन् । आयोगले निर्वाचन क्षेत्र हेरफेर गर्न सुझावका लागि सार्वजनिक आह्वान गरेपछि प्रमुख सत्ता साझेदार एमालेसहित माओवादीले गठन प्रक्रियाप्रतिको आपत्तिलाई झनै चर्काएका छन् ।

मन्त्रिपरिषद्को चैत ६ गतेको बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश अर्जुनप्रसाद सिंहको अध्यक्षतामा पाँचसदस्यीय आयोग गठन गरेको थियो । आयोगका सदस्यमा प्राविधिक र प्रशासनिक व्यक्तिहरू छन् ।

एमाले, माओवादी र अन्य वाम दलहरूले उक्त नियुक्तिले सरासर संविधानलाई मिचेको भन्दै चैत १२ गतेदेखि व्यवस्थापिका संसद्मा चर्को विरोध गर्दै आइरहेका छन् । अन्तरिम संविधान र व्यवस्थापिका संसद्को नियमावली २०६३ ले संविधानबमोजिम हुने नियुक्ति 'संसदीय विशेष सुनुवाइ समिति'बाट अनिवार्य रुपमा अनुमोदन हुनुपर्ने व्यवस्था गरेको छ ।

तर मन्त्रिपरिषद्ले संसदीय सुनुवाइको प्रक्रिया नै अवलम्बन नगरी संविधान मिचेको भन्दै दलहरू विरोधमा उत्रिएका हुन् । 'संविधान र विद्यमान कानुन कुल्चेर नियुक्ति गर्दै सरकारले गम्भीर गल्ती गरेको छ', एमाले प्रमुख सचेतक महेन्द्रबहादुर पाण्डेले *समय*सित भने, 'मनपरि नियुक्ति बदर गरेर संवैधानिक गल्ती सच्याउनुपर्छ ।'

सरकारले संसद्को मानमर्दन गरेर उक्त नियुक्ति गरेको भन्दै विरोध भएपछि १३ गते सभामुख सुवासचन्द्र नेम्वाङको संयोजकत्वमा कार्यव्यवस्थाको बैठकसमेत बसेको थियो । संसद्मा रहेका दलहरूको सचेतक र केही सांसदहरूको अनौपचारिक बैठकले त्यस्तो नियुक्तिले संविधान र कानुन मिचेको ठहर गर्दै आठ दलसँग परामर्श गरी यो मुद्दा किनारा लगाउने निर्णयसमेत गऱ्यो ।

गृहमन्त्री कृष्णप्रसाद सिटौलाले सरकारका तर्फबाट भुल भएको स्विकार्दै सहमति गरेर विवादलाई किनारा लगाउने आश्वासन दिएका थिए । उनले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष यो विषयलाई प्रस्तुत गरेर टुंगोमा पुग्ने वचन दिएका थिए ।

कानुनी प्रक्रिया पूरा नगरी व्यवस्थापिका संसद्को समेत मानमर्दन भएको निचोडमा कांग्रेस प्रजातान्त्रिक समेत पुगेको भए पनि अन्य दलले जस्तो उसले मुख फोरेको छैन । 'संविधान मिच्नेभन्दा पनि चाँडो चाँडो काम गर्न सकियोस् भन्ने चोखो मनले नियुक्ति भएको होला भनेर हामी अहिलेसम्म विरोधमा नउत्रिएका हौं ।' प्रजातान्त्रिक कांग्रेसका सांसदले नाम उल्लेख नगर्ने सर्तमा भने ।

आयोगमा आफू निकटस्थहरूलाई नियुक्ति दिलाउन असमर्थ भएपछि एमाले र माओवादीले विभिन्न बखेडा झिकेको आरोप कांग्रेसवृत्तबाट लागेको छ । माओवादीले आठ दलको सहमतिविना एकपक्षीय नियुक्ति भएको भन्ने बुँदालाई पनि मूल रुपमा उठाउँदै आइरहेको छ ।

निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गर्ने विषयमा माओवादीले राजनीतिक सहमति र एमालेले संसदीय सुनुवाइको कुरा उठाउनु 'हास्यास्पद' भएको टिप्पणी कांग्रेसले गरेको छ ।

वाम दलहरूले नियुक्तिको चर्को विरोध गरिरहेकै बेला कांग्रेसका तर्फबाट १३ गते अर्थमन्त्री रामशरण महतले छोटो अवधिको आयोग भएकाले संसदीय

सुनुवाइको औपचारिकतामा प्रवेश गर्नु नपर्ने जिकिर सार्वजनिक गरेका छन्। पन्ध्रदिने आयोगलाई सुनुवाइको लामो प्रक्रियाबाट गुजार्दा संविधानसभाको निर्वाचन समयमै सम्पन्न गर्न नसकिने तर्क महतले पेस गरेका छन्।

'राजनीतिसँग सम्बद्ध नरहेका छोटो अवधिको प्राविधिक टोलीमा सहमति वा संसदीय सुनुवाइको प्रश्न उठाउनु उचित हैन', डा. महत भन्छन्, 'आफ्नै दलका मन्त्री सहभागी भएको निर्णयमा वैधता खोजेर एमालेले विरोधाभासपूर्ण व्यवहार देखाएको छ।'

मन्त्रिपरिषद्‌बाट भएका नियुक्तिको दलगत जिम्मेवारी नलिई एमालेले संसद्‌बाट सरकारलाई प्रहार गर्ने सहमतिअनुसार नै यो मुद्दामा विरोध जारी राखेको छ। 'पार्टीका मन्त्रीभन्दा संविधान वा कानुनको शासन धेरै ठूलो कुरा हो', प्रमुख सचेतक पाण्डे प्रश्न गर्छन्, 'मन्त्री वा सरकारले नै संविधान मिचेपछि परिवर्तन असहय भएकाहरूले मिच्छन् कि मिच्दैनन्?'

संविधान, कानुन वा विधिको निर्माण गरिसकेपछि त्यसलाई कुनै पनि बहानामा मिच्न पाइँदैन। सरकारले व्यवहारिक कारण देखाएर त्यसको औचित्य स्थापित गर्ने कोसिस गरेको छ। एमाले, माओवादी लगायतका दलहरूले भने क्षेत्र निर्धारण आयोग जस्तो प्राविधिक समितिमा राजनीतिक भागबन्डा खोजेको देखिन्छ।

राजनीतिक गणित जे सुकै भए पनि सरकारको निर्णयले संविधानलाई मिचेको कानुनविद्हरूले बताएका छन्। संविधानअनुसार नियुक्ति हुने पद भएपछि कुनै पनि बहाना वा अपरिहार्यताको सिद्धान्तको आडमा यस्तो नियुक्ति गर्न नपाइने जिकिर उनीहरूको छ।

संवैधानिक पदमा सुनुवाइ अनिवार्य भएको बताउँदै बारका अध्यक्ष शम्भु थापाले *समय*सित भने, 'कति अवधि वा कति तलब भन्ने कुराको केही मतलब हुँदैन।' प्रमुख दलहरूले संविधानको मर्यादा राख्न छोडेको भन्दै आक्रोश व्यक्त गर्दै उनी भन्छन्, 'यो संविधानको कसले व्याख्या गर्ने हो र कसले कार्यान्वयन गर्ने भन्ने नै अन्योल भएको छ।'

संविधानलाई मिचेर बनाइएको आयोगका पदाधिकारीलाई सर्वोच्च अदालतका प्रधानन्यायाधीशले कसरी शपथ खुवाएर वैधानिकता दिन कम्मर कसे भन्ने प्रश्न अहिले बारमा चर्चाको विषय बनिरहेको छ। 'सर्वोच्चका न्यायाधीश भइसकेका व्यक्ति मनपरी ढंगले बनेको हावादारी आयोगमा बस्न किन तत्पर हुन्छन्?' थापाले प्रश्न गरेका छन्, 'शपथ खुवाउनेले पनि संविधान हेरेकै होलान्?'

कार्यकारिणीले संविधान र कानुनको पालना नगरेमा औंला ठड्याउने अधिकार र जिम्मेवारी बोकेको न्यायपालिकाका प्रमुख किन सरकारको अकर्मण्यतामा फड्के साक्षी बसेको भन्दै सर्वोच्च अदालतमा प्रधानन्यायाधीश दिलीपकुमार पौडेलको आलोचना भइरहेको छ।

संविधानसभाको निर्वाचन जेठमा असम्भव भइसकेको अवस्थामा संसदीय सुनुवाइको प्रक्रिया नै मिचेर आयोग गठनको नजिर स्थापना गरेर सरकारले राजदूत नियुक्तिमा पनि संसद्‌लाई 'बाइपास' गर्ने डिजाइन रचिरहेको दाबी मन्त्रिपरिषद्



शम्भु थापा: संविधानको कसले व्याख्या गर्ने हो र कसले कार्यान्वयन गर्ने भन्ने नै अन्योल भएको छ

सचिवालय स्रोतले गरेको छ।

साढे तीन महिनाअघि १४ राजदूतका लागि मन्त्रिपरिषद्‌ले गरेको सिफारिस संसदीय समितिबाट अनुमोदन भएको छैन। माओवादीको आपत्ति र सत्तारुढ घटकहरूको असहमतिका कारण बेखबर बनेको उक्त सिफारिसमा परेका केही व्यक्तिलाई संसद्‌ले अनुमोदन नगर्ने सम्भावना प्रचुर भएकाले एकथरि आयोग गठन विधिलाई नजिर बनाउन लागिपरेका छन्।

जनआन्दोलन-२ मा निर्वाह गरेको विवादास्पद भूमिकाका कारण भारतका लागि सिफारिस भएकी शैलजा आचार्य र बेलायतका भगीरथ बस्नेतलाई संसदीय सुनुवाइ फलामको च्यूरा हुने निश्चित छ। मन्त्रिपरिषद्‌ले ३ पुसमा १४ राजदूत सिफारिस गरेको थियो। ती चौधसहित फ्रान्सका लागि राजदूत, जेनेभाका लागि स्थायी प्रतिनिधि र हङकङका महावाणिज्यदूत सहित डेढ दर्जन कूटनीतिक नियोग झन्डै वर्षदिनदेखि प्रमुखविहीन छ।

राजदूतसँगै मानवअधिकार आयोगमा भएको सिफारिसमा पनि अहिलेजस्तै संविधान मिचिएको थियो। ६ महिनाभन्दा लामो अवधिदेखि रिक्त मानवअधिकार आयोगका अध्यक्षमा पुस ३ मा पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय र सदस्यहरूमा सिविनका गौरीभक्त प्रधान र पूर्व कर्मचारी डा. लीला पाठकलाई नियुक्ति गर्ने निर्णय गरेको थियो।

उपाध्यायले पद अस्वीकार गरेपछि सिफारिसको हैसियत अज्ञात छ। २०४७ को संविधान नै क्रियाशील भएका बेला उक्त सिफारिस मस्यौदाको रुपमा रहेको अन्तरिम संविधानअनुसार गरेर संवैधानिक परिषद्‌ले त्यति बेला गम्भीर त्रुटि गरेको थियो।

जसरी पनि संविधानसभाको निर्वाचन जेठमै नगरी नहुने अडान व्यक्त गर्ने सरकारभित्रकै राजनीतिक दलहरूको मागअनुरुप आयोग पुनर्गठनको प्रक्रिया थाल्ने हो भने जेठसम्म संविधानसभा त के क्षेत्र निर्धारण गर्न समेत कठिन छ। तैपनि, प्रधानमन्त्री कोइरालाले संविधानसभाको निर्वाचनको रटानलाई यथावत् राखेका छन्।

## धमाधम ऐन

निर्वाचन आयोगको अल्टिमेटमअनुसारको समयसीमा नाघेको डेढ महिनापछि व्यवस्थापिका संसद्‌ले विधेयक पारित गर्ने क्रम धमाधम सुरु गरेको छ। राज्य व्यवस्था समितिका सदस्य र सचिवालयका कर्मचारी पछिल्लो केही सातादेखि रातदिन खटेर 'निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी संशोधन विधेयक' तथा 'निर्वाचन कसुर र सजाय सजायसम्बन्धी विधेयक'लाई टुंग्याएका छन्।

संसद्‌ले एकैदिन दुईपटक बैठक राखेर ती विधेयक पारित गरी सभामखुले प्रमाणीकरण गरिदिएपछि ऐनमा परिणत भइसकेका छन्। संसद्‌मा विचाराधीन दल दर्तासम्बन्धी विधेयकलाई सरकार, आयोग र व्यवस्थापिकाको सहमतिमा अहिलेलाई निलम्बन गरी त्यसका महत्त्वपूर्ण प्रावधानहरू आयोगको काम, कर्तव्य अधिकारसम्बन्धी विधेयकमै गाभिएको छ।

उक्त विधेयकअनुसार दल दर्ताका लागि मात्र दुई चरण गरी ४ महिना समय दिनुपर्ने हुँदा समयसीमालाई ध्यानमा दिई अहिलेको काम फुकाउन थाती राखिएको हो। निर्वाचन आयोगको काम, कर्तव्य, अधिकारसम्बन्धी ऐनअनुसार चैतको तेस्रो सातादेखि दलदर्ता सुरु हुने आयोगले जनाएको छ। आयोगले फागुन पहिलो साताभित्र सबै ऐन पारित भइसक्नुपर्ने अल्टिमेटम दिएको भए पनि संविधानसभा सदस्य निर्वाचनसम्बन्धी विधेयक र संविधानसभाको निर्वाचन अदालतसम्बन्धी ऐन अझ आउन सकेको छैन।

संविधानसभाको निर्वाचनसम्बन्धी ऐन सर्वाधिक महत्त्वको भएकाले यसमा प्रशस्त विवाद हुने हुँदा पारित हुन केही समय लाग्ने देखिन्छ। 'समानुपातिक निर्वाचनमा कस्तो सूची, आरक्षणको मोडेल, मतपत्र, मतपेटिका जस्ता सबै विषय टुंगो लगाउनुपर्ने हुँदा यो ऐनमा सबैलाई सहमत गराउन ठूलै कसरत गर्नुपर्छ', राज्य व्यवस्था समिति सदस्य होमनाथ दहाल भन्छन्, 'सरकारले यथेष्ट गृहकार्य नगरी संसद्‌मा विधेयक पेस गर्ने हुँदा पनि केही ढिलाइ हुने गरेको छ।'

मन्त्रिपरिषद् विधेयक समिति कानुन निर्माणमा महत्त्वपूर्ण भूमिका भए पनि सरकारले संसद्‌मा पेस गरेका कानुनमा प्रशस्त त्रुटि फेला पर्ने गरेका छन्। ■

### धारा १५४ (क)
### निर्वाचन क्षेत्र निर्धारण आयोग:

**(१) संविधानसभा सदस्यको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन क्षेत्र निर्धारण गर्न नेपाल सरकारले एक निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गर्न सक्नेछ।**

**(२) निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति नेपाल सरकारले गर्नेछ।**

**(३) निर्वाचन क्षेत्र निर्धारण आयोगको कार्य अवधि सो आयोग गठन गर्दाको बखत नेपाल सरकारले तोकेबमोजिम हुनेछ र त्यस्तो कार्यावधि आवाश्यकताअनुसार नेपाल सरकारले थप गर्न सक्नेछ।** ■

**जनआन्दोलनका तीव्र दमनकारी आततायी तत्त्वहरू र ठुलठुला भ्रष्ट शोषकहरूलाई राज्यबाट उचित दण्ड वा कारबाहीको प्रक्रिया अघि नबढ्दा पनि जनतामा खिन्नता र निराशा आउनु स्वभाविकै हो । राज्यबाट यो पहल नभएको हुदा पुनः नयाँ आन्दोलनको महसुस हुन थालेको छ ।**



■ देवेन्द्र पौडेल

# यथास्थितिवाद र तेस्रो जनआन्दोलनको आवश्यकता

**यति बेला** फेरि एकपटक पुराना आफ्ना हठवादी मान्यताहरूलाई बदल्न नचाहने यथास्थितिवादी प्रवृत्ति भागबन्डाको राजनीतिमा प्रतिविम्बित भएको छ । प्रतिगामी तत्त्वहरूले विभिन्न बहानामा नेपालमा सुरु भएको सहकार्यको राजनीतिलाई भाँड्न चाहन्छन् । जुन गति र रफ्तारमा राज्यले कार्यसम्पादन गर्न सक्नुपर्थ्यो, त्यो हुन सकेको छैन र आफ्नो गतिहीनता, दिशाहीनता र अकर्मण्यतालाई जस्ताको तस्तै स्विकार्नुभन्दा पनि माओवादीलाई दोष थोपरेर आफू बच्ने कार्य सरकारले गर्न खोजिरहेको छ । संविधानसभाको निर्वाचनको जिम्मा लिएर आन्दोलनको विशिष्ट क्षणमा गठित सरकारले संविधानसभाको चुनावलाई अनिश्चयमा पारिरहेको छ । यही निराशा, गतिहीनता, दिशाहीनता र अकर्मण्यताका पक्षहरूलाई आधार बनाएर प्रतिगामी तत्त्वहरू फेरि सक्रिय हुन थालेका छन्, राज्यबाट निलम्बित राजतन्त्रले सात दल र नेकपा (माओवादी)बीचको एकता कुन बेला टुट्छ र त्यसैबाट फाइदा लिँदै प्रतिगामी कदम चाल्ने भनेर समय पर्खेर बसिरहेको स्पष्ट छ । त्यसैले पुनः एकपटक नेपाली जनता सचेत भएर राज्यका सामु उपस्थित केही चुनौतीलाई सामना गर्नुपर्ने दृढतामा रहनुपर्ने अवस्था आइपरेको छ । ऐतिहासिक जनयुद्ध र जनआन्दोलनबाट पैदा भएको राजनीतिक नयाँ समीकरणलाई अघि बढ्न नदिने तत्त्वहरूले आन्दोलनका मुख्य तीन मुद्दाहरू संविधानसभाको निर्वाचन, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र राज्यको अग्रगामी पुनर्गठनलाई अघि बढाउन नदिने संकेत प्रस्ट भएको छ । त्यसैले आमूल परिवर्तनकारी शक्तिहरूका बीचमा पुनः राज्य यी निम्न विषयहरूमा ध्यान केन्द्रित हुनुपर्ने देखिन्छ र आवश्यक परेमा तेस्रो जनआन्दोलनको तयारीमा जुट्नुपर्ने देखिन्छ ।

ऐतिहासिक आन्दोलनको पहिलो मुख्य लक्ष्य भनेको राज्यमा रहेको सामन्तवादी आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, न्यायिक, सामरिक, नैतिक संरचनाहरूमा आमूल परिवर्तन गर्नु हो । सयौं वर्षदेखि हाम्रो देशमा जनताको प्रतिनिधित्व गर्ने राजकीय सत्ता थिएन । शाहवंश, राणा, तथा अन्य कयौं कुलीन सामन्तवादका प्रतिनिधिहरूले राज्यको बागडोर आफ्नो हातमा लिएका थिए । विश्वमा भएको पुँजीवादको तीव्र विकासको पनि आंशिक प्रभाव नेपालमा पर्नु स्वभाविक थियो । फलस्वरुप पुँजीवादी प्रभाव र सामन्तवादी राजकीय ढाँचाका बीचबाट देशको अवस्था अर्धसामन्त र अर्धऔपनिवेशिक बन्न पुग्यो । यसले गर्दा पुँजीवादको पनि विकास हुन सकेन । यही ककटेलरुपी राज्यसंरचनका कारण देश संसारको पिछडिएको र अविकसित राज्यमा परिवर्तन हुन पुग्यो । ऐतिहासिक दुवै आन्दोलनको मुख्य प्रश्न भनेको यही राज्यसंरचनालाई आमूल परिवर्तन गरी नयाँ र अग्रगामी संरचनाको जग बसाल्नु थियो ।

दोस्रो लक्ष्य भनेको नेपाली जनतालाई सार्वभौम र अधिकार सम्पन्न बनाउँदै जनउत्तरदायी राज्यसंरचनाको निर्माण गर्नु हो । नेपालको इतिहासमा कयौं संघर्ष भए पनि जनता सार्वभौम र अधिकार सम्पन्न हुन सकेका थिएनन् । पुरानो संसद्, पुरानो संविधान, पुरानो सामन्ती संरचनाहरू खारेज गर्ने र राजकीय सत्तामा पहिलेदेखि नै अधिपति जमाएको वर्गलाई सत्ताच्युत गरेर नयाँ अग्रगामी शक्तिले जनताको प्रत्यक्ष निगरानीमा नयाँ सत्ता निर्माण गर्ने लक्ष्य थियो । सामन्तहरू, नोकरशाही पुँजीपतिहरू र दलाल पुँजीपतिहरूको हैकम नेपाली जनताले अस्वीकार गरेको थियो, तर त्यो वर्गले नेपाली जनताको हित नचाहने वैदेशिक तत्त्वहरू र प्रतिगामीहरूसँग साँठगाँठको नयाँ सञ्जाल निर्माण गर्दै आफ्नो बचाउ गर्न कयौं प्रयत्न गरेको छ । त्यसैले नेपाली जनतालाई सार्वभौम बनाउन नचाहने नवप्रतिक्रियावादी तत्त्वहरूविरुद्ध पुनः नेपाली जनता एकजुट हुनुपर्ने भएको छ ।

तेस्रो नेपाली जनताको विधिको शासन, जनताका न्यूनतम आवश्यकताहरू जस्तै शिक्षा, स्वास्थ्य, रोजगार, खाद्यान्न र आवास आदिको पूर्ति, मानवीय सुरक्षाको सुनिश्चितता जस्ता प्रश्नहरूको हल खोजेका थिए । राज्यसँग भएका सम्पूर्ण साधनस्रोत र सम्भावनालाई राम्ररी पहिचान र परिचालन गर्ने हो भने यी आवश्यक न्यूनतम माग पूरा हुन सक्छन् । यति बेला यी विषयहरूमा भन्दा पनि केही राजनीतिक दलहरूको ध्यान क्रान्तिकारी शक्ति नेकपा (माओवादी)सँग स-साना विषयमा निहुँ बनाउने र आन्दोलनको मर्म र भावनाअनुसार अघि नबढ्नेतिर देखिन्छ । त्यसैले यी विषयमा पनि पुनः नेपाली जनता सतर्क हुँदै प्रतिगामी र यथास्थितिवादीहरूका क्रियाकलापसँग संघर्ष गर्न तयार हुनुपर्ने देखिएको छ ।

चौथो, नपाली जनताले न्यायपूर्ण दिगो शान्ति र लोकतान्त्रिक सुदृढीकरणलाई राज्यमा अघि बढाउने अपेक्षा गरेका थिए । शान्तिको कुरा गर्ने र हिंसा भड्काउने, न्यायको कुरा गर्ने र अन्याय थोपर्ने, अग्रगमनको कुरा गर्ने र प्रतिगमनकारी कार्यशैली अपनाउने शक्तिहरूले न्यायपूर्ण रुपमा शक्ति स्थापना गर्न सक्दैनन् । अन्यायपूर्ण दमनलाई चुपचाप एवं मुकदर्शक भएर सहिरहनु भनेको शान्ति होइन । शान्ति निरपेक्ष हुँदैन, सापेक्ष हुने गर्छ । नेपाली क्रान्तिकारी जनसमुदायले विश्वभरि उदाहरण बन्ने गरी आन्दोलनको भीषणताका बीचबाट शान्तिको अपेक्षा गरेका थिए । शान्ति स्थापना गर्न अशान्ति थोपर्ने राज्यसंरचनालाई बदल्नु थियो । अशान्ति मचाउने तत्त्वहरू भनेको दरबारियाहरू थिए र उनीहरूका सम्पूर्ण गतिविधि नियन्त्रण नगरीकन शान्त, समृद्ध र भव्य नयाँ नेपाल बन्ने प्रक्रिया अघि बढ्न सक्दैन । त्यसपछि मात्रै लोकतन्त्रको सुदृढीकरणको प्रक्रिया अघि बढ्छ । जनताको यो अपेक्षा पूरा नहुने संकेत देखिएको छ । मधेसमा हिजोका मण्डलेहरू नयाँ आवरणमा शान्ति प्रक्रिया भाँड्न लागिपरेका छन् भने कतिपय संसदीय पुराना दलका नेताहरू समेत जनताको चाहनाअनुरुप अघि बढ्न सकिरहेका छैनन् ।

पाँचौं, जनसुरक्षाको क्षेत्रमा नयाँ विधि, प्रक्रिया र संरचनाको आवश्यकता थियो । असुरक्षाको अनुभूति भएका जनतालाई राज्यको तर्फबाट न्यूनतम सुरक्षा प्रबन्ध गरिनुपर्ने जनताको चाहना थियो । ऐतिहासिक जनयुद्धका क्रममा पनि राज्यका क्रियाकलापहरूले देशका जनताले सुरक्षाको अनुभूति गर्न सकेका थिएनन् । कयौं निहत्था जनताले चर्को दमनको सिकार हुनु पर्‍यो । ऐतिहासिक दोस्रो जनआन्दोलनपछि जनताले जुन सुरक्षाको अपेक्षा गरेका थिए, ती अपेक्षाहरू विगत केही समयमा मधेसमा भएका घटनाहरू र खासगरी रौतहटमा भएको नरसंहारले पूरा नहुने संकेत प्रस्ट भएको छ । विभिन्न बहानामा अनेकौं खोल ओढेर कानुनलाई उल्लंघन गरेर राज्यको खिल्ली उडाउने काम विभिन्न समूह र शक्तिबाट भइरहेको छ । राज्यप्रशासन संयन्त्र अत्यन्तै निष्क्रिय भएर रमिते बनेको स्पष्ट छ । खालि शान्ति प्रक्रियामा इमानदारीपूर्वक र धैर्यपूर्वक कयौं आफूमाथि भएका हमलालाई समेत पचाएर विवेक र संयमता प्रकट गरिरहेको माओवादीलाई मात्रै दोष थोपर्ने र राज्यबाट नयाँ विधि, प्रक्रिया र संरचनाको सुरुवात नगर्ने देखिएको छ ।

छैटौं, प्रतिस्पर्धात्मक राजनीति, मानवअधिकार र प्रेस स्वतन्त्रता विषयहरूमा पनि राज्यको तर्फबाट नयाँ प्रक्रिया सुरुवात हुनुपर्ने अपेक्षा जनताको थियो । यी तीनै विषयमा माओवादीलाई धेरै पटक आफ्नो प्रतिबद्धता जाहेर गरिसकेको छ । राज्यका विभिन्न राजकीय निकायमा सम्मानजनक प्रतिनिधित्व

गराउँदै स्वच्छ प्रतिस्पर्धाको वातावरण बनाउन स्वयं संसदीय दलहरू र सरकार तयार भएका छैनन् । अग्रगामी शक्तिलाई सहज रुपमा राज्यमा उस्थित हुन नदिनका लागि कयौं षड्यन्त्र भएका छन् । माओवादीको विरोध गर्ने भएपछि जस्तै आपराधिक तत्त्वहरूले पनि छुट पाउने, तर सामान्य त्यसको वैचारिक प्रतिवाद गर्दा माओवादीले सहमति उलंघन गरियो भनेर हल्ला पिट्ने तरिका नेपाली जनताले स्पष्टसँग बुझ्न थालेका छन् । अन्य पक्षहरूमाथि भएका मानवअधिकार उल्लंघनका सामान्य विषयलाई राष्ट्रिय मुद्दा बनाउने गरिन्छ र प्रेसद्वारा हल्ला पिटाइन्छ भने माओवादीमाथि भएका पाशविक र क्रूर आक्रमणलाई महत्त्व दिँदैनौं । उल्टै अग्रगामी रुपमा राज्यलाई अगाडि बढाउनुभन्दा पनि दोषारोपण गरेर आफ्नै सही भएको प्रस्ट गरिन्छ ।

सातौं नेपाली जनता सयौं वर्षदेखि हिन्दु जातीय एकाधिकारवादी उत्पीडनको सिकार बनेका थिए । यसको अर्थ कसैले पनि धार्मिक स्वतन्त्रता नपाउने भन्ने होइन र कसैमाथि धार्मिक दमन वा उत्पीडन नथोपरीकन धर्म मान्न पाउनुपर्छ । हाम्रो देशमा त्यस्तो रहेन । अरूका भाषाभाषी, धर्म संस्कृति र मान्यताहरूमाथि दमन गरियो र हस्तक्षेप भयो । त्यसैले जनआन्दोलनमा नेपाली जनताले विभिन्न जातीय भावनालाई संघीय संरचनामा जोड्ने विषय उठाएका थिए । त्यो प्रक्रिया यथास्थितिवादीहरूकै अकर्मण्यताका कारण अघि बढ्न सकेको छैन र जनताले आन्दोलनमा बढ्नुपर्ने महसुस गरेका छन् ।

आठौं, वगीय, क्षेत्रीय र लैंगिक उत्पीडनका सबै जराहरू समाप्त पार्ने गरी नयाँ रूपान्तरणको अपेक्षा नेपाली जनताको थियो । महिलाहरूलाई पुरुषसरह राज्यका क्षेत्रमा समावेशी बनाउने, क्षेत्रीय एवं भौगोलिक उत्पीडनमा पारिएका क्षेत्रका जनतालाई राज्यको उत्पीडनबाट मुक्तिको अनुभूति दिलाउने र अत्यन्तै उच्च तहको भ्रष्टाचारी शोषक वर्गलाई राज्यबाट कारबाही गरिनुपर्ने अपेक्षा आमनेपाली जनताको थियो । जनआन्दोलनका तीव्र दमनकारी आततायी तत्त्वहरू र ठुलठुला भ्रष्ट शोषकहरूलाई राज्यबाट उचित दण्ड वा कारबाहीको प्रक्रिया अघि नबढ्दा पनि जनतामा खिन्नता र निराशा आउनु स्वभाविकै हो । राज्यबाट यो पहल नभएको हुदा पुनः नयाँ आन्दोलनको महसुस हुन थालेको छ ।

नवौं, नेपाली जनताले नयाँ प्रकारको सापेक्षित रुपमा स्थिर तर गतिशील, स्थायी र समृद्ध आत्मनिर्भर  अर्थनीतिको सुरुवात राज्यबाट हुनेछ भन्ने अपेक्षा गरेका थिए । कतिपय प्रतिगमनकारी तत्त्वहरूका केही सामान्य अवरोध भए पनि राज्यको तर्फबाट आर्थिक जग बसाल्ने नयाँ प्रक्रिया सुरु गर्ने सवाल नै देखिँदैन । संसदीय दलहरू समेत आफ्नो विगतको चरित्रलाई सुधार्नु र सच्याउनुको साटो त्यसैललाई निरन्तरता दिएका छन्, उनीहरूले २०४६ सालपछि अभ्यास गरेको अस्थिर, अव्यवस्थित र अवैज्ञानिक अर्थनीतिकै कारण देश आर्थिक रुपमा खतम हुँदै गइरहेको छ, । यसलाई सच्याउनुभन्दा माओवादीको 'चन्दा आतंक'को कुरा गरेर चोखिने प्रयासमा छन् । त्यसैले पनि नेपाली जनताले आर्थिक नयाँपन अनुभूति गर्न पाएका छैनन् र अर्को संघर्षको प्रक्रिया अगाडि बढाउनु पर्ने महसुस गर्न थालेका छन् ।

दसौं कृषि, उद्योग, रोजगार, शिक्षा, स्वास्थ्य, व्यापार, खाद्यान्नलगायत देशका तमाम क्षेत्रमा अग्रगामी रुपान्तरणको अपेक्षा राज्यबाट नेपाली जनताले गरेका थिए, तर राज्यमा प्रतिनिधित्व गर्ने कयौं संसदीय दलहरूसँग नै नयाँ नेपाल निर्माण गर्ने स्पष्ट खाका र दृष्टिकोण छैन । फलस्वरुप उनीहरूका गतिविधि, क्रियाकलाप चरित्र यथास्थितिवादमा सीमित छन् । नयाँ नेपाल निर्माण गर्ने सवालमा राष्टिय सहमति कायम गराउनुभन्दा पनि राजकीय निकायहरूमा आफ्नो पुरानै शैली र तरिका प्रयोग गर्न उनीहरू व्यस्त छन् । त्यसैकारणले पनि जनतामा नयाँ उत्साह पैदा हुन सकिरहेको छैन र नयाँ र तेस्रो जनआन्दोलनको लागि बाध्य हुनुपर्ने मानसिकता नेपाली जनताले बनाउँदै गएका छन् ।

भावी दिनमा तुरुन्तै संविधानसभाको निर्वाचानद्वारा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र राज्यको अग्रगामी पुनर्संरचना गर्ने कार्य अगाडि बढ्दैन भने नेपाली जनतासामु पुनः एकपटक सामन्तवाद र यथास्थितिवादका विरुद्ध संघर्ष गर्नुबाहेक अर्को विकल्प छैन । यही क्रममा तेस्रो जनआन्दोलन अघि बढ्नेछ र त्यो आन्दोलनले नेपाली जनताका बाँकी अधिकार सबै खोस्न सफल हुनेछ ।

**लेखक नेकपा (माओवादी)का केन्द्रीय सदस्य हुन् ।**



**माओवादीका शब्द र व्यवहारमा देखिएका अन्तरहरू तथा मधेसी जनाधिकार फोरमसँगका मुठभेडबाट उत्पन्न हुन गएका परिस्थितिलाई आड बनाएर संविधानसभालाई भ्याएसम्म तुहाउने, नभ्याए पछाडि धकेल्ने खेलहरू मञ्चन हुन थालेका छन् ।**



■ विनोदकुमार भट्टराई

# सार्नुहुन्न संविधानसभा चुनाव

**देशको राजनीतिक** क्षितिजमा पुनः गम्भीर तुवाँलो देखापर्न थालेको छ । यसै पनि चैत र वैशाखमा हावा र धुलो मिश्रित तुवाँलोले प्राकृतिक क्षितिजलाई नै गाँज्ने गर्छ । राजनीतिक क्षितिजमा पनि मधेसी जनाधिकार फोरम र माओवादीका विभिन्न जातीय र वर्गीय संगठनहरूबीचको झडपले मोरङदेखि बर्दियासम्मका तराईका भूभाग अशान्त रहँदै आएको छ । घटना शृंखलामा सबैभन्दा पछि गौरमा माओवादी कार्यकर्ताहरूको लोमहर्षक हत्याकाण्ड हुनपुगेको छ, तर यसबाट शिक्षा लिने थोरै प्रयत्न पनि कुनै पक्षबाट भएको देखिएको छैन । दुवै पक्षलाई उत्तेजित गराई मुठभेडमा झोक्ने पक्षको सही पहिचान गरी सचेत हुनेतर्फ कसैको ध्यान गएको छैन, बरु बदलाका स्वरहरू उठ्न थालेका छन् । यसको केही दिनअघि मात्रै माओवादीद्वारा राजधानीको एक होटल व्यवसायीउपर भएको अपहरण र कुटपिटका घटनाबाट उद्वेलित भएका देशका उद्यमी व्यवसायीहरूको चर्को विरोध प्रदर्शनको व्यापक प्रचारबाट माओवादीहरूको छवि आम जनसमुदायमा निकै गिरेको पृष्ठभूमिमा घटेको गौरको जघन्य हत्याकाण्डले पनि माओवादीप्रति व्यापक सहानुभूति उब्जाउन सकेको देखिएन । यसबाहेक पनि माओवादीका उच्चपदस्थ नेताहरूबाट आफ्ना हतियार र मिलिसियाहरूबारे व्यक्त विचारहरू, क्यान्टोनमेन्टबाट सशस्त्र बाहिर आई बेला बेलामा आफ्नो बाहुबल प्रदर्शन गर्ने प्रवृत्ति, विपक्षी दलका नेता तथा कार्यकर्ताहरूको स्वतन्त्रता हरण गर्ने जस्ता कार्यहरूले माओवादीप्रतिको छविलाई निकै क्षति पुऱ्याएको छ ।

यो सत्य हो, जनआन्दोलन-२०६३ लाई उत्कर्षमा पुऱ्याउन नेकपा माओवादीले प्रमुख संवाहकको भूमिका निर्वाह गर्न सफल भएको थियो । माओवादीको त्यही संवाहक क्षमतालाई क्षतविक्षत गर्ने प्रपञ्चहरू हुनथालेको देखिन्छ एकातिर भने अर्कोतिर माओवादीहरू स्वयंले सृजना गरेका मानवअधिकार हननका विविध घटनाहरूले त्यस्ता प्रपञ्चलाई झन सहयोग पुऱ्याइरहेको देखिन्छ । यी सबैको जोडघटाउपछिको राजनीतिक बासलातमा माओवादीले तीव्ररुपमा जनसहानुभूति गुमाउन थालेको प्रतीत हुन्छ । प्रतिस्पर्धाको राजनीति गर्ने अठोट लिएको नेकपा माओवादीले जनसहानुभूति उब्जाउने कला र गुमाउने कारणहरूबाट प्रशिक्षित हुन अब बिलकुलै ढिलो गर्नुहुन्न ।

माओवादीका शब्द र व्यवहारमा देखिएका अन्तरहरू तथा मधेसी जनाधिकार फोरमसँगका मुठभेडबाट उत्पन्न हुन गएका परिस्थितिलाई आड बनाएर संविधानसभालाई भ्याएसम्म तुहाउने, नभ्याए पछाडि धकेल्ने खेलहरू मञ्चन हुन थालेका छन् । सात दलका एकदुई शीर्षस्थ नेताहरूले नै अब खुलस्तरुपमा जेठमा संविधानसभाको चुनाव हुन नसक्ने कुरा उठाउन थालेका छन् । स्वयं माओवादीका नेताहरू नै पनि जेठमा चुनाव हुन सक्ने कुरामा खुलेआम शंका व्यक्त गर्न थालेका छन् ।

देशको राजनीतिलाई चुनावविहीन गराई अस्थिर गराइराख्ने प्रपञ्च २०५८ सालदेखि सुरु भएको हो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई चुनाव गराउन 'अक्षम' भन्दै २०५८ साल असोज १८ गते अवैधानिक ढंगबाट बर्खास्त गरेको सरकारलाई पनि चुनावको नाममा समय व्यतीत गराउने काम गराए राजाले । 'अक्षम' भनिएका देउवाकै नेतृत्वमा पछि बनाएको सरकारले चुनावको तिथि घोषणा गर्ला भन्ने भयले राजाले ऐनमौकामै अपदस्त गरी २०६१ साल माघ १९ गते शासनसत्ता एकलौटी गरेका थिए । पछि चुनाव गराएर आफ्नो अधिनायकत्वलाई वैधानिक बनाउने राजाको प्रयासलाई राष्ट्रिय दलहरू र अन्तर्राष्ट्रियस्तरबाट मान्यता भएन ।

संविधानसभाको चुनावका लागि सात दल र माओवादीको प्रतिबद्धतामा अझैसम्म पनि नेपाली जनताको विश्वास कायमै छ । तर तराईमा आफ्नो स्थिति कमजोर हुँदै गएको बहानामा माओवादीले वा माओवादीको डर त्रास अझै नहटेको बहानामा प्रमुख दलहरूले चुनावलाई आफ्नो अनुकूल हुने गरी पर सार्ने कुनै पनि जमर्कोले देशलाई राजनीतिक अस्थिरताको नयाँ दुष्चक्रमा फसाउनेछ ।

प्रमुख राजनीतिक दलहरूको नेतृत्वपंक्तिमा रहेका अभिव्यक्तिलाई विचार गर्दा जेठभित्रै देशभरि नै चुनावका सम्पूर्ण कार्यहरू सक्नुपर्छ भन्ने धारणा रहेको देखिन्छ, उनीहरूमा । निश्चित रुपमा चुनावका सम्पूर्ण कार्यहरू जेठभित्र सक्न प्राविधिक कठिनाइ होलान्, तर मनशायमा कहीँ पनि खोट छैन भने चरणबद्धरुपमा चुनाव गर्न नसकिने अवस्था देशमा छैन । असार, साउन, भदौ र आश्विनमा चुनाव हुन किन नसक्ने ? झरी, खेतीपाती वा दसैंको बेलामा देशवासीहरूले आफ्नो एक दिन खर्च गरी भोट हाल्न जाँदैनन् भन्ने मानसिकता कसरी पलाएको हो ? फिनल्यान्डमा मध्य जनवरीको माइनस २५ डिग्रीमा लाइनमा उभिएर जनताले भोट हाल्न सक्छन् वा मध्य डिसेम्बरको माइनस ४० डिग्रीमा पनि राजनीतिक स्थिरताका लागि रूसमा जनताले हिमपातका मध्यमा उभिएर भोट हाल्न सक्छन् भने नेपालका जनताले पानी परेको बेलामा भोट हाल्न किन सक्दैनन् ?

संविधानसभाको चुनावलाई विभिन्न चरणमा पूरा गर्न किन नसकिने ? प्रथम चरणको चुनाव जेठमा सुरु गरी एक वा दुई महिनामा चुनाव पूरा गर्न किन नसकिने ? हाम्रो देशको सीमा जोडिएको भारतको उत्तरप्रदेश राज्यमा यही मार्चदेखि हुन लागेको चुनाव सात चरणमा दुई महिना लगाएर हुँदै छ । भारतको उत्तरप्रदेश जस्तो समथर भूमि नभएकाले हामीकहाँ तीन महिना लगाएर चुनाव गराए पनि कसैले औंला ठड्याउँदैन । तर चुनाव गराएर देशलाई स्थिरतातिर लैजाने अठोट सबै राजनीतिक दलहरूमा हुनुपर्छ ।

सात दल र माओवादीले यो प्रस्टसँग बुझ्न जरुरी छ, संविधानसभाको चुनाव एकपल्ट जेठभन्दा पर सारिएमा यो फेरि पनि नसारिने कुनै निश्चितता हुँदैन । यो अनन्तसम्म सर्दै जानेछ । किनभने संविधानसभाको चुनाव पर सार्ने निर्णय भयो भने यो संविधानसभा विरोधीहरूले वैशाख २०६३ पछि अपनाएको रणनीतिको प्रथम महत्त्वपूर्ण विजय हुनेछ । रणनीतिको सफलतालाई राजनीतिमा कसरी उपयोग गर्न सकिन्छ भन्ने तथ्य र सत्य २००७ देखि २०१७ साल पस १ गते र २०५० देखि २०६१ माघ १९ गतेसम्मको इतिहास हेरे पुग्छ । 'तर दुर्भाग्य, नेता र राजनेताहरू इतिहासबाट कहिल्यै पाठ सिक्दैनन् र फेरि पनि तिनै गल्ती दोहोऱ्याउँछन्, ट्रोयदेखि भियतनामसम्मका इतिहास त्यसैको परिणति हो ।' ■

# अकर्मण्य प्रशासन

■ **राम सरार्फ/वीरगन्ज** (तस्बिर पनि)



गोली चलेपछि घटनास्थल पुगेका स्थानीय बासिन्दाहरू

**पर्सा सदरमुकाम** वीरगन्जबाट मुस्किलले ४ किलोमिटर पश्चिमस्थित अलौ गाविसमा भएको गोलीकाण्डका कारण अहिले स्थानीय सुरक्षा व्यवस्थाको चौतर्फी आलोचना भइरहेको छ। घटनास्थलबाट करिब १ सय ५० मिटर दूरीस्थित ड्ईपोटको प्रहरी कार्यालयका प्रहरीहरू गोलीको आवाज सुनेर भागाभाग गर्नु र अपराधीहरूले चलाएको अन्धाधुन्ध गोलीबाट सात सर्वसाधारण घाइते हुनुले प्रहरी संयन्त्रको अकर्मण्यता र गैरजिम्मेवारी प्रस्ट भएको छ।

दुइटा मोटरसाइकलमा आएका चार अपराधीले सुक्खा बन्दरगाह चोकमा आधुनिक हतियारले मंगलबार बिहान अन्धाधुन्ध गोली प्रहार गर्न थालेपछि त्यहाँ रहेका प्रहरी र सर्वसाधारण भागाभाग भएका थिए। दुईवटा नेपाली नम्बर प्लेट छोपेका मोटरसाइकलमा आएका अपराधीहरूले आधुनिक मेसिन गन र पेस्तोलले लगातार गोली प्रहार गरेका थिए, तर सुक्खा बन्दरगाह चोकमा कसैलाई गोली नलागेपछि भारतीय कुख्यात अपराधी छोटेलाल सहनीको नामको पर्चा छर्दै अपराधीहरू अगाडि बढेर अलौ चोकमा अन्धाधुन्ध गोली चलाएका थिए।

घटनामा चाँदनी राइस मिलमा काम गर्ने मजदुर र गाउँबाट धान बेच्न आउने व्यक्ति घाइते भए। आपराधिक समूहले फायरिङ सकेपछि 'छोटेलाल सहनी जिन्दावाद, सञ्जु बाबा जिन्दावाद, छोटेलाल सहनीका नाम मौत है' भन्दै नारा लगाएका थिए। पछि ती अपराधीहरू 'माओवादी जिन्दावाद' भन्दै पश्चिमतिर लागेको घाइते विनोद गुप्ताले बताए। ■


IDEAL MODEL SCHOOL

Announces

ADMISSION OPEN

for the Academic Session 2064 (2007/08)




School Prospectus and Admission forms are available at the school office from Sunday to Friday between 10:00 a.m. to 3:00 p.m. at Dhobighat, Lalitpur.

LEARN ABOUT US

- Operated and patronized by a group of highly prominent educationists of the nation.
- A team of 'Qualified' 'Dedicated' and 'Experienced' faculty members.
- Quality and life related education with emphasis on personality development and positive attitude building.
- Excellent academic environment for all round development and analytical thinking enhancement.
- Spacious and fully equipped infrastructure with modern facilities.
- Numerous co-curricular activities, games and sports.

COME VISIT US, WE HAVE MUCH MORE

Limited seats for admission.

For further details contact us at: 5527703, 5521331

भारतको एउटा कुनामा जन्मेकी महिला पछि आएर नेपालको पनि विकट जिल्लामा बसेर पछाडि पारिएका महिलाहरूको हक हितको स्थापनाका कटिबद्ध रहेको कुरा निकै चाखलाग्दो छ ।

# लोकप्रिय गंगुदेवी

■ गुप्तबहादुर केसी/गोविन्द रिमाल



*कार्यक्रममा बोल्दै गंगुदेवी*

# ा महिलाबारे रिपोर्ट

**सन्दर्भ** नारीदिवस ८ मार्च २००७ तदनुसार २४ फागुन २०६३ को हो । बझाङ जिल्लाको चैनपुरमा मनाइएको नारीदिवसको कार्यक्रमको केन्द्रविन्दु बनेकी थिइन्, गंगुदेवी खडायत । उक्त कार्यक्रमको मन्तव्यको क्रममा उनले भनिन्, 'बझाङ जिल्लामा भोकमरीको समस्याले पिरोलिरहेको र पेटभरि कोदाको रोटीसमेत खान नसक्ने अवस्थामा जहाज र हेलिकोप्टरबाट रक्सी ओसारिन्छ । त्यही रक्सीको कारणले यहाँ महिला र बालबालिकाहरू घरेलु हिंसाबाट पीडित भएका छन् । यस्तो अवस्थामा पनि यहाँको प्रशासन तथा सम्बन्धित संघसंस्थाहरू टुलुटुलु हेरेर बसिरहेका छन् ।' उनको यो अभिव्यक्तिले प्रमुख जिल्ला अधिकारीसहित उपस्थित अन्य कार्यालय प्रमुखलाई स्तब्ध पारिदियो । यसअगाडि पनि महिला समूहहरू, महिला अधिकार मञ्च र अन्य संस्थाहरूको प्रयासबाट मदिरा नियन्त्रण गर्ने प्रयास गरिए पनि व्यवस्थित कार्ययोजना र सम्बन्धित सरोकारवालाहरूसँगको गहन छलफल विश्लेषण र सहमति नदेखिएकाले पुनः मदिरा बिक्री वितरण र उपभोगमा अनियन्त्रण भएको बताउँछिन् । उनले चुनौतीसमेत दिँदै भनिन्, 'यदि प्रहरी प्रशासनले यस्तो खालको विकृति र विसंगति नरोक्ने र जनताको करबाट तलब खाएर जनताको संरक्षण नगर्ने हो भने हामी सबै महिलाहरू स्वतःस्फूर्तरुपमा विनाबर्दीका सिपाही बनेर यसको नियन्त्रण गर्न पहल गर्नेछौं ।'

आफू बसेको ठाउँ प्राकृतिक रुपले रमणीय र एकान्त भए पनि सधैंभरि बसिरहँदा कहिलेकाहीँ आफूलाई जेलमा बसेजस्तो भएको अनुभव बताउँछिन् । यस्तो परिवेशमा बसेर यहाँका महिला दिदीबहिनीहरूलाई आफ्नो हकअधिकार सुनिश्चित गर्नको लागि उनीहरूमाथि भएका थिचोमिचो, विभेद र सामन्ती संस्कारबाट उम्कनको लागि आफूजस्ता अरू बझाङे महिलाहरूलाई काँधमा काँध मिलाएर आफ्नो आवाज बुलन्द पार्नको लागि अनुरोधसमेत गरिन् ।

बझाङका सबै महिला निरक्षर र नबुझेका भने होइनन्, तर बुझेकाहरू पनि एकातिर बुझ पचाइरहेका छन् भने अर्कोतिर उनीहरू घरभित्रैको कामधन्दामा रमाइरहेका उदाहरण प्रस्तुत गर्दै समग्र महिलाहरूको उत्थानका लागि सामूहिक प्रयासमा ठेस लागेका तितो अनुभव पनि पोखिन् । साधारण प्रौढशिक्षा लिएर सामान्य अक्षर पढ्न र लेख्न सक्ने भएपछि आफूमा आएको आँट र आत्मविश्वासलाई तुलना गर्दै यहाँका पढेलेखेका महिलाहरूलाई महिला हक र अधिकार स्थापित गर्ने कार्यमा सघाउन आग्रहसमेत गरिन् ।

बदलिँदो राजनीतिक परिवेश र अनुकूल वातावरणलाई नियाल्दा महिला हक हित स्थापित गर्नको लागि थुप्रै अवसर प्राप्त हुने भएकाले उनले आफ्ना भनाइ यसरी राखिन्, 'अवसरहरू भनेको अंगुरको झुप्पा जस्तै थुप्रै लटरम्म लहराहरूमा झुन्ड झुन्ड भएर बसिरहेका छन्, ती झुन्डहरू मुखमा त्यसै आएर बस्दैनन् ।' त्यसलाई लिन सक्ने र खान सक्ने सीप र आँट हामीमा हुनुपर्छ भन्ने रोचक उदाहरण पनि प्रस्तुत गर्दै महिलाहरू जोस जाँगरका साथ संगठित हुन आह्वानसमेत गरिन् ।

यी गंगुदेवी खडायत दक्षिण भारतको कर्णाटक प्रदेशको कनाडा गाउँमा एक साधारण कृषक परिवारमा जन्मेकी हुन् । उनी हाल ४२ वर्षकी छिन् । धेरै परिवार संख्या (८ बहिनी र ४ भाइ) तथा निम्न



गंगुदेवी

आर्थिकस्तरको कारण उनी बाल्यकालदेखि नै पढाइभन्दा रोजगारीमा ध्यान दिन बाध्य भइन् । फलस्वरुप उनी १५ वर्षको उमेरमा कर्णाटक र १८ वर्षको उमेरदेखि बेङलोर सहरमा सेठको घरमा काम गरिन् । उनले त्यस बेला महिना भरी काम गर्दा खान लगाउन समेत पाएर ५ सय रुपैयाँ पाउँथिन् । करिब २२ वर्षको उमेरमा केही दिनको बिदाका लागि घरमा फर्कंदा बाबुले उनलाई कामबाट छुटाउने र विवाह गर्नका लागि बाध्य बनाउन खोजे । आफूले आँट गरेर उनी स्वयं प्रस्तावित केटोसँग गएर वार्ता गर्दा उनले थाहा पाइन्, ऊ त दोस्रो विवाह गर्नको लागि पो तयार भएको रहेछ । उनले विवाहको कुरा अस्वीकार गर्दै भनिन्, 'म बिग्रेकी छैन, त्यसकारण बिग्रेको केटासँग विवाह गर्दिनँ ।' त्यसपछि उनी पुनः बेङलोर पुरानो काममा फर्किइन् ।

उनीले सेठको घरमा काम गर्दा खाना पकाउने काममा दक्षता हासिल गरेकी थिइन् । त्यसैले सेठहरूको प्रायः भोजमा उनैलाई खाना पकाउने जिम्मा दिइन्थ्यो । यस्तै भोजको क्रममा अर्को सेठको काम गर्ने नेपाली जवान (दिलबहादुर खडायत)सँग सेठमार्फत नै बिहेको प्रस्ताव आयो । आखिर २२ वर्षको उमेरमा उसैसँग विवाह भयो । विवाहपश्चात् तुरुन्त नेपाल आएकी उनलाई श्रीमान्ले बझाङ पाराकाट्नेस्थित आफ्नो घरमा छाडेर पुनः भारतमा नै काममा फर्किए । सुरुमा त उनलाई धेरै कठिनाइ परे, सबैले देसी भनेर हेप्थे । जसमा पहिलो त भाषा नै प्रमुख समस्या थियो भने अन्यमा रहनसहन, चालचलन, संस्कृति, घरका अन्य सदस्यहरूको असहज व्यवहार थिए । तर के गर्ने कर्मको खेल यस्तै हो भनेर उनले जस्तो परिस्थितिसँग पनि जुध्न तयार हुनुपर्छ भन्ने आँट लिएर हरेक बाधालाई अवसरको रूपमा उपयोग गर्दै सहज बनाउन प्रयत्न गरेकी थिइन् ।

विकासको सहयोगीका रुपमा गाउँमा आएको उदय हिमाल नेटवर्क भन्ने संस्थाको कर्मचारीहरूसँग भेट भयो । उनीहरूसँग सबै कुरा बुझेर त्यस संस्थाबाट संचालित ६ महिने प्रौढकक्षामा सक्रिय रुपमा अध्ययन गर्न थालिन् । साथै लक्ष्मी वचत समूहको समेत सदस्य बनिन् । पुनः अर्को ६ महिने प्रौढकक्षामा सहभागी भएर उनी सामान्य लेख्न र पढ्न सक्ने भएको बताउँछिन् । त्यस बेलादेखि उनीमा केही गर्न सकिन्छ भन्ने आँट बढेको थियो । सोही क्रममा फेरि युनाइटेड मिसन टु नेपालबाट सोही समूहमा तरकारी वीउ उत्पादन तालिमको अवसर आयो । त्यसमा उनी सहभागी भइन् । विस्तारै उनको अन्य महिलाहरूसँगको हेलमेल बढ्दै गएको र उनको सक्रियता देखेर अरूको हेपाइमा पनि कमी आयो । उनको उत्साह र साहसमा टेवा पुऱ्याउने यिनै सहयोगी संस्थाहरू प्रेरणाका स्रोतहरू भएको कुरा बताउँछिन् ।

यसरी भारतको एउटा कुनामा जन्मेकी महिला पछि आएर नेपालको पनि विकट जिल्लामा बसेर पछाडि पारिएका महिलाहरूको हक हितको स्थापनाका कटिबद्ध रहेको कुरा निकै चाखलाग्दो छ । उनी हाल आएर राजनीतिमा पनि सक्रिय छन् । उनी भन्छिन्, 'महिलाहरू राजनीतिमा संलग्न नहुँदा र नीति निर्माणका तहमा नपुग्दासम्म पुरुषले बाँडेको कोटा, दया र मायामा मात्र सीमित रहेमा १०० वर्षसम्म पनि नेपाली महिलाको अवस्था दयनीय नै रहन्छ ।' उनको सक्रियता र संलग्नता समाजको हरेक ठाउँमा रहेको पाइन्छ । उनी स्कुल व्यवस्थापन समितिमा सदस्य, अखिल महिला संघको सदस्य, गाउँको सामुदायिक वन उपभोक्ता समितिमा अध्यक्ष, सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला समितिको उपाध्यक्ष, गाविस महिला अधिकार मञ्चको सदस्य, जिल्लास्तरीय महिला अधिकार मञ्चको पूर्व उपाध्यक्ष, जिविसको पूर्व इलाका सदस्य, नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य भएर काम गरेको अनुभव बताउँछिन् । उनले हालैमात्र आफैं उपभोक्ता समितिको अध्यक्ष भएर डिएफडिपी/जिविस र स्थानीय श्रमदानबाट आफ्नो गाउँमा ६ लाख रुपैयाँ बराबरको उपस्वास्थ्यचौकी भवनको निर्माण गरेकी छन् । हाल उनी जिल्ला जनस्वास्थ्य कार्यालयमा स्वास्थ्यकर्मचारीको दरबन्दी कायम गर्न जिल्ला सदरमुकाम धाइरहेकी छन् । उनको कामप्रतिको सक्रियता र लगनशीलता देखेर सबैले खुलेर प्रशंसा गर्छन् ।

उनले समाजमा रहेको अन्धविश्वास र रुढिवादी चुनौती दिँदै महिलाले हलो जोत्न हुँदैन भन्ने कुरालाई साहसपूर्वक आफ्नो खेत जोतेर देखाइन् । आफ्नो काम गर्नका लागि के पुरुष के महिला समझदारी भएमा जे काम पनि दुवैले गर्न सकिन्छ भन्ने विश्वास उनमा पाइन्छ । यस्तो साहसिलो कदम चाल्नाले त्यहाँका अन्य महिलालाई थप हौसला मिलेको छ । उनको कामको कदर स्वरुप गत वर्षको नारी दिवसमा जिल्लास्तरीय महिला अधिकार मञ्चबाट पुरस्कृतसमेत भएकी थिइन् । सामान्य लेखपढ भएकी तर प्रतिबद्धता र आँट भएकी गंगुदेवीलाई समाजमा परिवर्तन गर्न सकिन्छ भन्ने विश्वास छ । आगामी दिनमा कम्तीमा जिल्ला विकास समितिको सभापति साथै पार्टीको जिल्ला नेतृत्वमा पुगेर महिलाको हक र अधिकार सुनिश्चित गर्ने कार्यमा लाग्ने योजना रहेको गर्वका साथ बताउँछिन् ।

अहिलेको बदलिँदो राजनीतिक परिवेश, समावेशी र समानुपातिक स्रोत वितरण प्रणाली र विकटतालाई चिर्दै नयाँ नेपालको निर्माण गर्ने अवसरमा जुटेका नेपाल सरकार, राजनीतिक दल, गैरसरकारी संघसंस्थाहरू साथै नागरिक समाज र प्रतेक व्यक्तिहरूको महत्त्वपूर्ण भूमिका रहने देखिन्छ । यो सोच र प्रक्रियालाई वास्तविक रुपमा कार्यान्वयन गर्न बझाङ जिल्ला पाराकाट्ने गाविस निवासी गंगुदेवी खडायतको जस्तो दृष्टिकोण र आत्मविश्वास अन्य ग्रामीण महिला र पुरुषहरूमा पनि हुनु पर्ने देखिन्छ । ●

**गाविस सचिवहरू** गाउँ फर्किए पनि गाउँलेका आवश्यकताअनुसारका विकास योजना कार्यान्वयन गर्न पाएका छैनन् । सचिवहरू अहिले जन्म, विवाह, मृत्यु दर्ता र सम्बन्ध विच्छेद तथा बसाइसराइ जस्ता व्यक्तिगत घटना दर्ता गर्ने बाहेकका काम गर्न वञ्चित छन् । माओवादीले अवरोध सिर्जना गरेपछि अहिले गाविसको परिषद् बस्न पाएको छैन । यसले गर्दा सम्पूर्ण विकास योजनाहरू प्रभावित भएका छन् ।

उनीहरूसँग आँट र जाँगर दुवै छ । तैपनि, कास्कीको घान्द्रुक गाउँका बासिन्दाले आफ्नो गाउँमा मोटर पुऱ्याउने सपना पूरा गर्न पाएका छैनन् । बेसीसम्म आइपुगेको बाटो आफ्नै आँगनमा ल्याइपुऱ्याउने बजेटको जोहो पनि गर्न सक्छन्, उनीहरू । तर, बाटोका लागि गैंचीको एक डोब पनि पर्न पाएको छैन । यसको मूल कारण हो माओवादी ।

सदन र सडक दुवैतिर खुट्टा राखेको माओवादीले अहिले घान्द्रुकमा जस्तै कुनै पनि गाउँ विकास समितिमा विकास निर्माणका काम हुन दिएको छैन ।

गाउँमा सचिव पुगे पनि गाउँ परिषद् बस्न माओवादीले रोक लगाएको छ । परिषद् बस्न नपाएपछि गाउँका लागि कुनै पनि विकासे योजना बनाउन नपाइएका कारण घान्द्रुकवासीले आफ्नो गाउँमा मोटरबाटो बनाउने सपना पूरा हुन नसकेको हो ।

गाउँका लागि छुट्याएको १० लाख रुपैयाँ लगेर गाउँका लागि मोटरबाटो बनाउने काममा खर्चने घान्द्रुकेहरूको योजना छ, तर गाउँपरिषद्ले योजना पारित गर्न नपाउँदा जिविसबाट उक्त रुपैयाँ गाउँ पुग्न पाएको छैन । माओवादीले विगत लामो समयदेखि गाउँपरिषद् बस्न अवरोध पुऱ्याउँदै आएको छ । घान्द्रुकको बेसीसम्म अहिले मोटरबाटो बनिसकेको छ । त्यही बाटो मुख्य घान्द्रुक गाउँमै पुऱ्याउने माग घान्द्रुकवासीले गर्दै आएका छन् ।

सरकार र माओवादीकै सहमतिमा गाविस सचिवहरू गाउँ फर्केका थिए, तर उनीहरूले गाउँ पुगेर पनि गाउँलेहरूसँग नाकमुख देखाउन नसक्ने अवस्था छ । विकास निर्माणको एउटा पनि काम नगर्न माओवादीहरूले उर्दी जारी गरेपछि सामान्य प्रशासनिक कामबाहेक केहीमा हात हाल्न पाएका छैनन्, सचिवहरूले । घान्द्रुक गाउँका सचिव छविलाल पौडेलका अनुसार अहिले सचिवहरूले केवल तीनवटा मात्रै काम गर्न पाएका छन् । नागरिकता वितरण, मतदाता नामावली संकलन र पञ्जीकरणहरू । पञ्जीकरणमा व्यक्तिगत घटना जस्तै जन्म, विवाह, मृत्यु दर्ता र सम्बन्ध विच्छेद तथा बसाइसराइ जस्ता काम पर्छन् ।

प्रोपब्लिक, भ्रष्टाचारविरुद्ध नागरिक समाज परियोजना कास्कीले घान्द्रुक गाउँमा आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा घान्द्रुकका आमाहरूले माओवादीप्रति निकै आक्रोशसमेत पोखे । उनीहरूले आफ्नो गाउँमा मोटरबाटो ल्याउने काममा सहयोग गर्नुको साटो असहयोग गरेकोमा माओवादीप्रति दुखेसो पोखेका थिए । दिलकुमारी गुरुङले माओवादीले बाटो बनाउन सहयोग गरेमा भोटसमेत सबै आमाहरूले दिने आश्वासन दिँदा पनि कार्यक्रममा उपस्थित माओवादी प्रतिनिधिको मन पग्लिएन । हरिमाया गुरुङ र नन्दा गुरुङ लगायत धैरै आमाहरूले रोइकराइ गर्दा समेत हुन्न कि हुन्न भन्ने जवाफ दिइन्, माओवादी प्रतिनिधि सासाले । त्यसपछि आक्रोशित स्थानीय बासिन्दा भक्तबहादुर गुरुङले माओवादी घान्द्रुक आए ढुंगा गुल्ट्याउनेसम्मको चेतावनी दिए । केन्द्रमा अन्तरिम सरकार गठन र संविधानसभाको मिति तय गर्न दबाब दिन गाउँ गाउँका विकास निर्माण रोक्नु परेको माओवादी कास्की इलाका नम्बर १२ की इन्चार्ज समेत रहेकी सासाको स्पष्टोक्ति थियो ।

गाउँपरिषद् बस्न दिएर योजना बनाए जिविसले दिने १० लाख र अरू थप रकम ल्याउन सजिलो हुन्छ । परियोजनाका संचार अधिकृत सुरेश रानाभाटले यो सरकारको रकम गाउँमा पस्न नदिने माओवादी आफैंले रकम दिनसक्नु पर्ने त्यो गर्न नसक्नेले अरूले दिने रकम रोक्न नमिल्ने बताउँछन् ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार गाउँपरिषद् र जिविसपरिषद् बैठक सकेर फागुनभित्रै योजना राष्ट्रिय योजना आयोगमा पठाउनुपर्ने हुन्छ, चैतको दोस्रो साताभित्र । तर यो म्याद गुज्रिसकेको छ । 'त्यसैले कयौं करोड रकम फिज्र हुँदै छ ।' माओवादी दबाबमा परेका जिल्ला विकास समिति कास्कीका एक अधिकारी भन्छन्, 'कास्कीका गाविसहरूको मात्रै ४ करोड रुपैयाँ फ्रिज हुँदै छ ।'

स्थानीय माओवादी कार्यकर्ताहरूको सहमतिमा कास्कीका माझठाना, रूपाकोट र सिद्धमा परिषद् बसेको थियो । परिषद् बसेर योजना पारित गरी ती गाविसले पैसा पनि निकासा गराए । तर माओवादीले पार्टी नीतिविपरीत सहमति दिएको भनी आफ्ना इलाकास्तरीय कार्यकर्ताहरूलाई कारबाही गरेको छ । उता, माओवादीकै कारण कास्कीका विभिन्न ठाउँबाट गिटी तथा बालुवाहरूको कर संकलनमा अवरोध सिर्जना गरेका छन् । तीनवटा घाटबाट उनीहरू आफैंले रकम उठाएका कारण अहिले जिविसले कर उठाउन पाएको छैन । माओवादीका कारण अहिले जिविसका सबैजसो योजनाहरूको तालिका नै अवरुद्ध भएको अधिकारीहरूले बताएका छन् ।

■ **केशव लामिछाने/घान्द्रुक, कास्की** (तस्बिर पनि)

# माओवादीद्वारा निर्माणमा अवरोध



माओवादीले बाटो निर्माण गर्न अवरोध गरेपछि आक्रोशित घान्द्रुकवासी

### आफ्नो किपट बलजफ्ती खोसिएकामा लिम्बूहरूलाई पीडा भयो तर विद्रोह गर्न सकेनन्

# मेन्छ्यायम डाँडाको वेदना



■ मे.ज. कुमार फुङ्वोङ (अ.प्रा.)

**पूर्वी नेपालको** तेह्रथुम, संखुवासभा र ताप्लेजुङ जिल्लाको सिमानामा पर्ने तीनजुरे, मिल्के र जलजले डाँडाहरूको जैविक विविधता संरक्षणको लागि सामुदायिक वन कि संरक्षण क्षेत्र भन्ने विषयमा प्राकृतिक स्रोत र साधन समितिले केही दिनअगाडि छलफल कार्यक्रम राखेको थियो । छलफलमा सम्बन्धित मन्त्री, सचिव, विधायक र विज्ञ सहभागी थिए । विभिन्न प्रजातिका गुराँस पाइने हुँदा यो इलाकाले विशेष पर्यटकीय महत्त्व राख्छ । यसबारे विस्तृत योजना बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यले स्थानीय गुराँस संरक्षण व्यवस्थापन समिति लालीगुराँस महोत्सव- २०६४ मनाउने तयारीमा जुटेको छ । तीनजुरे वन खर्क मेरो पुस्ताहरूको पैतृक किपट (स्वामित्व) भएकाले यो इलाकाको सरोकारमात्र होइन, यो इलाकाको विकास र संरक्षणमा मेरो विशेष चासो छ । लिम्बू भाषामा यो शृंखलालाई मेन्छ्यायम डाँडो भनिन्छ ।

लिम्बूहरूको स्वतन्त्र राज्य पृथ्वीनारायण शाहको एकीकरण अभियानले विसं. १८३१ मा नेपाल राज्यमा गाभियो । यसका लागि पृथ्वीनारायणले लिम्बुवान क्षेत्रमा स्वायत्तता कायम राख्ने सम्झौता (लालमोहर) गर्नु परेको थियो । लिम्बुवानको ऐतिहासिक पहिचान रहेकाले यो क्षेत्रका खर्क, जैविक विविधतासँग आदिवासी लिम्बूहरूको आत्मीय सम्बन्ध छ । उनीहरूको जीवन निर्वाहको साधन अझै पनि भूमि तथा प्राकृतिक स्रोत नै हो ।

पुरानो वंशावली, तमसुक केलाएर हेर्दा, भोग चलन गर्दै आएको भू-स्वामित्व किपटमाथि आप्रवासी हिन्दु जातिहरूले एकीकरणपछि करिब ८० वर्षसम्म दखल गर्न सकेनन् । त्यस बेलासम्म राम्रो खेतीयोग्य जमिन प्रशस्त भएको र जंगल किपट स्वामित्व भएकाले हाम्रो पुर्खाहरूको आर्थिकस्तर राम्रो थियो । खेत व्यासीमा एकै दिन ६० हल गोरु जोताई धान रोप्ने, मंसीरमा घरको छतमा दाइँ गराउने मेरो पुर्ख्यौलीबारे गाउँका बुढापाकाले अझै पनि कथा हाल्छन् । यो वास्तविकताले मेरो पुर्खाहरूको कथा मात्र होइन, सबै किपटिया आदिवासी लिम्बूहरूको आर्थिकस्तर प्रतिविम्बित गर्छ ।

इतिहासलाई नियालेर हेर्दा लिम्बूहरूको पीडा, दुःख गरिबी विसं. १९१० मा जंगबहादुर राणाले देशमा मुलुकी ऐन लागू गरेपछि सुरु भएको देखिन्छ । यो जातीय विभेदकारी ऐन, लिम्बुवान क्षेत्रमा बसोवास गर्न आउने बाहुन जातिलाई स्थानीय आदिवासीमाथि दमन र शोषण गर्न ठूलो साधन बन्यो । उनीहरूले मुलुकी ऐनलाई आर्थिक लाभका लागि प्रयोग गरे, सामाजिक विभेदको बीउ रोप्न सफल भए, किनकि लिम्बू जातिमा ठूलो जात र सानो जात विभेद चलन थिएन, अझै पनि छैन । धार्मिक शोषण गर्ने साधन बन्यो, यो । पैतृक इतिहासलाई हेर्दा पहिलोपटक विसं. १९३० मा मेरा गाउँका सुवेदी खलकले तीनजुरे खर्क बढ (भाडा)मा उपभोग गरेको पाइन्छ । त्यसपछि क्रमानुसार गाउँ वरिपरिका खत्री, आचार्यले बढ लेनदेन प्रणालीमा खर्क गाइगोठको लागि उपभोग गरेका प्रमाण भेटिन्छन् । त्यस बेला आदिवासी लिम्बूहरूलाई बढ लिने र दिने कागजपत्रको शोषण गर्ने चलनको मर्म व्यथा अर्कै छ ।

बढप्रथाले किपटिया लिम्बूहरूको खेतजमिन बाहिरबाट आएका हिन्दु जातिहरूले उपभोग गर्न सुरु गरे । किपट भू-स्वामित्व कालान्तरमा रैकरमा परिणत हुन थाल्यो । आदिवासी लिम्बूहरूले समय परिस्थितिअनुसार आफूलाई रुपान्तरण गर्न सकेनन् । लिम्बूहरू गरिब र दुःखी हुँदै गए, बाध्यतावश कयौं परिवारको उठीवास भयो । कोही आसाम, कोही वर्मा बसाइसराइ गर्न थाले । पछि कोही तराईमा बसोवास गर्न थाले । तर लिम्बूहरूको किपट कायम हुन्जेल लिम्बुवानको जंगल, खर्क, जैविक विविधता सुरक्षित रहयो । यसको मूल कारण जीवन निर्वाहको आधार यिनै प्राकृतिक स्रोत भएकाले हो ।

राजा महेन्द्रले पञ्चायत व्यवस्था देशमा लागू गरेपछि विसं २०२१ सालमा किपट राष्ट्रियकरण भयो । यो समय लिम्बुवानमा जन्मी हुर्केका गैरलिम्बूहरू नै राज्यसत्तामा पुगेका थिए । व्यक्तिगत रुपमा किपटिया लिम्बूहरूमाथि आफ्नो पुर्खाहरूले आर्थिक शोषण गरेका यी नेताले बुझ्ने प्रयास गरेनन् । राज्यशक्तिले उन्मत्त भएका यस्ता व्यक्ति किपटिया लिम्बूहरूलाई क्षतिपूर्ति नदिई खर्क जंगल राष्ट्रियकरण गर्न पाउँदा सन्तुष्ट भए । भूमिसुधार लागू भयो, त्यसपछि लिम्बूहरूको वनजंगलसँग भावनात्मक सम्बन्ध टुट्यो । फलतः पहाडी जनजातिमा सबैभन्दा बढी गरिबीको रेखामुनि ७१ प्रतिशत आदिवासी लिम्बूहरू भएको सन् १९९८ को तथ्यांकले देखाउँछ ।

आफ्नो किपट बलजफ्ती खोसिएकामा पीडा लिम्बूहरूलाई भयो, तर लिम्बू समाज विद्रोहमा उत्रीन सकेन । लिम्बुवान नेपालमा गाभिँदा लिम्बूले पाएको लालमोहरमा लेखिएको रहेछ, किपट खोसियो भने शाहवंशीय राजाको पनि विनाश होस् । आजभोलि धेरै बुढापाका तथा नयाँ लिम्बू पुस्ताहरू भन्छन्, 'राजाले लिम्बूसँगको ऐतिहासिक वाचा तोडे, अब राजतन्त्रको पनि अन्त्य हुन्छ ।'

किपट राष्ट्रियकरण भएपछि लिम्बुवान क्षेत्रको वन जंगलमा वन विभाग पस्यो । वन सुरक्षामा खटिएका कर्मचारी सबै बाहिरका थिए । यिनीहरूको त्यसभित्र पर्ने, खर्क जैविक विविधतासँग कुनै भावनात्मक सम्बन्ध थिएन । जंगल फडानी सुरु भयो । मेन्छ्यायमको मालिंगो घारीभित्र बस्न रुचाउने वन्यजन्तुहरू लोप हुँदै गए । पञ्चायत व्यवस्था अन्त्य भयो । बहुदल व्यवस्थामा यो क्षेत्र स्वार्थी र धूर्तवर्गको पकडमा गयो । राज्यले वनविनाश रोक्न सकेन । सामूहिक वनको नाममा संरक्षण प्रयास भयो । मेन्छ्यायम इलाकालाई २०५५ सालमा राज्यले लालीगुराँस संरक्षण क्षेत्रसमेत घोषणा गर्‍यो । त्यसपछि एनजिओहरूले संरक्षणको नाममा डलरखेती गर्न थाले । मेरो ठुल्दाइ करिब ८० वर्षको उमेरमा इटहरीबाट पहाड गाउँ हेर्न गएका थिए, गत साल । उनी भन्छन्, 'तीनजुरे खर्कको नाम निसान मेटिएको छ, बोकेदारी जस्ता केही रुख जंगलको भग्नावशेष मात्र देखिन्छ ।' पैतृक स्वामित्व भएको जंगल मासिँदा उनलाई दुःख लाग्छ ।

तत्कालीन सरकारले संरक्षण क्षेत्र घोषणा गर्‍यो । तर, वन तथा वातावरण मन्त्रालयले यसलाई कसरी व्यवस्थापन गर्ने चासो राखेन । किनकि यो क्षेत्रका भूमिपुत्रहरू राज्यका नीति निर्माण गर्ने पदमा कहिले पनि पुग्न सकेनन् । संरक्षण क्षेत्र घोषित भएको दस वर्ष भयो । अस्तिको छलफल कार्यक्रममा सम्बन्धित सचिवहरू भन्थे, 'यस घोषणालाई बजेटमा पनि प्रकाशित गरिएको छैन ।' उनीहरू स्वीकार गर्छन्, 'त्यो क्षेत्रको जतिसुकै महत्त्व भए पनि स्थलगत उनीहरूले निरीक्षण गरेका छैनन् ।' नदेखेपछि के हो के हो, यस्तो प्रोजेक्टमा बजेट छुट्याउन सम्बन्धित सचिव, नीति निर्मातालाई यसले आकर्षण गर्न सकेन । केन्द्रीकृत राज्य व्यवस्थाले क्षेत्रीय विकास हुँदैन भन्ने यसले स्वतः प्रमाणित गर्छ ।

राष्ट्रिय लालीगुराँस संरक्षण व्यवस्थापन समितिले २०६४ वैशाख ९-१३ मा तेह्रथुम वसन्तपुरमा महोत्सव मनाउँदै छ । यस्तो महोत्सवले यो इलाकाको महत्त्व बढाउँछ । योभन्दा महत्त्वपूर्ण विषय, नेपाल सरकारले जैविक विविधता लालीगुराँस वन संरक्षण तथा पर्यटकीय थलोको बृहत् दीर्घकालीन गुरुयोजना निर्माण गर्नु आवश्यक छ । बृहत् गुरुयोजना तयार भएपछि मात्र पर्यटकीय इलाकासँगै संरक्षित क्षेत्र निर्धारण गर्नु पर्छ । यसपछि चरणबद्धरुपले योजना लागू भएमा यो इलाकावरपर ५० हजार जनसंख्या भएका पिछडिएका गरिब जनतालाई आर्थिक टेवा मिल्न सक्छ । संघीय व्यवस्था प्रणाली लागू भएपछि मेन्छ्यायम डाँडा लिम्बुवान स्वायत्त क्षेत्रको सुन्दर राजधानी बन्न सक्ने देखिन्छ । ■




# संकटग्रस्त दैनिकी

■ **मधुसूदन पौडेल/काठमाडौं**

**दैनिक उपभोग्य** पेट्रोलियम पदार्थ र खाना पकाउने एलपी ग्याँसको अभावमा राजधानीको जनजीवन संकटग्रस्त बनेको छ। नेपाल आयल निगमले पछिल्लो समयमा पेट्रोलियम पदार्थको आपूर्ति सहज बनाइएको दाबी गरे पनि उपभोक्ताहरू दिनभर लाइनमा पालो कुरेर पनि आवश्यक मात्रामा तेल पाउन सकिरहेका छैनन्। केही महिनादेखि अभावको अवस्थामा रहेको खाना पकाउने ग्याँस उद्योग व्यवसायीहरूले औपचारिक रुपमै नै बन्द गरिदिएपछि ग्याँसको समस्या चर्को बनिरहेको छ। दैनिक अत्यावश्यक यी वस्तुहरूको आपूर्ति सहज बनाउन सरकारको ध्यान गएको छैन। निगम उही पुरानैशैलीमा बजारमा तेलको अभाव नरहेको बताएर पेट्रोल पम्पहरूमा लागेको लामको खिल्ली उडाइरहेको छ।

बजारमा तेलको सहज आपूर्ति हुन नसक्नुमा मधेसमा फैलिएको हिंसात्मक आन्दोलन मुख्य कारण हो। निगमका कार्यकारी निर्देशक विश्वनाथ गोयल भन्छन्, 'हामी आवश्यक पेट्रोलियम पदार्थ राजधानी ल्याउन प्रयासरत छौं। तर, मधेसमा जारी आन्दोलनका कारण यो सम्भव हुन सकिरहेको छैन।' निगमका अधिकारीहरूका अनुसार मधेसकेन्द्रित आन्दोलन गरिरहेको मधेसी जनाधिकार फोरमका कार्यकर्ताले राजधानीमा तेल आपूर्ति केन्द्र अमलेखगन्जमा अवरोध पुऱ्याइरहेका छन्, जसका कारण राजधानीमा आवश्यक तेल भित्र्याउन सकिएको छैन। कार्यकारी निर्देशक गोयलका अनुसार केही दिनअघिसम्म उनीहरूले भारतबाट नेपालमा तेल आयात गरिने सीमा नाकाबाटै तेल ल्याउन दिएका थिएनन्। पछिल्ला दिनहरूमा यो अवरोधमा केही कमी आएपछि सुरक्षाकर्मीको 'स्कर्टिङ'मा राजधानीमा तुलनात्मक रूपमा बढी परिमाणमा तेल भित्र्याउन थालिएको छ।

चैत ७ गते गौरमा २८ जनाको हत्या गर्नुअघि फोरमले आन्दोलनको एक अंशका रूपमा तराईका भन्सार नाकाहरू बन्द गराएको थियो जसका कारण आमनागरिकको जीवनमा तुरुन्तै असर पार्ने तेलको अभाव राजधानीलगायत मुलुकका अन्य सहर र गाउँहरूले पनि व्यहोर्नु परेको छ। पछिल्ला दिनहरूमा पनि फोरमले तेल आपूर्ति गर्ने निगमका ट्यांकरहरू जलाउने र आपूर्तिमा अवरोध पुऱ्याउने गतिविधि भने कायमै राखेको छ।

राजधानीमा मुख्यरूपमा पेट्रोलको हाहाकार मचिएपछि निगमले सुरक्षाकर्मीहरूको स्कर्टिङमा रातिको समयमा पेट्रोल राजधानीमा भित्र्याउने प्रयास जारी राखेको छ। सामान्यतया बजारको मागअनुसारको पेट्रोल बजारमा पठाइएको दाबी निगमका कार्यकारी निर्देशक गोयलले गरेका छन्। उनका अनुसार यो साता राजधानीको मागअनुसारको तेल निगमले वितरण गरेको छ। उनले दाबी गरेजस्तो उपभोक्ताले राहतको अनुभूति गर्न भने सकिरहेका छैनन्। निगमका अनुसार काठमाडौंमा प्रतिदिन १ लाख ८० हजार लिटर पेट्रोलको माग छ, तर लामो समयदेखि आवश्यक मात्रामा तेल पाउन नसकिरहेका उपभोक्ताका लागि निगमले बजारमा पठाएको तेल अपुग भइरहेको छ। तेल आयातको नाका वीरगन्ज क्षेत्रमा वातावरण सहज बनेमा तेल आपूर्तिमा समस्या नहुने तर ढुवानीमा अवरोध आउँदा राजधानीलगायत मुलुकका अन्य सहरहरूमा पनि समस्या थपिने गोयल बताउँछन्।

तर नेपाली बजारमा तेल आपूर्तिमा समस्या आउनुको अर्को कारण भने निगमको आर्थिक संकट पनि हो। भारतीय आयल निगम (आइओसी)बाट खरिद गरिएको तेलको रकम बुझाउन नसक्दा निगमले त्यहाँबाट आवश्यकताअनुसारको तेल



**नेपाल आयल निगमले पछिल्लो समयमा पेट्रोलियम पदार्थको आपूर्ति सहज बनाइएको दाबी गरे पनि उपभोक्ताहरू दिनभर लाइनमा पालो कुरेर पनि आवश्यक मात्रामा तेल पाउन सकिरहेका छैनन् । केही महिनादेखि अभावको अवस्थामा रहेको खाना पकाउने ग्याँस उद्योग व्यवसायीहरूले औपचारिक रुपमै नै बन्द गरिदिएपछि ग्याँसको समस्या चर्को बनिरहेको छ ।**

आपूर्ति गर्न सकिरहेको छैन । ढुवानीका लागि मधेसका नाकाहरूमा वातावरण सहज बनेको अवस्थामा पनि आर्थिक अभावका कारण निगमले थप तेल आयात गर्ने र भण्डारण गरेर राख्न नसक्दा सानो समस्यामा पनि तेलको चर्को संकट हुने गरेको छ । अधिकारीहरूका अनुसार राजधानीमा रहेका तेल डिपोहरूमा रहन सक्ने न्यूनतम भण्डारण पनि रकमकै अभावमा सम्भव भएको छैन ।

विगत केही महिनाहरूमा अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्यमा कमी आएका कारण निगमले राहतको सास फेरेको थियो । तर, फेरि तेलको मूल्यवृद्धि भएका कारण निगमले मासिक १५ करोड रुपैयाँको नोक्सानी व्यहोर्न सुरु गरेको जानकारी गोयलले दिएका छन् । जसले तेल आपूर्तिलाई थप संकटमा पारेको छ ।

निगमले अहिले आइओसीलाई ८ अर्ब रुपैयाँ ऋण तिर्न बाँकी छ । आइओसीले उक्त ऋण तिर्न निगमलाई चर्को दबाब दिएको मात्रै छैन, तेल आपूर्तिमा कटौतीसमेत गरिदिएको छ । स्रोतका अनुसार रकम भुक्तानीमा सन्तुलन नआएका कारण आइओसीले नेपाललाई बिक्री गर्ने तेलमा ३० प्रतिशतसम्मले कटौती गरेको छ । पछिल्लो समयमा मासिक नेपालले किन्ने तेलको मूल्यबाहेक थप १५ करोड रुपैयाँ भुक्तानी नगरेमा तेल कटौती गर्ने नीति आइओसीले लिएको थियो । तर अहिले नेपालले खरिदबाहेकको रकम तिर्नुको साटो मासिक १५ करोड रुपैयाँ कम तिरिरहेको जानकारी गोयलले दिएका छन् । तेल राजनीतिका कारण अन्तर्राष्ट्रिय बजारअनुसार नेपालमा तेलको मूल्य समायोजन हुन नसक्दा निगमको आर्थिक अवस्था निकै दयनीय छ । मुलुकका वाणिज्य बैंकहरूलाई तिर्न ५ अर्ब रुपैयाँसहित निगमको कुल ऋण १३ अर्ब रुपैयाँ नाघिसकेको छ ।

## नयाँ सम्झौता

निगम र आइओसीबीच नेपालमा तेल खरिदबिक्रीको मामिलामा नयाँ सम्झौता गरिँदै छ । उक्त सम्झौताबमोजिम अप्रिल १ तारिखदेखि आगामी पाँच वर्षका लागि आइओसीबाट नेपालले पेट्रोलियम पदार्थ आयात गर्नेछ । यो सम्झौताका सबै तयारी पूरा भएका छन् । सम्झौता नवीकरणमा पनि नेपालले तिर्न बाँकी ऋण 'बहस'का रुपमा उपस्थित भएको छ ।

संक्रमणकालीन अवस्थामा रहेको नेपाललाई सहयोग गर्ने पक्षमा भारतीय सरकार देखिएको भए पनि तेल खरिद बिक्रीको मामिला एउटा शुद्ध व्यापारिक कारोवार भएकाले बाँकी ऋण समयमै तिर्नुपर्ने अडानमा भारतीय सरकारको पेट्रोलियम मन्त्रालय देखिएको छ । भारतीय विदेशमन्त्री प्रणव मुखर्जीले नेपालमा विकास हुँदै गरेको नयाँ राजनीतिक परिस्थितिबीच ऋणको विषयलाई मुख्य मुद्दा नबनाई पेट्रोलियम सम्झौता नवीकरण गर्न पेट्रोलियम मन्त्रालयलाई आग्रह गरेको बताइएको छ । तर, निगमका कार्यकारी निर्देशक गोयलका अनुसार विदेश मन्त्रालयको उक्त आग्रहलाई पेट्रोलियम मन्त्रालयले गम्भीरतापूर्वक लिएको छैन । दुई देशको सम्बन्ध सुधार्ने काम विदेश मन्त्रालयको रहेको तर त्यसका नाममा पेट्रोलियम मन्त्रालयले तेलको ऋण असुलीमा कुनै पुनर्विचार गर्न नसक्ने धारणा राखिसकेको जानकारी निगमका अधिकारीहरूले पनि पाएका छन् । नयाँ सम्झौताका लागि मार्च २८ तरिखदेखि सुरु हुने द्विपक्षीय वार्तामा यो विषयले मुख्य प्राथमिकता पाउने भए पनि सोही समस्याका कारण सम्झौता नवीकरणमा कुनै अवरोध आउने सम्भावना भने छैन । तेल निर्यातक मुलुकहरूबाट आउने तेल नेपालले भने आइओसीमार्फत खरिद गर्दै आएको छ । आर्थिक मामिलाका केही विज्ञहरूले तेल आपूर्तिका लागि नेपाल आइओसीमा मात्रै निर्भर हुन नहुने तर्क पनि राख्दै आएका छन् ।

## ग्याँस पनि ठप्प

मधेसी आन्दोलनका कारण गत माघदेखि राजधानीमा अभाव रहेको ग्याँस यो सातादेखि भने ठप्प हुन पुगेको छ । वीरगन्ज नाकाबाट ग्याँस आपूर्ति गर्न समस्या उत्पन्न भइरहँदा ग्याँस व्यवसायीले निगमसँग तीनसूत्रीय माग राखी ग्याँस आपूर्ति नगर्ने निर्णय गरेका छन् जसका कारण आम उपभोक्ता ग्याँसको संकटमा फसेका छन् ।

नेपालमा खुलेका करिब दुई दर्जन ग्याँस कम्पनीहरूले निगममार्फत नै ग्याँसको आपूर्ति गर्दै आएका छन् । निगमका अनुसार प्रतिसिलिन्डर २ सय ४७ रुपैयाँ नोक्सानी व्यहोरेर निगमले उपभोक्तालाई ग्याँस उपलब्ध गराउँदै आएको छ । जति बढी ग्याँसको आयात गर्‍यो निगमको नोक्सानी पनि बढ्ने भएकाले निगमले ग्याँस आयातमा सीमितता अपनाउँदै आएको छ, जुन कुराको अन्त्य हुनु पर्ने माग व्यवसायीले गरेका छन् ।

नेपाल एलपी ग्याँस उद्योग संघका अनुसार अहिले नेपालमा मासिक १० हजार मेट्रिक टन ग्याँसको माग रहेको छ । तर, निगमले ७ हजार मेट्रिक टन मात्रै आपूर्ति गर्दै आएको छ । यो अवस्थाका कारण नेपालको बजारमा ग्याँसको अभाव जहिले पनि कायमै रहने तर्क संघले अगाडि सारेको छ । निगम पनि ग्याँसको आपूर्ति बढाउने मामिलामा सकारात्मक रहे पनि आर्थिक संकटबीच ग्याँस आपूर्ति बढाउन नसकिएको बताउँछ । ग्याँस आपूर्ति बढाउन फेरि पनि आइओसीको बक्यौता तिर्नु आवश्यक छ, जुन आर्थिक संकटका कारण सम्भव देखिएको छैन । व्यवसायीहरू कम्तीमा मासिक १० हजार मेट्रिक टन ग्याँस आयातका लागि निगमले इजाजत दिनु पर्ने माग गरिरहेका छन् । ग्याँस आपूर्तिका लागि वीरगन्ज नाका प्रयोग गरिँदै आएकोमा अहिले अन्य नाकाहरू प्रयोग गर्नुपर्दा ढुवानी भाडा बढेको भन्दै व्यवसायीले २१ प्रतिशतले ढुवानी भाडा बढाउनु पर्ने अर्को माग राखेका छन् । यो माग कार्यान्वयनमा ल्याउनासाथ ग्याँसको मूल्यवृद्धि गर्नु पर्छ, जसको विपक्षमा अहिलेको सरकार छ । विभिन्न ग्याँस प्रशोधन केन्द्रका लागि खरिददर फरक-फरक निर्धारण गरिनु पर्ने माग पनि उनीहरूको छ ।

तेलको संकटका कारण उपभोक्ताले संकट व्यहोरिरहेका बेला ग्याँस आयातकर्ताहरूले ढुवानी ठप्प पारेर थप कष्ट व्यहोर्न बाध्य पारेका छन् । मागका बारेमा छलफल गर्न सकिने निगमले बताएको छ । व्यवसायीहरू भने सरकार समस्यामा रहेको समयमा आफ्ना माग पूरा गराउन आपूर्ति नै बन्द गर्ने तहमा ओर्लिएका छन्, जुन कदमप्रति आम उपभोक्ता सहमत छैनन् । ■

# सक्षम स्वरोजगार

■ राजेश घिमिरे/काठमाडौं



आफ्ना सहकर्मीहरूसँगै धूप बनाउँदै पार्वती राई



घर, पसल वा मन्दिरमा धूपको सुगन्धमा रम्दा सायदै कसैले अगरबत्तीको हरेक सिन्काका पछाडि लुकेको अर्थतन्त्र र रोजगारीका हिसाबकिताबलाई याद गर्छ। यो हिसाबकिताब बुझ्न त धनुषा र उदयपुरका गाउँमा जानु पर्ने हुन्छ, जहाँ मानिसहरूको मेहनत, उनीहरूको रचना, सृजना र लगन धूपको सुगन्धभन्दा कता कता माथि लाग्छ। ती क्षेत्रमा दुई छाकको जोहो गर्न असफल मानिसहरू धूप वा धुपसम्बन्धी अन्य कच्चापदार्थ बनाएर आफ्नो जीवनमा उल्लेखनीय परिवर्तन ल्याइरहेका छन्।

पत्याउनुहोस् वा नपत्याउनुहोस् तर सिन्का काटेकै भरमा पोहोर सालसम्म अर्काको घरमा बस्ने धनुषा जमुनीवासकी हीरामाया लामाले यसपालि १० धुर जग्गा किनिन् र घर बनाइन् ।

उनले *समय*लाई भनिन्, 'यो काम सजिलो लाग्यो, खानलाउन पनि पुगेकै छ, दुःख पनि छैन । पहिले त अर्काकोमा ज्यालादारीमा काम गर्न जान पर्थ्यो । दिनभरि अर्काको खट्यो, पाउने बेलामा थोरै दाम । अहिले सिन्काको काम त आफ्नै घरमा गर्ने हो, सजिलो पनि छ ।'



लघुउद्यमका मार्फतबाट आफ्नो जीवनमा व्यापक परिवर्तन गरेका उदयपुरको एक मुसहर परिवार

समय

उनले बनाएका सिन्का धूप उद्योगमा आपूर्ति हुन्छ । वास्तवमा घर, पसल वा मन्दिरमा धूपको सुगन्धमा रम्दा सायदै कसैले अगरबत्तीको हरेक सिन्काका पछाडि लुकेको अर्थतन्त्र र रोजगरीका हिसाबकिताबलाई याद गर्छ । यो हिसाबकिताब बुझ्न त धनुषा र उदयपुरका गाउँमा जानु पर्ने हुन्छ, जहाँ मानिसहरूको मेहनत, उनीहरूको रचना, सृजना र लगन धूपको सुगन्धभन्दा कता कता माथि लाग्छ । ती क्षेत्रमा दुई छाकको जोहो गर्न असफल मानिसहरू धूप वा धूपसम्बन्धी अन्य कच्चापदार्थ बनाएर आफ्नो जीवनमा उल्लेखनीय परिवर्तन ल्याइरहेका छन् ।

चरम गरिबीको रेखामुनि बाँच्न बाध्य ३१ प्रतिशत नेपालीको जीवनस्तर उकास्नका लागि नेपालमा धेरै किसिमका विकासका कार्यक्रम लागू भएका छन्, तर गरिबी आशागरेअनुरूप घट्न सकेको छैन । किनकि अधिकांश कार्यक्रमको समस्या एउटै किसिमको छ । प्रायः विकासे कार्यक्रमहरूले गरिबलाई सीपमूलक तालिम दिन्छन्, तर उनीहरूसँग त्यो सीप परिचालनका लागि स्रोत नै हुँदैन । स्रोत भएका ठाउँमा सीप नै छैन । दुवै भएर उत्पादन गरिए बजार नै हुँदैन । ती सबै भए लगानी गर्ने नै हुँदैन । यसबाट गरिबहरूको जीवनस्तरमा खासै परिवर्तन आउन सकेको छैन ।

तर नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको संयुक्त प्रयासमा सुरु गरेको लघुउद्यम विकास कार्यक्रमले भने त्यस्ता खालका विकासे कार्यक्रमहरूलाई चुनौती नै दिएको छ ।

उदयपुरमा कार्यरत लघुउद्यमविज्ञ राजन केसी भन्छन्, 'लघुउद्यम कार्यक्रममा ६ वटा मुख्य तत्त्वहरू छन्, उद्यमशीलता, सीप, बजारीकरण, उपयुक्त प्रविधि, लघुकर्जा र उत्पादकत्व । यी ६ तत्त्व व्यवसाय विकासका लागि नभई नहुने तत्त्व हुन् । यसअगाडि आएका कार्यक्रममा ६ मध्ये १ वा २ वटामा मात्र ध्यान दिएर अगाडि बढ्थे । त्यसो गर्दा कार्यक्रमको आफ्नो लक्ष्य पूरा भए पनि गरिबी न्यूनीकरणचाहिँ खासै प्रभावकारी रुपमा भएको देखिएको थिएन ।'

यसको राम्रो उदाहरण दिँदै राष्ट्रसंघीय विकास कार्यक्रम अधिकृत नवीना श्रेष्ठ भन्छिन्, 'यो कार्यक्रमचाहिँ अरूभन्दा अलिकति फरक छ । पहिलाका धेरैजसो कार्यक्रम मागका पछाडि जाने खालका थिए । जस्तो : सिलाइबुनाइको तालिम दियो एउटै गाउँका २०-३० जनालाई सिलाइ बुनाइको तालिम दियो । त्यसले बजार त पाउँदैन नि । लघुउद्यमको राम्रो पक्ष भनेको नै बजार के छ, स्रोत के छ र अर्को त्यहाँ सीप के छ सबै कुरालाई ध्यान दिएर काम गरेको छ ।'

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता निरञ्जन बराल पनि यसमा सहमत छन्, 'जिल्लाको स्रोत, बजार, सीपजस्ता विषयहरूमा अध्ययन गरेर काम गर्दा सफल हुँदो रहेछ भन्ने एउटा उदाहरण हो, लघुउद्यम विकास कार्यक्रम । छेउछाउमा भएको प्राकृतिक स्रोतलाई बजारसँग जोड्न चाहिने सीप र लघु कर्जाको व्यवस्था गरिदियो भने गरिबहरू सक्षम स्वरोजगार हुनसक्दा रहेछन् भन्ने कुरा यसले देखाएको छ । यसो गर्दा उनीहरू आफूमात्र होइन अरूलाई पनि रोजगारी दिन सक्दा रहेछन् र आफ्नो परिवारको आम्दानीमा साह्रै ठूलो बढोत्तरी गर्नसक्दा रहेछन् भन्ने कुरा देखिएको छ ।

वास्तवमा सही खालको कार्यक्रम आएमा नेपाली गरिबहरूको मेहनत, ज्ञान र सीप थपिएपछि आज नेपालका हजारौं परिवारहरू आफ्ना लागि दुई छाकको जोहोसँगै केटाकेटीलाई पढाउन र उनीहरूका लागि लत्ताकपडाको व्यवस्था गर्न सक्षम हुनसक्दा रहेछन् । गरिबहरूको आम्दानीमा भएको बढोत्तरीले सहस्राब्दी विकास लक्ष्य प्राप्त गर्नका लागि पनि उत्तिकै सहयोगी बनिरहेको छ । सहस्राब्दी विकास लक्ष्यका गरिबी न्यूनीकरणसँगै प्राथमिक शिक्षा प्राप्ति, शिशु र मातृ मृत्युदर घटाउनेजस्ता लक्ष्य प्राप्तिमा समेत यो कार्यक्रम सहयोगी हुने देखिएको छ ।

यसकै एउटा उदाहरण हुन्, सबैले अंकल भन्ने धनुषा भुचकपुर रमौली गाउँका रामबहादुर रमौली मगर । उनको सफलता उनको आँगनमा सधैंजस्तो लाग्ने मेलाले नै देखाउँछ । रामबहादुरलाई २ सय ५० घरका मानिसले हरेक दिन एक क्विन्टल धूप आपूर्ति गर्छन् ।

धूप उत्पादनलाई घर घरमा स्थापित गर्न रामबहादुरले निकै धेरै मेहनत गरेका छन् । धूपका लागि आवश्यक अधिकांश कच्चापदार्थ भारतबाट आयात गर्ने बाध्यतालाई पन्छाउन उनले निकै खोज पनि गरे ।

उनी भन्छन्, 'पहिला पहिला त कच्चापदार्थ सबै भारतबाट नै ल्याइन्थ्यो । सिन्का, कोइलाजस्ता कुरा त नेपालमा नै पाइन सम्भव भयो, तर हामीले भारतबाट आउने जिकेट भनेको के हो भन्ने नै बुझेनौं । अनेकन् प्रयोग गरियो, हामीले दसैंतिहारमा गाउँघरमा सेल पकाउँदा हाल्ने काउलो लगाएर हाल्यौं । त्यसले काम गर्‍यो र राम्रै

अगरबत्ती बन्यो, अहिले त हामी भारतीय अगरबत्तीभन्दा पनि गुणस्तरका हिसाबले राम्रो बनाउन थालेका छौं ।'

लघुउद्यम विकास कार्यक्रमका राष्ट्रिय कार्यक्रम प्रबन्धक डा. लक्ष्मण पुनको भनाइमा निकै धेरै अनुसन्धानपछि भारतबाट आउने जिकेट पाउडर त हाम्रो नेपाली काउलोको धुलो नै रहेछ । यो हाम्रै वनपाखामा पाइने काउलोका बोटबाट बोक्रा आपूर्ति भएपछि प्रशोधित रुपमा नेपाल आयात गरिँदो रहेछ । डा. पुन भन्छन्, 'पहिले

सिन्का भारतको गयाबाट आउँदो रहेछ, कोइलाको धुलो पनि उतैबाट, जिकेट पनि उतैबाट सेन्ट पनि उत्तैबाट अनि धूपको खोल पनि भारतमै तयार भएर आउँदो रहेछ, हाम्रो त मेहनत मात्र रहेछ । सोझो अर्थमा भन्दा १०० रुपैयाँको धूप बनाउँदा ८५ देखि ९० रुपैयाँ भारतमै जाँदो रहेछ । अहिले १०० को १०० नै नेपालमै बस्छ ।'

नेपाली धूपलाई गुणस्तरीय बनाउनका लागि रामबहादुर सल्ला, धुपी र खयरका बोक्राका धुलो हालेर अझै पनि प्रयोग गर्दै छन् । अहिले उनी गाउँका मानिसहरूलाई सम्पूर्ण कच्चापदार्थ दिन्छन्, गाउँलेहरू धूप बनाएर उनलाई नै फिर्ता दिन्छन् र उनी प्याकिङ गरेर जनकपुर लगायतका स्थानीय बजारमा पठाउँछन् । यो प्रक्रियामा पूरै गाउँ एउटा

उद्योगका रुपमा विकसित हुँदै छ र स्थानीय बासिन्दाहरू आफ्नो घरमा आफ्नै काम गर्न पाउँदा दंग छन् ।

पहिले नुनतेलको जोहो गर्न समेत दुःख भएकी स्थानीय मनमाया रमौली भन्छिन्, 'पहिले निकै दुःख थियो हामीलाई अहिले राम्रै भएको छ । बच्चाहरू पढाउनका लागि यताउति गर्नका लागि पैसा भएको छ । आफूलाई खानलाउन यही धूपबाट पुगेको छ । अहिले १५ दिनमा १२ सय १५ सयसम्म कमाइन्छ ।'

स्थानीय माया थापा पनि मनमायाको कुरोमा सहमत छिन् । उनी भन्छिन्, 'पहिले पहिलेभन्दा अहिले सजिलो भएको छ, पहिले ज्यालादारी काम गरिन्थ्यो, दिनभरि घाममा खट्नु पर्थ्यो । अहिले बसीबसी गर्ने सजिलो काम पाएको छ । नानीसँग खेल्यो, नानीका आमाहरूलाई सजिलो भएको छ ।'

अनेकन् प्रयोग गर्न रुचाउने ललन झा अहिले भारतमा भर पर्नु पर्ने सुगन्ध सेन्टको विकल्प निकाल्नमा व्यस्त छन् । यसका लागि उनी भारतका अनेकौं सहरहरूको चक्कर लगाइसकेका छन् । जनकपुरको कदमचोकको भाडाको घरले आवास, प्रयोगशाला र धूप कारखानाको काम दिइरहेको छ ।

ललन झा भन्छन्, 'पहिले हामी सेन्ट भारतबाट ल्याउँथ्यौं, त्यहाँ ८ सय देखि ११ हजार रुपैयाँ लिन्थ्यो । भारतमा गएर सेन्ट बनाउने प्रविधि हेरें । त्यो त हामीकहाँ रक्सी बनाउने जस्तै प्रविधि रहेछ । सयपत्री फूल, तुलसीको पात र ल्वाङलाई काटेर, युरिया मल हालेर ४-५ दिन राख्दा रहेछन् अनि रक्सी बनाएझैं सेन्ट बनाउँदा रहेछन् । अहिले म पनि त्यसै गर्छु । गाउँतिर रक्सी बनाउने ठाउँमा जान्छु र सेन्ट बनाउँछु । अहिले ५ सय रुपैयाँमात्र पर्छ । बाटाखर्च पनि बच्यो, झन्झट पनि भएन ।

ललनले नेपालको बजार राम्ररी बुझेका छन् । त्यसैले निकै आशावादी छन् ।

ललन भन्छन्, 'नेपाली धूपको बजारमा निकै धेरै माग छ । यहाँ कम्तीमा १०-१२ हजार मानिसले धूप बनायो भने मात्र मागको पूर्ति हुनसक्छ ।

उदयपुर बगाहाकी पार्वती राई आफ्नो ठाउँमा अर्को ठूलो ग्राम उद्योग विस्तारको तयारीमा छन् । उनी जमुनीवासबाट सिन्का मगाउँछिन्, उदयपुरकै जलजलेबाट काउलो र गोलको धुलो मगाउँछिन् अनि आफ्नजिकका २५ जना दिदीबहिनीसँग मिलेर धूप उत्पादन गर्छिन् । यहाँ जातीय र भाषिकजस्ता सबै विभेद त्यागेर महिला एकजुट भएका छन्, गरिबीविरुद्ध संर्घषका लागि, आफ्नो र आफूवरपरका सबैको उत्थानका लागि ।

राजधानीमा आयोजित विभिन्न प्रदर्शनीहरूमा राम्रो व्यापार गर्न सफल पार्वतीलाई अरू कामभन्दा यो काम ठिक लागेको छ । यही काममा लागि उनले खेलाडी र प्रशिक्षकको आफ्नो पूर्व पेसा चटक्क छोडेकी छन् ।

पार्वती राई भन्छिन्, 'यो उद्यमबाट महिलाले दुई पैसा पोल्टामा च्याप्ने, दुई पैसा लिएर आत्मनिर्भर भएर बाँच्ने व्यवसाय रहेछ । यो कुरा महसुस गरेर नै यो पेसामा लागेकी हुँ । यो पेसाबाट म मात्र बाँचेकी छैन, २५ जना दिदीबहिनी आबद्ध हुनुहुन्छ, मैले साथ पाएकी छु । हुनत पहिले पनि पाएकी हुँ, तर २५ जना दिदीबहिनीको मुटु रगतको सम्बन्ध छ । एकदमै नजिकै छौं हामी ।'

आफ्नै वरपर पाइने, गोलको धुलो, काउलो, सल्ला, धुपी र खयरलगायतका रूखको धुलो अनि बाँसको सिन्का जस्तो सबैतिर उपलब्ध प्राकृतिक स्रोतको उपयोग गरी धूप बनाएर बेच्न नजान्दासम्म धेरै मानिसको जीवन अहिले खाए भरे के खाने भन्ने थियो । तर अहिले जीवन फेरिएको छ र मुहारमा मुस्कान छरिएको छ । ■



**खेतीबाट गुजारा नचलेपछि विकल्पको खोजीमा रहेको एक मधेसी परिवार**

समय

# न नीति न लघुकर्जा

**लघुउद्यममा** सबैभन्दा ठूलो समस्या नीति र लघुकर्जाको अभाव हो । एकातिर लघुउद्यमसम्बन्धी सरकारी नीति छैन भने अर्कातिर बैंकिङ क्षेत्र यस्ता स-साना उद्यमीमा लगानी गर्नबाट पन्छिएका देखिन्छन् । यसबाट थुप्रै खाले व्यवहारिक र कानुनी समस्याहरू देखापरेका छन् ।

लघुउद्यम विज्ञ राजन केसी भन्छन्, 'सरकारी नीतिमा प्राथमिक कर्जाको कुरा धेरै सुनिन्छ । यथार्थमा एउटा किसानले आफूसँग भएको दुई कठ्ठा जग्गा बैंकमा राख्न खोज्यो भने पनि उनले ऋण पाउँदैन । अब त्यो प्राथमिक कर्जा कहाँ गयो भन्ने ? ठूला बैंकको कुरा गर्दा गाडी किन्नलाई ५-६ प्रतिशत ब्याजमा पाइन्छ । यस्तो खालको व्यवसाय गर्नका लागि अहिलेको न्यूनतम ब्याज भनेको १६ प्रतिशत हो, तर १६ प्रतिशतमा पनि सम्बन्धित उद्यमीले ऋण पाइरहेका छैनन् ।'

उनका अनुसार त्यसको विकल्पमा गाउँघरमा चलेको २४ देखि ३६ प्रतिशत ब्याज तिरेर यस्तो खालको लघुव्यवसाय गर्न पर्छ, जुन धेरै गाह्रो कुरा हो ।

राष्ट्रसंघीय विकास कार्यक्रमकी नवीना श्रेष्ठ भन्छिन्, 'नीतिको समस्या त छँदै छ । हामीसँग त लघुउद्यमको परिभाषासमेत छैन । परिभाषा छैन भने त्यसमा काम गर्न अप्ठ्यारो त भइहाल्छ ।'

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता निरञ्जन बराल लघु उद्यमसम्बन्धी नीतिको मस्यौदा बनाएको बताउँछन्, तर उनी त्यसलाई अहिले तयार गरिँदै गरेको औद्योगिक नीतिमा एउटा भागका रुपमा ल्याउन सके दिगो हुनसक्ने भएकाले नै उक्त नीतिमा नै समावेश गर्न खोजिएको जानकारी पनि दिन्छन् । प्रवक्ता बरालको शब्दमा, 'अहिले हामी औद्योगिक नीति बनाउने क्रममा छौं । त्यसका लागि अन्तरमन्त्रालयको प्रतिक्रियाका लागि पठाएका छौं । त्यसमा हामीले लघु उद्यमको परिभाषा पनि गरेका छौं, सुविधाका कुरा पनि गरेका छौं । यसलाई फोकस गर्नु पर्छ भन्ने कुरा पनि गरेका छौं । हाल नेपाल सरकारले ३ वर्षको प्लान पिरियडलाई रिमोडेल गर्दै छ । त्यसमा पनि हामीले लघु उद्यमलाई विकासको आधार बनाउनु पर्छ, विस्तारको आधार बनाउनु पर्छ, स्वरोजगार वृद्धिको आधार बनाउनु पर्छ भनेर त्यसमा पनि पारेका छौं ।'

लघुउद्यममा लगानी गर्न बैंकहरू हिचकिचाइरहेका बारेमा प्रवक्ता बराल भन्छन्, 'वास्तवमा वित्तीय संस्था वा बैंकमा गइयो र आफ्नो परिचय दिइयो भने उनीहरूले घरमै गाडी पुऱ्याउन ल्याउने स्थिति छ । तर अर्कोतिर विचरा २-४ हजार रुपैयाँ लिएर व्यापार गर्ने मान्छेलाई ३० प्रतिशतसम्म ब्याज तिर्नु पर्छ । लघु उद्यम वा साना किसानजस्ता भरपर्दा कार्यक्रम परिलक्षित गर्ने कार्यक्रम आएन भने सायद हामीले सबै ठाउँमा कुरा उठाउनु पर्ला ।'

**अहिलेसम्म एकजना पनि हेपाटाइटिस 'बी'को रोगीले मलाई यो रोग छ वा छैन भनेर परीक्षण गर्न विशेष स्वास्थ्यपरीक्षण केन्द्रहरूमा सम्पर्क गरेको छैन । उनीहरू कुनै कारणवश वा विदेश जाने क्रममा परीक्षण गर्दा मात्र हेपाटाइटिस 'बी'को रोगी भएको पत्ता लागेको हो ।**




■ मालिका भण्डारी

# फैलँदो खतरा

**नेपालका सहरी क्षेत्रमा** हेपाटाइटिस 'बी'रोग तीव्र रुपमा फैलिने क्रममा छ । हाम्रो मुलुकमा यो रोग फैलनुको पहिलो कारण अज्ञानता नै हो भने अर्को कारण युवायुवतीको लापरवाही हो भने अर्को कारणचाहिँ स्वास्थ्यक्षेत्रमा काम गर्ने-गराउने वा चिकित्सकको लापरवाही हो । एक तथ्यांकअनुसार नेपालमा करिब २७ लाखदेखि ३० लाखसम्म यो रोगका विरामी रहेका छन् । यो रोग लागेको मानिसमा पहिलो ६ महिनासम्म कुनै किसिमका लक्षण देखानपर्ने भएकाले पनि यो रोग यसरी व्यापक रूपमा फैलिन थालेको हो ।

आजसम्मको तथ्यांकअनुसार अहिलेसम्म एकजना पनि हेपाटाइटिस 'बी'को रोगीले मलाई यो रोग छ वा छैन भनेर परीक्षण गर्न विशेष स्वास्थ्यपरीक्षण केन्द्रहरूमा सम्पर्क गरेको छैन । उनीहरू कुनै कारणवश वा विदेश जाने क्रममा परीक्षण गर्दा मात्र हेपाटाइटिस 'बी'को रोगी भएको पत्ता लागेको हो । यस्तो परिस्थितिमा हामी सबैले 'आफू पनि बचौं र अरूलाई पनि बचाऔं' भन्ने पवित्र उद्देश्य लिएर रगत परीक्षण गराएको खण्डमा यो रोगको रोकथाममा निकै मद्दत पुग्ने थियो । तर हाम्रो सामाजिक र सांस्कृतिक संरचनाको कारणले गर्दा यो रोगबाट पीडित विरामीसमेतले उपचार नगराई लुकाएर यो रोग फैलिन भन्नै मद्दत गराइरहेका छन् ।



## के हो हेपाटाइटिस 'बी'?

भाइरसको कारणले कलेजो सुन्निने रोगलाई हेपाटाइटिस भन्निछ । यो रोग विशेषगरी लामो समयसम्म रक्सी सेवन गर्ने मानिसलाई देखा पर्छ । ए, बी, सी, ई र डेल्टा फ्याक्टरजस्ता भाइरसहरूका कारण हेपाटाइटिस हुन्छ । यो भाइरसले शरीरमा संक्रमण गर्छ, त्यहीअनुसार हेपाटाइटिसको नाम दिइन्छ ।

धेरैजसो हेपाटाइटिस 'बी' संक्रमित मानिसलाई ६ महिनाभित्र हेपाटाइटिस 'बी' भाइरस हराएर जान्छ । यो अवस्था हेपाटाइटिस 'बी'को गम्भीर अवस्थामा आउने गर्छ । लगभग विश्वमा १० प्रतिशत मानिसहरू हेपाटाइटिस 'बी'को भाइरसबाट क्रोनिक वा जीवनभर संक्रमण हुने गर्छन् । क्रोनिक हेपाटाइटिस 'बी' संक्रमित मानिसमा धेरैजसो लक्षणहरू देखा पर्दैन, जसले गर्दा थाहा नभईकन अरू मानिसहरूलाई यो रोग सार्न मद्दत पुग्छ । क्रोनिक हेपाटाइटिस 'बी' भएका मानिसहरूलाई कलेजो किरोसिस र कलेजो क्यान्सर भएर स्थायी रुपमा कलेजो क्षतिग्रस्त हुने सम्भावना बढी हुन्छ ।

गम्भीर प्रकृतिको हेपाटाइटिस 'बी'मा १ महिनादेखि ६ महिनासम्म लक्षणहरू देखापर्न थाल्छन् । शरीरले हेपाटाइटिस 'बी' भाइरसको संक्रमणसँग प्रतिक्रिया गर्दा धेरै कलेजोको कोष खराब भई कलेजो सुन्निने गर्छ, जहाँ कलेजोबाट कलेजोको इन्जाइमहरू बाहिर निस्केर रगतमा मिसिन्छ र त्यो रगतमा कलेजो इन्जाइमहरूको मात्रा रगतमा धेरै हुन्छ । हेपाटाइटिस 'बी' भाइरसले कलेजोको क्लटिङ फ्याक्टर उत्पादन गर्ने क्षमता असर पार्छ, जसले गर्दा ब्लड क्लड हुन धेरै समय लाग्छ । कसरी सर्छ ?

यो रोग विशेषगरी रगतलगायतका शरीरजन्य तरल पदार्थका माध्यमबाट सर्ने गर्छ । यो रोग सर्ने अरू विभिन्न माध्यमहरू छन् । स्वास्थ्य केन्द्रहरूमा संक्रमित व्यक्तिको रगतसँग सम्पर्क भयो भने डाक्टर, नर्स तथा अन्य स्वास्थ्यकर्मीहरूमा पनि देखापर्न सक्छ । संक्रमित व्यक्तिसँग असुरक्षित यौनसम्पर्कबाट पनि सर्न सक्छ भने एक-अर्कामा संक्रमित सुई साटासाट गर्नाले र संक्रमित उपकरणले शरीरमा ट्याटु बनाउने तथा घोच्ने गरेमा वा संक्रमित आमाबाट जन्मिने बच्चाहरूमा र राम्ररी नजाँची रगत प्रत्यारोपण गरेमा पनि हेपाटाइटिस 'बी' हुनसक्छ ।

## लक्षणहरू

हेपाटाइटिस 'बी'रोगमा सुरुका लक्षणहरूमा वाक्वाकी लाग्ने, बान्ता हुने, खान मन नलाग्ने, पेट दुख्ने, जन्डिस र पहैंलो पिसाब देखा पर्ने गर्दछ । पछि गएर यो रोगमा कलेजो किरोसिस र कलेजाको क्यान्सर भई कलेजो खराब पनि हुने गर्छ ।

सुरुको अवस्थामा लगभग १ प्रतिशत हेपाटाइटिस 'बी'भएका विरामीहरू कलेजो खराब भई मृत्युको सिकार हुन बाध्य हुन्छन् । हेपाटाइटिस 'बी'क्रोनिक हुनको लागि संक्रमणको समयमा मानिसको उमेरअनुसार पनि फरक पार्छ ।

## उपचार

साधारण हेपाटाइटिसमा विशेषगरी कुनै उपचारको आवश्यकता पर्दैन । तर बेलाबेलामा कलेजोका कार्यहरू साथै कलेजो एन्जाइमहरूको परीक्षण गर्नुपर्छ । कलेजो खराब भएको विरामीलाई कलेजो प्रत्यारोपण गर्नु जरुरी हुन्छ । यस रोगमा अरू उपचार गर्नुको मुख्य कारण कलेजो सुन्निएको साथै यसमा देखिने लक्षणहरू कम गराउन र संक्रमणलाई बढ्न नदिनु मात्र हो ।

यस रोग लागेका विरामीहरूले विशेषगरी खानमा सतर्कता अपनाउनु पर्छ । जस्तैः बढी प्रोटिन भएको खानेकुरा नखाने, माछामासु र रक्सी सेवन नगर्ने, चिल्लोपिरो बढी नखाने, फलफूलका साथै रेसादार खानेकुरा बढी मात्रामा खाने गर्नु पर्छ ।

**मालिका राष्ट्रिय कलेजो रोग उपचार केन्द्रसँग सम्बद्ध छन् ।**

उपाधि जितेपछि हर्षित हुँदै श्रीस्टार टिम




# लक्ष्य ह्याट्रिक

**एक महिनाभित्र** दुई ठूला फुटबल उपाधि जितेपछि नबिल श्रीस्टार झन् महत्त्वाकांक्षी बनेको छ। पोखरामा आहा गोल्डकप जितेर धरान आएको श्रीस्टारले नवौं बुढासुब्बामा पनि सफलता हात पारेपछि चैत १५ गतेदेखि सुरु भएको इटहरी गोल्डकपमा आँखा लगाएको छ। श्रीस्टार एकै वर्ष तीनवटा प्रतियोगिता जित्दै उपाधिमा ह्याट्रिक गर्ने सुरमा छ।

श्रीस्टारका प्रशिक्षक बालगोपाल महर्जनको भनाइमा आहा र बुढासुब्बा जत्तिकै चुनौतीपूर्ण हुनेछ, इटहरी गोल्डकप। तर, सबै खेलाडी निपुण हुनु र तिनमा समन्वय तथा साझा भावना देखिनु श्रीस्टारको लागि जस्तोसुकै चुनौती पार गर्ने अस्त्रको रुपमा रहँदै आएको महर्जन बताउँछन्। 'लिगमा तेस्रो स्थानमै चित्त बुझाउनुपर्दा खेलाडीको मनोबल घटेको थियो, प्रायोजक र शुभचिन्तकहरू निरास थिए', महर्जन भन्छन्, 'तर, हामीले एक महिनाभित्रै दुईवटा महत्त्वपूर्ण नकआउट उपाधि जित्यौं, जसले फेरि सबैको मनोबल बढेको छ।'

फागुन २९ गतेदेखि सञ्चालित नवौं बुढासुब्बा गोल्डकपको सेमिफाइनलमा एनआरटीलाई २-०ले हराउँदा नै श्रीस्टारमा उपाधि जित्ने आत्मविश्वास पलाइसकेको थियो। किनभने, श्रीस्टारले हराएको एनआरटी लिग प्रतिस्पर्धीभन्दा बलियो थियो। लिग च्याम्पियन महेन्द्र पुलिस क्लबले प्रेसिडेन्ट कपको तयारीका लागि भन्दै अन्तिम समयमा बुढासुब्बा गोल्डकपमा सहभागिता नजनाउने निर्णय गरेपछि उसको ठाउँमा धरान आएको एनआरटीसँग संकटाका दीपक भुसाल तथा आरसिटीका राजन गौचन र प्रदीप आचार्य पनि थिए।

अर्कोतिर सहारा क्लबलाई सडेनडेथमा मुस्किलले हराउँदै फाइनल प्रवेश गरेको अफ्रिकन युनाइटेडको क्षमता श्रीस्टारले आहा गोल्डकपमै हेरिसकेको थियो। डिफेन्डिङ च्याम्पियन अफ्रिकन युनाइटेडसँग यसपटक नुरुद्दिन सलाउजस्ता खेलाडी पनि थिएनन्। गत वर्ष सलाउकै उत्कृष्ट प्रदर्शनको मद्दतले अफ्रिकन युनाइटेडले आठौं बुढासुब्बा गोल्डकप जितेको थियो। शारीरिक रुपले बलिया र अग्ला अफ्रिकी खेलाडीविरुद्ध श्रीस्टारका खेलाडीहरूले प्राविधिक कौशल प्रदर्शन गरे र १-० को विजयसँगै दोस्रोपटक बुढासुब्बा गोल्डकपको उपाधिमा कब्जा जमाए।

नवौं बुढासुब्बामा विजयसँगै श्रीस्टारले दुईवटा कीर्तिमान कायम गरेको छ। २०३१ सालमा स्थापना भई २०३९ सालमा 'ए' डिभिजनमा उक्लिएको श्रीस्टारले यसअघि कहिल्यै कुनै नकआउट प्रतियोगितामा दोहोऱ्याएर उपाधि जितेको थिएन। २०५२ सालमा बुटवलमा भएको महेन्द्र गोल्डकप जितेपछि नकआउट उपाधिबाट विमुख रहँदै आएको श्रीस्टारले २०६१ सालमा सातौं बुढासुब्बा जित्दै ९ वर्ष लामो उपाधिको खडेरी अन्त्य गरेको थियो। यस वर्ष फेरि बुढासुब्बा गोल्डकप जित्दै श्रीस्टारले एउटै प्रतियोगितामा दोहोऱ्याएर उपाधि हात पार्न नसकेको इतिहासमा पूर्णविराम लाएको छ।

त्यसैगरी श्रीस्टारले एकै वर्षमा दुईवटा नकआउट फुटबलको उपाधि पनि जित्न सकेको थिएन। यस वर्ष फागुन १९मा आहा र चैत १० मा बुढासुब्बा गोल्डकप जित्दै श्रीस्टारले त्यो इतिहासमा पनि विराम लाएको छ। 'अब हामी एकै वर्ष लगातार तीनवटा महत्त्वपूर्ण नकआउट फुटबल उपाधि जितेर ह्याट्रिक गर्ने लक्ष्यमा छौं', प्रशिक्षक बालगोपाल महर्जन भन्छन्, 'यो श्रीस्टारका लागि नयाँ इतिहास हुनेछ।'

नवौं बुढासुब्बामा श्रीस्टारले हात पारेको सफलताबाट सम्भवतः सबैभन्दा बढी कोही खुसी भए भने प्रशिक्षक महर्जन नै। २०६१ सालमा बुढासुब्बा गोल्डकप जित्दा महर्जन श्रीस्टारका कप्तान थिए, यसपालि प्रशिक्षक। सुरेन्द्र तामाङका लागि पनि नवौं बुढासुब्बा सुखद रह्यो। २०६१ सालमा श्रीस्टारले लिग जित्दा सर्वाधिक गोल गरेका तामाङले त्यसपछि उत्कृष्ट प्रदर्शन गर्न सकिरहेका थिएनन्। घुँडाको चोटबाट सताइँदै आएका तामाङले यसपटक श्रीस्टारको कप्तानीमात्रै सम्हालेनन्, तीनवटै खेलमा गोल गर्दै आफ्नो टिमलाई उपाधि पनि दिलाए।

'बाइ' पाएर एकैचोटि क्वार्टरफाइनल खेल्न आएको श्रीस्टारका लागि सुरेन्द्र तामाङले एपिएफविरुद्धको पहिलो खेलमै ह्याट्रिक गरेका थिए। एनआरटीसँगको सेमिफाइनलमा उनले गरेको गोल निकै उत्कृष्ट थियो। फाइनलमा अफ्रिकन युनाइटेडलाई घुँडा टेकाउन पनि उनकै गोल निर्णायक रह्यो। टिमको नेतृत्व सम्हालेलगत्तै सर्वाधिक गोलकर्ता बन्नु र आफ्नो टिमलाई उपाधि दिलाउनु उनको करिअरको एउटा कोसेढुंगा रह्यो। उनकै नेतृत्वमा श्रीस्टारले अब इटहरी गोल्डकप पनि जितेर एकै वर्ष उपाधिमा ह्याट्रिक गर्न सक्यो भने सम्भवतः यो उनको फुटबल करिअरकै उत्कृष्ट कालखण्ड ठहरिनेछ।

■ **ओमआस्था राई/धरान** (तस्बिर पनि)

# सशस्त्रलाई उपाधि

**केही विवाद** तर थुप्रै सफलतालाई पछ्याउँदै झन्डै दुई वर्षपछि पाटनदरबारमा अधिराज्यव्यापी खुला बक्सिङ प्रतियोगिता सम्पन्न भएको छ। ललितपुर जिल्ला बक्सिङ संघले आयोजना गरेको खुला बक्सिङमा नेपाल आर्मीको त्रिभुवन क्लब सहभागी नभएको मौकाको फाइदा उठाउँदै सशस्त्र प्रहरीको एपिएफ क्लब उपाधि जित्न सफल भयो। यो क्लबले ३ स्वर्ण र एक रजत पदक जितेर आफूलाई अब्बल सावित गरेको छ। तीनवटा स्वर्ण पदक जितेको मकवानपुर दोस्रो र नेपाल प्रहरी तेस्रो भएको छ। रेफ्रीको निर्णय चित्तबुझ्दो नभएको भन्दै केही प्रशिक्षकहरूले असन्तोष जनाएपछि आयोजकहरूले उत्कृष्ट बक्सरको उपाधि घोषणा गर्न सकेनन्। ८१ केजी लाइटहेभीमा रेफ्रीको निर्णय त्रुटिपूर्ण भएको भन्दै सम्बन्धित प्रतिस्पर्धाका प्रशिक्षक तथा दर्शकले असन्तोष जनाएका छन्। दर्शकको अत्यधिक दबाबका कारण चैत १३ गते पाटनदरबारमा यो बाउट सकिँदा पनि यसको विजयी खेलाडीको निर्णय भएन।

कुल नौवटा तौल समूहमा भएको प्रतिस्पर्धामा ५१ केजी फ्लाइवेट, ५७ केजी फेदरवेट र ६४ केजी लाइट वेल्टरमा सशस्त्रले स्वर्ण जित्यो। दसौं सागमा रजत पदक जितेका सशस्त्र प्रहरीका सुशील घिमिरेले लाइट वेल्टरमा सुर्खेतका मानबहादुर शाहीलाई हराएर स्वर्ण पदक जिते। उनीसँगै दसौं सागमा काँस्य पदक जितेका सशस्त्र प्रहरीकै पूर्णबहादुर लामाले फेदरवेटमा महेन्द्र पुलिस क्लबका दिनेश श्रेष्ठलाई हराएर स्वर्ण पदक जिते। यो प्रतिस्पर्धामा रेफ्रीको निर्णय त्रुटिपूर्ण भएको भनेर महेन्द्र पुलिस क्लबका प्रशिक्षकले असन्तोष जनाएका थिए। दसौं सागमा सहभागी भएर पनि कुनै पदक नजितेका सशस्त्रकै अनिल दाहालले पाटन बक्सिङ क्लबका बालकृष्ण महर्जनलाई फाइनलमा हराएर स्वर्ण पदक जिते। सशस्त्रका देवेन्द्र महर्जन भने ६९ केजी वेल्टरमा महेन्द्र पुलिस क्लबका रत्न तामाङसँग पराजित हुँदै स्वर्णबाट वञ्चित भए। पुलिस क्लबले एकमात्र स्वर्ण पदकको रूपमा यही तौलसमूहको पदक जितेको थियो। महेन्द्र पुलिसका राजेन्द्रसिंह धामीले ६० केजी लाइटमा मकवानपुरका अजित गुरुङलाई स्वर्ण सुम्पँदै रजतमा चित्त बुझाएका थिए। यो प्रतियोगितामा सशस्त्रजतिका नै स्वर्ण पदक जितेको मकवानपुरका लागि दोस्रो स्वर्ण ५४ केजी बेन्टमवेटमा पुरन राईले जितेका थिए। उनले फाइनलमा रुपन्देहीका गोपाल श्रेष्ठलाई जिते। राजन शिल्पकारले ७५ केजी लाइट मिडलमा टीकाथली बक्सिङ क्लब ललितपुरका अजय जोशीलाई हराउँदै तेस्रो स्वर्ण पदकको रुपमा मकवानपुरलाई थप स्वर्ण पदक दिलाए। सशस्त्र प्रहरी, मकवानपुर र नेपाल प्रहरीबाहेक ४८ केजी तौल समूहमा कैलालीका लक्ष्मण साउदले स्वर्ण पदक जिते भने ८१ केजी लाइटहेभीमा ललितपुर जिल्ला बक्सिङ संघका म्याक्स बस्नेतले जितेको खेलमा निर्णयले विवाद उत्पन्न भएको थियो। साउदले स्वर्णका लागि नेपाल युथ बक्सिङ ग्रुप, काठमाडौंका लक्ष्मण सिलाकारलाई हराए। म्याक्सले नेपाल युथ बक्सिङ ग्रुपका अर्का बक्सर दीपक महर्जनलाई हराएका थिए।


निरज सापकोटा

अधिराज्यव्यापी खुला बक्सिङ प्रतियोगितामा सहभागी खेलाडीहरू

■ नवीन अर्याल/काठमाडौं





वर्ल्ड कप क्रिकेटको सुपर एटमा पुगेपछि खुसी हुँदै बंगलादेशका समर्थकहरू

# ब्याटिङको खेल

■ नवीन अर्याल/काठमाडौं

**कुरा १८९४ इस्वी संवत्को हो,** जब भिक्टोरिया क्रिकेट क्लब स्थानीय बुनबरी क्लबसँग खेल्दै थियो। भिक्टोरियाका एक ब्याट्सम्यानले विपक्षी बलरको बल बेतोडले हानेछन्। नतिजा के भयो भने त्यति बेला मैदानको नजिकै रहेको एउटा अजंगको रूखको हाँगामा गएर बल अड्किएछ। विपक्षी बुनबरीका क्षेत्ररक्षकहरूले बल ननिकालुन्जेल भिक्टोरियाका ब्याट्सम्यानले दौडेर एकै बलमा २ सय ६८ रन बनाएर इनिङ समाप्तिको घोषणा गरे।

अपत्यारिलो लाग्ने यो क्रिकेट भएको १ सय १३ वर्ष बितिसकेको छ। यसअवधिमा स्थानीयस्तरको क्रिकेटमा मात्र होइन, अन्तर्राष्ट्रिय क्रिकेटमा पनि थुप्रै उतारचढाव आएका छन्। अझ, अन्तर्राष्ट्रिय क्रिकेटमा नयाँ क्रिकेट राष्ट्रको बढ्दो आगमनले यो खेललाई विश्वव्यापी मात्र बनाएको छैन, रोचक र अपत्यारिलो बनाउँदै गइरहेको छ।

यसै सन्दर्भमा अहिले क्यारेबियन राष्ट्रमा पहिलोपल्ट क्रिकेटको विश्वकप आयोजना भइरहेको छ। अन्तर्राष्ट्रिय क्रिकेटमा टेस्ट खेल्ने मान्यता पाएका १० राष्ट्र (इङल्यान्ड, अस्ट्रेलिया, दक्षिण अफ्रिका, भारत, पाकिस्तान, श्रीलंका, जिम्बाबे, न्युजिल्यान्ड, वेष्ट इन्डिज र बंगलादेश) बाहेक थप ६ राष्ट्र गरेर १६ राष्ट्र विश्वकपमा समावेश छन्। विश्वकपको पहिलो चरणको खेल समाप्त हुँदा आशै नगरिएको बंगलादेश र आयरल्यान्ड समूह आठमा समावेश हुन सफल भएका छन् भने पूर्वविश्वविजेता भारत र पाकिस्तान कमजोर राष्ट्रसँग पराजय भोगेर समूह चरणको खेलबाटै बाहिरिएका छन्।

विश्वकपको पहिलो चरणमा २४ खेल सकिँदा अन्तर्राष्ट्रिय क्रिकेटलाई सोच्न बाध्य पार्ने घटना र नतिजा निस्किएका छन्। पहिलो त क्रिकेट 'भलाद्मीहरूको खेल हो भन्ने' पुरानो मान्यता क्षीण भएको छ भने क्रिकेट अब बलर र क्षेत्ररक्षणको खेल नभई ब्याट्सम्यानहरूको खेलको रुपमा दरिन पुगेको छ। व्यवहारिकरुपमै क्यारेबियन राष्ट्रका पिचहरू बलरहरूका लागि सहयोगी मानिन्छन्। एन्डी रोबर्टस, जोएल गार्नर, माल्कम मार्सल, प्याट्रिक प्याटरसन, कर्टले एम्ब्रोस र कर्टनी वाल्सजस्ता डरलाग्दा तीव्र बलर जन्मिएको क्यारेबियन भूमिमा पहिलोपल्ट विश्वकप भइरहँदा पिचको मौलिकता नदेखिनुले क्रिकेटको सर्वव्यापी मान्यता (बल, ब्याट र क्षेत्ररक्षणको समायोजन)मा नै ठेस लागेको छ। फेरि, आधुनिक क्रिकेटका धुरन्धर प्रशिक्षक मानिने बब उल्मरको हत्याले भलाद्मीहरूको खेल मानिने क्रिकेटलाई बदनाम मात्र गराएको छैन, यो घटनाले धेरै अर्थमा क्रिकेटलाई मिलेमतोको पर्यायवाचीसमेत बनाएको छ। पहिलो चरणमा २४ खेल सम्पन्न हुँदा नौवटा खेलमा एउटै इनिङमा तीन सयभन्दा बढी कुल योगफल बनेको छ, जसलाई आधुनिकताको नाममा क्रिकेटले आफ्नो मौलिकता गुमाउँदै गएको प्रमाणको रुपमा लिन सकिन्छ। बर्मुडाविरुद्ध भारतको ऐतिहासिक ४ सय १३ रनको योगफललाई धेरै खेलप्रेमीले एक सय १३ वर्षअगाडि भिक्टोरिया र बुनबरीबीच भएको खेलको अपत्यारिलो र रोचक घटना जस्तै लिनु स्वभाविक हो। यसले एउटा गम्भीर प्रश्न भने उठाएको छ, क्रिकेटमा बढ्दो व्यवसायीकरणले यस खेलको मौलिकतालाई पूर्णरुपले समाप्त त पार्ने होइन ?

सन् १७४४ मा पहिलोपल्ट सार्वजनिक भएको क्रिकेट खेलको नियम अहिलेसम्म दसपल्ट संशोधन भइसकेको छ। अन्तर्राष्ट्रिय क्रिकेट सुरु भएको आधिकारिक मिति सन् १७०० लाई मान्ने हो भने पनि तीन सय वर्षको अन्तरालमा क्रिकेटका नियमहरूमा थुप्रै संशोधन भएका छन्। क्रिकेटमा आधुनिक प्रविधिको प्रयोगले यस खेललाई विवादरहित बनाउन सफल भए पनि आर्थिक लाभका लागि अन्तर्राष्ट्रिय क्रिकेट महासंघ (आइसिसी)ले पछिल्लो समय क्रिकेटलाई ब्याटिङमुखी बनाउन ऐनमा गरेको केही अनावश्यक संशोधनले बलरहरूको भविष्यलाई नै संकटमा पारेको छ। यसपालिको विश्वकपले पनि यही सन्देश खेलप्रेमीहरूलाई दिएको छ।

सन् १७७४ मा क्रिकेट ऐन संशोधन हुँदा पहिलोपल्ट बलको तौल, पिच छनोट र आउटको नयाँ नियमको रुपमा 'एलबिडब्लु'लाई मान्यता दिइएको थियो। क्रिकेटको बढ्दो लोकप्रियतासँगै सन् १९४७ मा एकदिवसीय क्रिकेटको विस्तृत नियम लागू भएको थियो। सन् १९९२ मा सुरुका १५ ओभरमा 'तीस यार्ड'भित्र क्षेत्ररक्षण गर्नु पर्ने संशोधित नियमका कारण त्यति बेला अन्तर्राष्ट्रिय क्रिकेटमा ठूलो हलचल ल्याएको थियो, जुन बलरहरूका लागि अहिले सबैभन्दा ठूलो अभिशाप बन्न पुगेको छ। अझ, एक्काइसौं शताब्दीमा क्रिकेटलाई प्रवेश गराउने उद्देश्यअनुरुप सन् २००० मा भएको ऐन संशोधनले आधुनिक क्रिकेटलाई नै नयाँ परिभाषा दिएको छ। एकदिवसीय क्रिकेट ब्याट्सम्यानहरूको खेल हो। ■



म्याथु हेडन

# अस्ट्रेलियाको धमाका

**तीन साताअघि** क्यारेबियन महाद्वीपमा सुरु भएको विश्वकप क्रिकेट प्रतियोगितामा अस्ट्रेलियाले विस्फोटक सुरुवात गरेको छ। सन् १९९९ र २००३ को विश्वकप जितेर ह्याट्रिक गर्ने अभियानमा रहेको अस्ट्रेलियाले समूह चरणको तीनवटै खेल जितेर नवौं विश्वकपमा पनि आफ्नो दाबेदारी प्रस्तुत गरेको छ। वर्तमान एकदिवसीय क्रिकेटमा नम्बर एक स्थानमा रहेको दक्षिण अफ्रिकासँगै समूह 'क'मा रहेको कंगारु टोली समूह विजेता हुँदै अन्तिम आठमा समावेश भएको छ। अस्ट्रेलियाले समूहगत तीन खेलमै पहिलो ब्याटिङ गर्ने अवसर पाएको थियो भने यी तीनै इनिङमा तीन सयभन्दा बढी कुल योगफल बनाएको छ। कंगारु टोलीले स्कटल्यान्डसितको पहिलो खेलमा तीन सय ३४ रनको योगफल बनाएको थियो। त्यसपछि नेदरल्यान्डसँग भएको दोस्रो खेलमा तीन सय ५८ रनको योगफल तयार पार्‍यो भने दक्षिण अफ्रिकाविरुद्ध अन्तिम लिग खेलमा सर्वाधिक तीन सय ७७ रनको योगफल बनाएको थियो। अन्तिम आठमा पनि आयोजक वेष्ट इन्डिजविरुद्ध यो टोलीले तीन सय २२ रनको योगफल बनाएको छ।

नवौं विश्वकपको अन्तिम आठमा अस्ट्रेलिया, दक्षिण अफ्रिका, वेष्ट इन्डिज, श्रीलंका, न्युजिल्यान्ड, इङ्ल्यान्ड, आयरल्यान्ड र बंगलादेश समावेश भएका छन्। बंगलादेश र आयरल्यान्ड 'सरप्राइज' टोलीको रुपमा विश्वकपमा समावेश भए। सन् १९८३ को विश्वविजेता भारत र सन् १९९२ मा विश्वकप जितेको पाकिस्तान आफूभन्दा निकै कमजोर मानिएको टोलीसँगको पराजयका कारण पहिलो चरणबाटै बाहिरिएका छन्। यी दुई दक्षिण एसियाली टोलीको बहिर्गमनले विश्वकपको दर्शक र रौनक कम भएको क्रिकेटविज्ञहरूले टिप्पणी गरेका छन्। पहिलो चरणबाटै बाहिरिने टोलीहरूमा भारत र पाकिस्तानसँगै नेदरल्यान्ड, स्कटल्यान्ड, बर्मुडा, केन्या, क्यानडा र जिम्बाबे रहेका छन्।

समूह 'क'मा अस्ट्रेलियासँग पराजित भएको दक्षिण अफ्रिका नेदरल्यान्ड र स्कटल्यान्डको रुपमा दुई राष्ट्रलाई हराउँदै अन्तिम आठमा प्रवेश पाएको हो। दक्षिण अफ्रिकाले स्कटल्यान्डविरुद्ध विशाल तीन सय ५३ रनको योगफल तयार पारेको थियो।


समूह 'ख'मा ठूलो उलटफेरको रुपमा भारतलाई हराएपछि बंगलादेश दुई खेल जित्दै पहिलोपल्ट विश्वकपको दोस्रो चरणमा प्रवेश गरेको छ। बंगलादेशले दोस्रो खेलमा बर्मुडालाई ९४ रनमा सीमित राख्दै अन्तिम आठमा आफ्नो स्थान सुनिश्चित पारेको थियो। सन् १९९६ मा विश्वकप जितेको श्रीलंका तीन खेलमै विजयी भएर यही समूहबाट दोस्रो चरणमा प्रवेश गर्‍यो। श्रीलंकाले भारतविरुद्ध मात्र २ सय ५४ रनको कमजोर योगफल बनायो। यसबाहेक बंगलादेशसँग भएको खेलमा तीन सय १८ को योगफल र बर्मुडासँग तीन सय २१ रनको कुल योगफल तयार पार्‍यो। समूह 'ग'मा न्युजिल्यान्ड तीनवटा खेलमै विजयी भएर अन्तिम आठमा समावेश भयो भने न्युजिल्यान्डसँग पहिलो खेलमा पराजय भोगेको इङ्ल्यान्ड दुई खेलमा विजयी हुँदै अघिल्लो चरणमा समावेश भयो। न्युजिल्यान्ड पनि इङ्ल्यान्डविरुद्ध २ सय ५० रनको कम स्कोर नै खडा गर्न सफल भयो। बाँकी दुई खेलमा केन्याविरुद्ध तीन सय ३१ रन र क्यानडाविरुद्ध तीन सय ६३ रनको योगफल तयार पारेको थियो।

समूह 'घ'मा भने आयोजक वेष्ट इन्डिज तीनवटै लिग खेल जित्दै अन्तिम आठमा समावेश भयो। अप्रत्यासित नतिजा निकाल्दै दोस्रो चरणमा समावेश भएको आयरल्यान्डले पाकिस्तानलाई हराएको थियो। जिम्बाबेसँगको खेल भने २ सय २१ रनको बराबरीमा खेलेको थियो। यो समूहमा सर्वाधिक कुलयोगफलको रुपमा प्रतियोगिताबाटै बाहिरिसकेका दुई टोलीबीच भएको खेलमा पाकिस्तानले जिम्बाबेविरुद्ध ३ सय ४९ रनको योगफल तयार पारेको थियो।

पहिलो चरणको खेलमा अस्ट्रेलिया, दक्षिण अफ्रिका, श्रीलंका र न्युजिल्यान्डले सबैभन्दा राम्रो प्रदर्शन गरेका छन्। पहिलो चरणका केही खेलहरू जस्तै अप्रत्यासित नतिजा ननिस्कने हो भने यी राष्ट्रबाटै नवौं विश्वकप क्रिकेटको विजेता छानिने पक्का छ। ■



# कुन संघीय शासन प्रणाली ?




**जनआन्दोलन–२ पछि** मुलुक केन्द्रीकृतबाट संघीय शासन प्रणालीमा जाने निश्चित भएको छ। तर, संघीय शासन प्रणालीबारे राजनीतिक दल र त्यसका नेतासमेत द्विविधामा रहेको अवस्थामा

सर्वसाधारण जनता यसबारे अनभिज्ञ हुनु अस्वभाविक होइन। संविधानसभाको निर्वाचनपछि संघीय राज्य र यसका विशेषताबारे अहिलेदेखि अन्तर्क्रिया र बहसको थालनी हुनु जरुरी छ। संघीय शासन प्रणालीबारे थुप्रै लेख, अन्तर्वार्ता र फाट्टफुट्ट किताब बाहिर आएका छन्, तर तिनले संघीय प्रणालीको समग्र पक्ष समेट्न सकेका छैनन्। संवैधानिक कानुनका विज्ञ अधिवक्ता चन्द्रकान्त ज्ञवालीको 'संघीय शासन प्रणाली, निर्वाचन प्रणाली र अन्तरिम संविधानका विवादास्पद विषय' किताबले संघीय शासन र निर्वाचन प्रणालीका विभिन्न पक्षमाथि प्रकाश पार्दै अन्तरिम संविधानका विवादास्पद विषयसमेत समेटेको छ।

विश्वभर संघीय शासन प्रणालीका विभिन्न नमुना प्रचलनमा छन्। तर, विश्वका अरू मुलुकमा लागू भएका मोडल हाम्रो जस्तो छुट्टै जातीय र भाषिक संरचना भएको मुलुकमा हुबहु लागू हुन सजिलो छैन। संघीय शासनको नाममा बहुसंख्यक जातिको अल्पसंख्यकमाथिको थिचोमिचो र मुलुकलाई विखण्डनबाट जोगाउन संघीय शासन प्रणालीका मूलभूत तत्त्व समेटेर नयाँ नमुना तयार पार्नुपर्ने अवस्था छ। यस्तो अवस्थामा विश्वभर विद्यमान संघीय प्रणालीका विभिन्न मोडेलको आद्योपान्त अध्ययन र विश्लेषण अनिवार्य हुन्छ। लेखकले भारत, रूस, दक्षिण अफ्रिका, क्यानडा, बेल्जियम, स्विजरल्यान्डलगायत विभिन्न संघीय शासन प्रणालीको विवेचना गर्दै नेपालको परिप्रेक्ष्यमा केन्द्रीय सरकारले मुद्रा, विदेश नीति, सुपुर्दगी, युद्धको घोषणा, राज्यको सीमारेखा, सन्धि सम्झौता, भन्सार, सैनिक, सुरक्षालगायत विषयमा अधिकार लिनुपर्ने धारणा अघि सारेका छन्। लेखकले मुलुकलाई सात राज्य सरकारअन्तर्गत सुदूरपूर्व राज्य सरकार, पूर्व राज्य सरकार, पश्चिम राज्य सरकार, मध्यपश्चिम राज्य सरकार, लुम्बिनी राज्य सरकार, पश्चिम राज्य सरकार, मध्यपश्चिम राज्य सरकार, खप्तड राज्य सरकारमा विभाजन गर्न सकिने विचार राखेका छन्। मुलुकमा संघीय शासनको औचित्यलाई पुष्टि गर्ने क्रममा उनले लेखेका छन्, 'तराईको आन्दोलन, जनजातीय महासंघको आन्दोलन, पहाडी र हिमाली सबै जनताको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिकरूपमा आत्मनिर्णयको अधिकारको लागि राज्यले संविधानसभाको निर्वाचन गरी माथिका प्रणालीमध्ये संघीय शासन प्रणालीको मुख्य विशेषतालाई अँगाल्नुपर्ने अपरिहार्यता छ।'

आत्मनिर्णयको अधिकारअन्तर्गत आर्थिक, सामाजिक, सांस्कृतिक र आन्तरिक आत्मनिर्णयको अधिकारबारे चर्चा गरिएको छ। अन्तरिम संविधानले समग्रतालाई समेट्न नसकेको मात्र होइन, यसमा प्रशस्त त्रुटि रहेको कुरा सार्वजनिक भइरहेको छ। लेखकले किताबको भाग ४ मा अन्तरिम संविधानका कमीकमजोरीलाई केलाउने प्रयास गरेका छन्। अहिले राजसंस्था निलम्बित अवस्थामा छ र संविधानसभाको पहिलो बैठकबाट यसको छिनोफानो गरिने कुरा स्पष्ट रुपमा आइसकेको छ। लेखकले राजसंस्थाको विषयमा छिनोफानो नगरी संविधानसभामा जाँदा मुलुकको लागि प्रत्युत्पादक हुनसक्नेतर्फ पनि औंल्याएका छन्। उनी लेख्छन्, 'राष्ट्रपतीय शासन व्यवस्था, प्रधानमन्त्रीय शासन व्यवस्था वा आलंकारिक राजतन्त्रात्मक व्यवस्थाको बारेमा टुंगो लगाएर मात्र संविधानसभामा पुग्नु बढी व्यवहारिक देखिन्छ।'

■ **छत्र कार्की**

# वैचारिक कविताहरू

**कविता साहित्यमा** धेरै लेखिने विधा। कविहरूको भीड पनि कम्ती छ र ! कविताको नाममा अधिकांशले आत्मकुण्ठा पोख्छन् अनि निराशा ओकल्छन्, बिर्सन्छन्, आफू बाँचेको परिवेशको युगीन यथार्थलाई। कवितामा सशक्त विचार प्रवाह गर्ने मुलुकका थोरै कविहरूमध्ये स्नेह सायमी पनि एक हुन्। पछिल्लो कविताकृति 'पुल र पर्खालहरू' पढेपछि पेसाले व्यवस्थापक सायमीलाई वैचारिक स्पष्टता बोकेको कविको रूपमा आम पाठकले बुझ्छन्।

सिर्जना र इमानदारी एक–अर्काका पूरक हुन्। तर, हाम्रो साहित्यको इतिहास कहाँ त्यस्तो छ र, यहाँका अधिकांश साहित्यकारले सत्ताको चाकडीमा आफ्नो इमानलाई बन्धकी राखेर सर्जक शब्दकै बदनाम गराएका छन्। तर, सायमीले भने जनताको भावनालाई अढाई दशकदेखि सरल शब्दमा पस्किरहेका छन्, 'चौतारो बोल्यो' कवितासंग्रहदेखि अहिलेसम्म आइपुग्दा। त्यसैले होला, उनका समकालीन कविहरूले सायमीलाई युगीन चेतना भएको वैचारिक कविको उपमा पनि दिएका छन्। सायमीको सिर्जनाबारे प्रखर कवि श्यामल भन्छन्, 'स्नेह कवितामा तल्लो वर्गका मानिसहरूको आवाज ओकल्ने इमानदार कवि हुन्।'




लागौं, 'पुल र पर्खालहरू' कवितासंग्रहतर्फ। छोटा, छरिता, सरल, बोधगम्य र विचारप्रधान तीन दर्जन कविताहरू छन्, किताबमा। सामाजिक असमानता र विभेदलाई 'पुल र पर्खालहरू'ले प्रतीकात्मक रूपमा पस्केको छ। यसले न्यायपूर्ण समाज निर्माण गर्न वैचारिक लडाइँले प्रबल भूमिका खेल्ने कुरा अभिव्यक्त गरेको छ।

*मैले पर्खाल भत्काउन छोडिदिएँ*
*काँडेतार लगाउन पनि छोडिदिएँ*
*यात्रा छोट्याउन म पर्खालहरूमा किला गाडेर*
*पुलहरू बनाइरहेछु*
*र, त म मनदेखि मनसम्म जोडिरहेछु*

'साझाघर', 'सहिदसँग' 'जुद्धसडक' संग्रहकै उत्कृष्ट कविता हुन्। स्नेहका कवितामा हामी बाँचेको समाज छ, त्यहाँ रहेको वर्गीय खाडल छ, भोका पेट छन्। उनले कवितामा आडम्बरी, स्वार्थी, जाली, फटाहाहरूप्रति कटाक्ष गरेका छन्। राजनीतिलाई सत्ताप्राप्तिसँग सौदाबाजी गर्न खोज्ने नेताहरूको प्रवृत्ति उदांगो पारिएको छ, कवितामा। निम्न वर्गको लागि भनेर राजनीति गरिरहेको सर्वहारावादी नेतामा आएको वैचारिक विचलनलाई 'दलाल सलाम'ले ठ्याक्कै चित्रण गरेको छ, जुन हाम्रा मुलुकका वर्गीय मुद्दा उठाउने कम्युनिस्ट नेताहरूसँग पनि लागू हुन्छ। सायमीका केही कवितामा कलालाई विचारले छोपेको भान पनि हुन्छ, वैचारिक कवितालाई कलात्मकरुपले पस्किन सकियो भने उत्कृष्ट सिर्जना बन्न सक्छ। सारमा भन्नुपर्दा सायमीका अधिकांश कविताहरू सुन्दर छन्, वैचारिक अनि कलात्मक पनि।

# हुलिया

■ रोशन थापा 'नीरव'

घरबाट निस्कँदा उसले ध्रुवचन्द्र गौतमको 'नीलडाम' कथा पढेर निस्केको थियो ।

हातमा फाइल थियो ।

मुटुमा केही आशाका लहरहरू थिए ।

आज उसले जागिरका लागि इन्टरभ्यु दिनु थियो ।

●●●

महामण्डलका एक रुद्रमण्डलले उसको भइरहेको जागिर खोसिदिएपछि ऊ एकदमसँग बेरोजगार भयो ।

देशमा लोकतन्त्र आउन बाँकी थियो ।

प्रजातन्त्र आएर घिटघिटो अवस्थामा थियो ।

यसैले ऊ बेकारीका साथ मौन थियो ।

हुनत उसले जीवनमा केही प्रगति गर्न सकेन, यो यथार्थको तोड भने सधैँ नै उसको परिवारमा 'भजनमाला' जस्तै बज्यो । यो पनि त्यतिकै दुक्खलाग्दो यथार्थ थियो ।

ऊ आफूलाई साहित्यकार मान्थ्यो । उसको मान्नुमा समाज के भन्थ्यो- यसको कुनै सरोकार रहेन, किनभने बेकारी पनि रहनु, साहित्यकार पनि हुनु देशका लागि सकिइहाल्यो ।

तीनतीनटा बहिनीको बिहे गर्नु थियो । बहिनीहरू पाकेका फल जस्तो लटरम्म बनेर घरमा झुन्डिइबसेका थिए ।

फल टिप्ने पारखीहरू अझै फेला परेका थिएनन् ।

घर सानो छाप्रोमा अवस्थित थियो । जताबाट कोट्याए पनि समस्याको रस तर्र चुहिन सक्ने खालको थियो ।

यस मानेमा परिवारमा ऊ मात्र एक त्यस्तो प्राणी पर्‍यो, जसबाट पारिवारिक रथ गुड्न बाध्य थियो, तर उसको नियति भने गुड्न होइन, भत्किन तयार थियो ।

पिता हुलाकसेवामा मुखिया थिए । रिटायर्ड भए । माता सानोतिनो पसल थापेर गुजारा चलाउँछु भन्दाभन्दै दीर्घरोगीमा रूपान्तर भइदिइन् ।

बाँकी रह्यो ऊ ।

सानोतिनो जागिर खाएको थियो । त्यो पनि प्राणी थियो । उसको त्यो विश्वास वर्तमान समयले बुझ्ला-नबुझ्ला, तर भविष्यले अवश्य बुझ्ला भनेर प्रजातन्त्रप्रति आस्थावान् बनेको होइन । यही एउटा कमजोरी भनौँ वा कटु सत्य, ऊ फलको आशा नगर्ने प्राणी भएर पनि कुनै पनि आशामा आस्थावान् भएर देखा पर्ने प्राणी भएको थियो, तर वरिपरिको समाज वा प्राणीहरू ऊ जस्तै वा उसप्रति त्यति नै आस्थावान् थिए, भन्न कठिन कुन अर्थमा रह्यो भने उसको पतनलाई स्वभाविक मानी आनन्दित थिए । यसमा पनि ऊ मौनै बन्थ्यो । बन्थ्यो के, बनेको थियो ।



●●●

लोकतन्त्रमा पनि दौडिनुपर्छ, नत्रभने आफू सधैँ पछि परिनेछ, यस समयको कुनै पनि लोक वा कुनै पनि तन्त्रमा मौन बस्न हुन्न भनेर केही साथीहरू विश्वदौडप्रतियोगितालाई माथ गर्ने गरी दौडिए र सफल बने । अब तिनीहरू राजधानीमा बस्न सक्ने योग्य र सक्षम नागरिक भएर देखा परे । ऊ भने जस्ताको तस्तै । राजधानीकै नागरिक थियो, तर राजधानी उसका लागि कठोर मात्र होइन, पूरै निर्मम बनिदियो । त्यसैले ऊ अझै बेकार थियो, जति नै योग्य भए पनि ।

●●●

मान्छेहरू भन्थे ऊ योग्य त छ, तर घमन्डी छ । त्यति मात्र होइन, आफ्नो योग्यताअनुसार दौडधुप पनि गर्न सक्तैन । यसमा पनि ऊ मौनै रहन्थ्यो । उसको विशेषता यसर्थ पनि यही रह्यो, मौनी बाबा भनेजस्तै । वरिपरि चिन्ने र परिचित जन पर्याप्त थिए, नभएका होइनन् । ऊ भाग्यप्रति आस गरेर रहने व्यक्ति पनि होइन । नभए पनि भाग्यले त अन्ततः ठगेकै थियो उसलाई ।

●●●

सरल थियो । स्वाभिमानी थियो । सहयोगी थियो । यति गुणले मात्र राजधानीमा बाँच्न सकिन्न । यही गुणले बरु राजधानीले मर्न बाध्य गर्न बेर छैन । यो ऊ बुझ्न सक्थ्यो, तर के गर्ने ? बुझ्ने क्षमता त थियो, बुझेर समस्या समाधान हुने होइन ।

●●●

पारिवारिक समस्याले ऊ जसरी ग्रसित देखिन्थ्यो, त्यसबाट त ऊ जस्ता व्यक्ति निरीह मात्र होइन, निहत्था पनि हुनेछ भनेमा कुनै अचम्म मान्नु पर्दैन । लोकतन्त्र जिन्दाबाद । लोकतन्त्रमा लोकहितको कुरा उठाइन्छ । हो, यसमा प्रतिक्रिया हुन सक्थ्यो, त्यस लोकतन्त्रभित्रको तन्त्रमा ऊ एउटा लोकअनुरूप पर्छ वा पर्दैन ?

●●●

पिताको अनुहार दयनीय देखिन्थ्यो भने माताको मुहार रोगी । बहिनीहरूको भावभंगिमाचाहिँ आक्रामक र प्रतिशोधमूलक । यसमा ऊ भने ? खोइ, आफ्नो

मान्छेहरू भन्थे ऊ योग्य त छ, तर घमन्डी छ । त्यति मात्र होइन, आफ्नो योग्यताअनुसार दौडधुप पनि गर्न सक्तैन । यसमा पनि ऊ मौनै रहन्थ्यो । उसको विशेषता यसर्थ पनि यही रह्यो, मौनी बाबा भनेजस्तै । वरिपरि चिन्ने र परिचित जन पर्याप्त थिए, नभएका होइनन् ।

अनुहार ? उसले फलत: ऐना हेर्न छोडेको वर्षौं भइसकेको थियो । आफ्नै अनुहार बिर्सिने सर्वप्रथम लोकतान्त्रिक व्यक्ति नै थियो वा हो भनेर ठोकुवा गरे हुन्छ । बेलाबेला आफ्नो अनुहार छाम्नु उसको बानी होइन, यही अर्थ थियो भनेर मान्दा हुन्छ । ऊ त्यति बेला मात्र अनुहार हेर्थ्यो, जति बेला दाह्रीजुँगा बढेर अप्ठेरो स्थिति उत्पन्न भएको हुन्थ्यो र खौरनलाई अनिवार्य हुन जान्थ्यो ।

●●●

अब आज । उसले कतै काम पाउने भएको थियो । त्यहाँ अन्तर्वार्ता दिन जानु थियो । यो अन्तर्वार्ता पनि बिर्सेला भनेर उसले हप्ताभरि 'गायत्रीमन्त्र'झैं वा दुनोटपाठझैं घोकिरहेको थियो । बिर्सिने रोग त केही मात्रामा उसमा उमेरसँगै उम्रेर आएको थियो । त्यही आफ्नो बिर्सिने रोगले गर्दा बेलाबेला अप्ठेरो स्थिति भोग्नुपर्ने क्षण उसले विनासौजन्य प्राप्त गरेको थियो ।

●●●

फाइल बोक्यो । छोटोमोटो तयारी गर्‍यो र हिँड्यो अन्तर्वार्तास्थलतिर । ऊ गुन्दै केही सम्झँदै हिँड्दै थियो । समय, देश, नियति कति कठोर भएर देखा परे आफ्ना लागि ! उमेर पनि यस्तरी फरवार्ड गरेको क्यासेट जस्तै तीव्र रूपमा दौडिरहेको थियो, जसले चिन्ता दिएर चिन्तन गर्न बाध्य पार्‍यो । के भनेर भने हेर् तँ अब नोकरी पाउने, खाने उमेरको रेखाबाट पार हुन लागिस् । यस जम्बुद्वीपमा तेरा लागि कुनै सकल स्थान रहनेछैन । तँ को होस् र तँलाई जागिर ख्वाउने ? एक साधारण पिउसो, एक निरीह नागरिक, एक निहत्था व्यक्ति त होस् नि ! तँ रहनु वा नरहनुको यस लोकको यस लोकतान्त्रिक अवधिमा के अर्थ छ र ?

●●●

सबै गुनगुनाउँदो भावहरू अडे । उसले रोजगार प्राप्त गर्ने स्थल आइपुगेको थियो । ऊ त्यो च्याम्बरभित्र पस्यो, जहाँ उसले अन्तर्वार्ता दिनु थियो । ऊ भित्रियो । भित्र लोकतान्त्रिक महाजनहरू केही खाँदै दाँत कोट्याउँदै थिए । उसको मुटुभित्र चिसो सिरोटोले हुँडलो मचाउन थाल्यो । यहाँ पनि असफल ! कसैले साउती मार्‍यो । ऊ भित्रिएको देखेर ती महान् व्यक्तित्वशाली आवृतधारीजनहरू प्रश्नवत् मुखामुख गर्न थाले । ऊ हडबडिन थाल्यो ।

- के हो ?

ती महान् जनमध्ये एउटाले डकार्दै सोध्यो ।

- हजुर, आज अन्तर्वार्ता थियो ।

ऊ काम्दो बन्यो ।

- थियो, अब छैन ।

अर्कोले भारी स्वरमा बोल्यो ।

- किन हजुर ?

उसले बुझेन ।

इन्टरभ्यु सकियो ।

चलचित्र सकेजस्तो जानकारी दिने महत्त्वपूर्ण स्वर उम्रियो ।

- तर समयावधि त बाँकी नै छ नि, होइन र हजुर !

ऊ आर्तमय बन्यो ।

- सकेपछि के गर्ने ? तिम्रो नाउँ के हो ?

एउटाले आँखा र निधार खुम्च्याएर सोध्यो ।

- हजुर म लोकमान नेपाल ।

उसले आफ्नो परिचय दियो ।

- ए, तिमी...तिम्रो त अगि नै इन्टरभ्यु भइसक्यो । तिम्रो जस्तै नाउँ, तिम्रो जस्तै अनुहारले त यो अन्तर्वार्तामा सफलता प्राप्त गर्‍यो नि ।

अर्कोले रहस्यको पर्दा यस्तरी उघारिदियो, जसबाट उसको मुटु फुट्ला जस्तै भयो ।

- म त भर्खर आउँदै छु हजुर...।

उसले बुझ्न सकेन, खेल र रहस्य के हो ?

उसो भए त्यो को हो त, जसले अगि तिम्रै नाउँ र अनुहारमा इन्टरभ्यु दिएर सफलता प्राप्त गर्‍यो ?

तिनीहरू एउटै कुरा रहस्यात्मक पाराले दोहोर्‍याई दोहोर्‍याई रेकर्ड गरेको संवाद जस्तो बोल्दै दाँत, नाक, कान आदि जति पनि कोट्याइने अवयवहरू छन्, ती सबै कोट्याउन लागे ।

ऊ वितृष्णाबाट ग्रसित र षड्यन्त्रबाट शोषितझैं भयो ।

एक्कासि आशाको उज्यालो पर्दामा निराशाको अन्धकार व्याप्त भयो ।

# कविता

## हिउँको चुम्बन

■ **विष्णु राई**

बेस्मारी
हिउँलाई चुम्दै भने
बागखोर डाँडाको चेपबाट बिहानै
जिस्काउँथ्यौ मलाई
अहिले
तिमीमाथि आरोहण गरिरहेछु
प्रथम
आरोही भएर
विजयको झन्डा गाडेर
तिमीबाट वर्जित
संसार हेरिरहेछु ।
तिमीले सौन्दर्यको आगो फ्याँकेर
ममाथि धावा बोलेका थियौ
नि:शब्द
अधीनस्त बनाएका थियौ
निरीह मेरो उत्तेजनात्मक भावना
हर समय मभित्र परेड खेल्दथ्यो
घाइते टुँडिखेल भएर
आज मेरो हत्केलामा कैद छौ हिमाल
भयानक
युद्धमा जितेको राजकुमारी तिमी
बेस्सरी
शुभ्र ज्योति
अँगालोमा बाँधेर चुम्बन गर्छु
मेरो पुरुषत्वभित्र ।
हिमाल चुपचाप
गुप्त कुण्डबाट
पग्लदै पग्लदै
मेरो किनाराहरूबाट
निरन्तर
बगिरहन्छ हिमनदी भएर ।

## चंगा र जीवन

■ **ईश्वरी कार्की 'वर्षा'**

साँझको चिसो बतासमा
फिरफिर उडेको चंगा
र
यो उदास मन
डढिरहेछ एकतमासले

अकाश नियाल्छु
चारैतिर कालो बादल
तर
म जस्तै मौन

किन छिपिन्छ साँझ ?
अत्यासलाग्दो गरी
कहिल्यै छाएन
इन्द्रेणी सपना
जडवत् आँखामा

झ्यालको खापमा
वास बसेका परेवा
र
त्यही घरमा आश्रय खोजिरहेकी
म
घर डढेको छ

मन जलेको छ ।

मन जलेको छ ।
बादलसँगै उडेको चंगा
एक्कासि जमिनमा खसेझैं
टुक्रिएको छ मेरो जिजीविषा ।

के गर्ने ? उत्तरहीन भएर प्रश्न उभियो ।

उसको एउटा झिनो आशाको त्यान्द्रो पनि एक्कासि मेटियो ।

ऊ आशाहीन भयो ।

रोजगारहीन त ऊ छँदै थियो ।

●●●

लोकतन्त्रमा पनि यस्तो हुन सक्छ र कसैले कसैको अनुहार ओढेर अस्तित्व नै खोस्नु ?

को हो त्यो, जसले उसको नाउँ, ठाउँ, परिचय, अधिकार, मौका आदि अस्तित्व मात्र होइन, पूरापूर अनुहार नै ओढेर उसको बाँच्नुलाई अपहरण गरी लियो ?

अब यस समय र स्थितिमा जागिर खोज्नु कि त्यस व्यक्तिको खोजी गर्नु ?

उसले निर्णय गर्न सक्यो वा सकेन, त्यो त थाहा भएन ।

हो, यति बेला लोकतन्त्रमय मुलुकको लोकतान्त्रिक मार्गबाट निरीह एउटा प्राणी बनेर घर फर्कदा भने उसले आफ्ना सबै हुलिया हराएर फर्कँदै थियो अर्थात् अगिसम्म उससँग एउटा जागिर थिएन, अहिले त उसको आफ्नो सम्पूर्ण हुलिया नै थिएन ।

●●●

# निरज र सलोनीलाई ताज



भास्कर ओझा

**निरज श्रेष्ठ** र सलोनी अग्रवाल इन्टरनेसनल इन्सिटच्युट अफ फेसन डिजाइनिङ (आइएनआइएफडी) ले आयोजना गरेको 'मिस्टर एन्ड मिस आइएनआइएफडी'बाट सम्मानित भएका छन् । देशभित्रै दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्य बोकेर यसै वर्ष स्थापना भएको आइएनआइएफडीले आफ्नै इन्स्टिच्युटमा अध्ययनरत विद्यार्थीहरूबीच गरेको यो प्रतिस्पर्धामा नेपाली पहिरनमा सजिएका धरानका निरजले 'मिस्टर आइएनआइएफडी'को उपाधि जिते । त्यस्तै, मारवाडी घाग्रा-चोलीमा सजिएकी सलोनीले 'मिस आइएनआइएफडी'को उपाधि जितिन् । 'हाम्रो मुलुकमा फेसन, आइटीपछि ठूलो बुमिङ मार्केट हो', आधा दर्जन पुरुष प्रतिस्पर्धीहरूमाझ फेसन के हो भन्ने प्रश्नको जवाफ दिएका आत्मविश्वासी निरजले अन्ततः उपाधि पनि जिते । कला र सृजनाको फराकिलो क्षेत्रको रुपमा फेसनलाई चित्रण गर्न सफल सलोनीले व्यक्तित्व निमार्णको आधार फेसन भएको बताउँदै सारा निर्णायकमण्डलको मन जितेकी थिइन् । 'व्यक्तित्व निमार्णको पहिलो आधार नै फेसन हो', आफूसँग प्रतिस्पर्धा गरिरहेका एक दर्जन सहकर्मीहरूलाई पछि पार्ने उत्तर दिँदै सलोनीले भनिन् ।

विगत १५ वर्षदेखि पर्यटनका साथै वस्तु र सेवा उत्पादनको क्षेत्रमा नाम कमाएको इन्सेटिभ ग्रुपको 'द क्रियसन' नामक कम्पनीले सुरुवात गरेको आइएनआइएफडीमा हाल ६० विद्यार्थीहरू अध्ययनरत रहेको इन्स्टिच्युटका अध्यक्ष हरिमान लामाले बताए । 'हामी कपडा र पोसाक डिजाइनिङ, आन्तरिक सजावटका साथै निकट भविष्यमा गरगहना डिजाइनिङको कक्षा पनि सञ्चालन गर्ने योजनामा छौं', लामाले भने । उनले आफ्नो इन्स्टिच्युट भारतको चण्डिगढस्थित आइएनएफडीसँग आबद्ध रहेको बताए । यो प्रतिस्पर्धामा प्रतीक्षा सुब्बा 'बेस्ट ट्यालेन्ट', माला लाकौल 'बेस्ट ड्रेस' र प्रियंका रिमाल 'बेस्ट फोटोजेनिक' भए ।

■ नवीन अर्याल/काठमाडौं


vianet INTERNET

Unlimited Dialup Night Surfing

- One Year - Rs. 2160/-
- Six Months - Rs. 1200/-
- Three Months - Rs. 660/-
- One Month - Rs. 300/-

8 pm to 9 am & Saturday Whole day

*Inclusive of all taxes

Just Call To Open An Account
Tel: + 977 1 5546410

vianet communications

info@vianet.com.np
www.vianet.com.np

# घोडा र शशिको चित्रकारिता



घोडालाई बिम्ब बनाएर वरिष्ठ कलाकार शशि शाहले सिर्जना गरेका चित्रहरूको अहिले सिद्धार्थ आर्ट ग्यालरीमा प्रदर्शनी चलिरहेको छ। आफू बाँचेको परिस्थितिलाई नै शशिले सिर्जनाको विषयवस्तु बनाएका छन्। मानिसमा रहेको द्वन्द्व, द्वेष, रिसराग, वैरभावमात्र होइन मेलमिलाप, सौहार्दता, स्वतन्त्रतालगायत पक्षलाई चित्रमा अभिव्यक्त गरेका छन्। कलाले सभ्यतालाई निर्देशित गर्छ भन्ने उनको मान्यता छ। त्यसैले होला, उनका अधिकांश चित्रहरू शान्तिप्रति परिलक्षित भएको पाइन्छ। यी सबै विषयवस्तुलाई चित्रमार्फत अभिव्यक्त गर्ने माध्यमचाहिँ घोडा भएको छ। उनी भन्छन्, 'घोडाका धेरै महत्त्व र अर्थहरू छन्। चित्रमा ती सबैको व्याख्या गर्नुपर्ने आवश्यकता छैन।'

२०२८ सालदेखि अहिलेसम्मका आफ्ना चित्रमा विषयगतरुपले कुनै फरक नपरेको उनी बताउँछन्। तीन दशकदेखि अहिलेसम्म सिर्जना गरेका सयभन्दा बढी चित्रहरू पानी रंग, एक्रेलिक, पेन्सिलआदिबाट बनाइएको छ। एक सातासम्म चल्ने उक्त प्रदर्शनीमा राखिएका चित्रहरूको मूल्य पाँच हजारदेखि एक लाख २५ हजार रुपैयाँसम्म राखिएको छ।

वरिष्ठ कलाकार शशि शाहले चित्रकलामा हात हालेको चार दशक नाघेको छ। शशिले जेजे स्कुल अफ आर्ट, मुम्बईमा फाइन आर्ट पढ्नका लागि २०१९ सालमा छात्रवृत्ति पाएका थिए। एसपी पाल्सिकार, पारब, डोन्डलगायत अग्रज कलाकारसँगको नियमित सत्संगले गर्दा उनले त्यहाँ आफूलाई खार्ने मौका पाए। कलेजको अध्ययन नसक्दै उनले त्यहाँ एउटा उदीयमान युवा कलाकारको परिचय बनाइसकेका थिए। २०२३ सालमा मुम्बईबाट कला स्नातक सिध्याएर नेपाल फर्किसकेपछि 'कन्टेम्पोरी आर्ट'मा हात हालेका शाहले २०२५ सालमा नाफा ग्यालरीमा पहिलोपटक एकल चित्रकला प्रदर्शनी गरेका थिए। ■

# फोटोपत्रकारहरू प्रतियोगितामा

विभिन्न सञ्चार-माध्यमका व्यवसायिक, स्वतन्त्र र सिकारु फोटोपत्रकारहरूको संस्था राष्ट्रिय फोटोपत्रकार मञ्चले 'फोटो कन्सर्न-एनएफपिजे प्रेस फोटो प्रतियोगिता' आयोजना गर्ने भएको छ। यसअघि आफ्नै समूहका सदस्यबीचमात्र प्रतियोगिता आयोजना गर्ने गरेको मञ्चले पहिलोपटक नेपाली विषयमा पत्रपत्रिकामा प्रकाशित सबै फोटोपत्रकारहरूलाई सामेल गराउने भएको छ।




समाचार, फिचर, वातावरण र खेलकुद गरी बेग्लाबेग्लै विधामा सर्वोत्कृष्ट तस्बिरहरू छानिने प्रतियोगितामा एउटा तस्बिर 'फोटो अफ द इयर' हुनेछ, जसले ५० हजार रुपैयाँ राशिको पुरस्कार हात पार्नेछ। चार विधामा छानिएका तस्बिरहरूमध्ये पहिलोलाई १५ हजार, दोस्रोलाई १० हजार र तेस्रोलाई ५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ। नयाँ वर्षको वैशाख ३ गते सुरु हुने प्रदर्शनी ७ गते समापन हुनेछ। ■

# खुला आकाशमा फिल्म महोत्सव

दोलखा जिरीमा करिब डेढ दर्जन नेपाली डकुमेन्ट्री र दुईवटा फिचर सिनेमा प्रदर्शन गर्दै दुइदिने फिल्म महोत्सव हुँदै छ। डकुमेन्ट्रीहरू दिउँसो र फिचर फिल्म साँझ प्रदर्शन गरिने यो महोत्सव सम्भवतः खुला आकाशमा गरिएको पहिलो सिनेमा मेला हुनेछ। महोत्सव शुक्रवार उद्घाटन हुँदै छ।

कुनै समय सगरमाथाको प्रवेशद्वारका रूपमा प्रख्यात जिरीको पुनः परिचय गराउनु महोत्सवको उद्देश्य राखिएको छ। नेपालयको व्यवस्थापन र संयोजनमा हुने महोत्सवका स्थानीय आयोजक दोलखा पत्रकार महासंघ, जिरी गाविस, दोलखा उद्योग वाणिज्य संघ, जिरी उच्च माध्यमिक विद्यालय र स्थानीय ढुंगेश्वरी निम्न माध्यमिक विद्यालय छन्।

नेपालयका टोली नेता किरण कृष्ण श्रेष्ठका अनुसार महोत्सवमा चलचित्रका साथै स्थानीय उत्पादन पनि प्रदर्शन गरिनेछन् र स्थानीय युवाहरूका लागि पत्रकारिता र चलचित्र निर्माणसम्बन्धी अन्तरक्रियासमेत आयोजना गरिनेछ।

यस्तै नेपालयले हालै सार्वजनिक तस्बिर पुस्तक 'लडाइँमा जनता'मा समाविष्ट ७० तस्बिरहरूको देशव्यापी प्रदर्शनी यात्रा यसै साता सुरु गर्दै छ। छोटो समयमै दोस्रो संस्करण प्रकाशन हुन लागेको पुस्तकका तस्बिरहरूको 'लडाइँमा जनता- फोटो प्रदर्शनी यात्रा'मा राखिने तस्बिरहरूले दसवर्षे द्वन्द्वका क्रममा भएका मानवीय तथा भौतिक क्षति झल्काउनुका साथै मुलुकमा दिगो शान्ति बहालीका लागि जनाधार निर्माणमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। जिरीबाट सुरु हुने यो प्रदर्शनी चौतारा, लहान, इलाम, नारायणघाट, नेपालगञ्ज, धनगढी, तानसेन र पोखरा हुँदै एक महिनापछि काठमाडौंमा समापन हुनेछ।





# मुलुक बिरानो भएपछि



**'यो राज्य हाम्रो लागि** होइन रहेछ, हामी त अनागरिक रहेछौं', चलचित्रको नायकले मुलुक छोडेर कमाइ गर्न हङकङ जाने क्रममा अभिव्यक्त गरेका भावना हुन्, यी । कवि श्रवण मुकारुङको कथा, पटकथा र संवाद तथा रामबाबु गुरुङको निर्देशन रहेको चलचित्र 'अनागरिक' ले समाजमा थिचिएर रहेका जनजातिका मुद्दालाई उठान गर्न खोजेको छ । ओखलढुंगा, रुम्जाटारको एउटा पुर्ख्यौली लाहुरे परिवारको कथाबाट चलचित्र सुरु गरिए पनि समाजभित्रका अन्तरद्वन्द्व केलाउने जमर्को गरिएको छ ।

गाउँबाट उच्च शिक्षाको लागि राजधानी आएको चलचित्रको मुख्य नायक नागरिक अधिकारको निम्ति परिपक्व हुन्छ, कलेजमा उसका सहपाठीहरूले हल्काफुल्का रमाइलोमा समय बिताए पनि ऊचाहिँ युगौदेखि अधिकारविहीन भएर बाँचेका जनजातिका पेचिला सवाल उठाउँछ । भाडाका सिपाही भएर विदेशीभूमिमा पसिना बगाउनुको सट्टा स्वदेशमै अधिकार प्राप्तिको लडाइँ रहेर जातिगत पहिचानसहितको जीवन बाँच्नुपर्ने उसको प्रारम्भिक निष्कर्ष हुन्छ । तार्किक स्वभावको ऊ पृथ्वीनारायण शाहको भौगोलिक एकीकरणले सबै जातजातिलाई समेट्न नसकेको यथार्थ राख्छ, उसको वाक्शक्तिले प्रशंसा पनि बटुल्छ ।

माओवादी द्वन्द्वका फल्यासब्याक हुने थुप्रै दृश्य राखिएका छन् । दोहोरो भिडन्तको क्रममा एम्बुसमा परेका स्कुले बालबालिकाको दृश्यलाई कैद गरिएको छ । पश्चिम घुमेर काठमाडौं फर्कने क्रममा एम्बुसमा परेर चलचित्रको नायक सख्त घाइते हुन्छ । माओवादी प्रभाव बढ्दै गएपछि गाउँमा सिर्जना भएको राज्यहीनताको अवस्था पनि देखाइएको छ । गाविस अध्यक्षमाथि माओवादीले गरेको खोजेको कारबाही यसैको उदाहरण हो ।

चलचित्रको नायक, जो जुझारु प्रवृत्तिको छ । मुलुकमै केही गर्न चाहन्छ, परिश्रमी र लगनशील छ । तर, अहँ राज्य संयन्त्रले उसलाई समेट्न सक्दैन । युगौंदेखि एकात्मक राज्यले उसलाई अवसर दिन सक्दैन । बेरोजगार भएर सहरमा टिक्न नसकेपछि आखिर ऊ गाउँ फर्किन्छ । गाउँमा पनि बसिनसक्नु छ, ऊ माओवादीको अपहरणमा पर्छ । माओवादीले उसलाई आफूहरूसँगै काम गर्न आग्रह गर्छन् । तर, ऊ भन्छ, 'म आफ्नै तरिकाले युद्ध लड्छु, सामाजिक विभेदबाट सिकार भएका सीमान्तकृत समुदायको लागि ।'

गाउँमा बस्न धौधौ परेपछि फेरि सहर आउँछ । उसलाई आफू त मुलुकको नागरिक नभएको आभास हुन्छ । अन्ततः पैसा कमाउन हङकङ जाने निर्णयमा पुग्छ । मुलुकको पक्ष दृढ विचार राख्ने ऊ पलायन भएकोमा साथीहरूले व्यङ्ग्य पनि गर्छन् । तर, ऊ ती सबै कुरालाई केही परवाह गर्दैन । आफ्ना पाइला विदेशी भूमिमा अघि बढाउँछ, आफूलाई मुलुकको अनागरिक ठान्दै । चलचित्रका पटकथाकार श्रवण भन्छन्, 'मुलुकभित्रका सबै नागरिकले मेरो देश भनेर गर्व गर्न नसकेको अवस्थालाई चलचित्रमा देखाउन खोजिएको छ, वास्तवमा यो उत्पीडित र उपेक्षित समुदायको आवाज पनि हो ।'



चलचित्रका कथाकार श्रवण मुकारुङ


नेपालमा जन्मिए पनि राज्यमा अवसर नपाएर अरू मुलुकमा हीनताबोध गरी बाँचेका मुलुकका नागरिकको कथालाई अनागरिकको कथासँग दाँज्न सकिन्छ । पटकथाकार श्रवण चलचित्रमा सकेसम्म नयाँ सौन्दर्यबोधको खोजी गरेको बताउँछन् । उनी भन्छन्, 'मंगोलियन भेषभूषाको नायकको उपस्थितिले नेपाली चलचित्रको लागि नयाँपन हो, भाषालाई पनि सकेसम्म जीवन्त बनाउने कोसिस गरिएको छ ।' आमनेपाली चलचित्रको लागि द्वन्द्व एउटा गहकिलो मसलाको रूपमा स्थापित भएको छ, त्यहाँ यो चलचित्रमा अस्वभाविक द्वन्द्व राखिएको छैन ।

चलचित्रमा गाउँका दृश्यलाई जस्ताको तस्तै टिपेको पाइन्छ, तर जब कथा गाउँबाट सहरमा मोडिन्छ, धेरै कृत्रिमता पाइन्छ । अहिले आदिवासी र जनजाति मुलुकमा आफ्नो पहिचान र ठाउँ खोजिरहेको अवस्था छ । 'अनागरिक'ले वर्षौंदेखि उत्पीडन, दमन र शोषणको जाँतोमा पिल्सिएका तिनै नागरिकका अवाजलाई समेट्न खोजेको छ ।

चलचित्रका प्रायः सबै कलाकार नयाँ छन्, कविको रुपमा परिचित श्रवणले गाविस अध्यक्ष र रंगकर्मी कृष्ण शाह यात्रीले कलेजको विद्यार्थीको भूमिकामा अभिनय गरेका छन् । ८१ वर्षीय मिठ्ठाई गुरुङले बाजेको भूमिका खेलेका छन् । अन्य कलाकारमा पुस्कर गुरुङ, हेमन्त मुकारुङ, नेल्सन गुरुङ, अनिल पाण्डेलगायत छन् । प्रेमकुमार गुरुङ निर्माता रहेको उक्त चलचित्रको संगीत पारस मुकारुङले दिएका छन् । मुलुकमा आदिवासी र जनजाति हकअधिकारको लडाइँ लडिरहेका बेला चैत १२ गते विश्वज्योतिमा प्रिमियर सो सुरु गरिएको यो चलचित्र एकपटक सबै जनजातिले हेर्नै पर्ने हुन्छ ।

■ **छत्र कार्की/काठमाडौं**

# डा. होमियो



कमल रिमाल

विराटनगरको बढ्दो कोलाहलमा खुलेको एकसेएक आधुनिक क्लिनिक र नर्सिङ होमका बीच पनि डा. थपलियाले आफ्नो छुट्टै पहिचान बनाएका छन्

**सेतो गुलियो दाना** र प्लास्टिकको सानो बट्टाबाट दुई थोपा झोल मुखमा चुहाएपछि डा. नरहरि थपलिया विराटनगर भानुटोल-१४ स्थित आफ्नो क्लिनिकमा आउने विरामीलाई प्रायः भन्ने गर्छन्, 'यो सेतो गेडो दैनिक नछुटाई खाली पेटमा खानु होला ।'

वास्तवमा विराटनगरको बढ्दो कोलाहलमा खुलेको एकसेएक आधुनिक क्लिनिक र नर्सिङ होमका बीच पनि डा. थपलियाले आफ्नो छुट्टै पहिचान बनाएका छन्, पूर्वाञ्चलमा सबैभन्दा अनुभवी होमियो फिजिसियनको । उनको क्लिनिकमा २५ देखि ३० विरामीहरू उपचारका लागि दैनिक धाउने गर्छन् । पछिल्लो समय विराटनगरमा खुलेका ठूला र आधुनिक प्राइभेट अस्पतालहरूका बीच पनि डा. थपलियाको क्लिनिकमा भारतको दार्जीलिङ, मिरिक, अरअरिया, मुज्जफरपुरदेखि लिएर समस्तीपुरसम्मका विरामीहरू उपचारका लागि आउने गर्छन् । गत वर्ष विराटनगरका अर्का अनुभवी होमियो फिजिसियन डा. गफुरको निधन भएपछि डा. थपलियाकहाँ धाउने विरामीहरूको चाप झनै बढ्न थालेको छ ।

उनीसँगै होमियोपेथिक चिकित्सालाई यो क्षेत्रमा विस्तार गर्न जीवन प्रकाश, एनके कर्ण, डा. आविदहरू जोडतोडका साथ लागेका छन् । 'प्रचार-प्रसारले गरेर होला, अहिले होमियोपेथिकको अवस्था दिनहुँ सुध्रिँदै गइरहेको छ', ५१ वर्षीय होमियो फिजिसियन थपलिया भन्छन् । डा. थपलियाका क्लिनिकमा विशेषतः पेटका रोगी, मानसिक रोगी, गुप्तरोगी (पुरुष), मृगौलामा पत्थरी परेका र चर्मरोगीहरू आउने गर्छन् । तर, उनी आफूलाई कलेजो र पेटको विशेषज्ञ भन्न रुचाउँछन् । 'पेटका रोगीहरूको उपचार अहिलेसम्म फेल खाएको छैन', उनी भन्छन् ।

हुन त उनी सानो छँदा स्वयं पेटकै रोगबाट बढी सताइएको बताउँछन् । उनी आफ्नो पेटको रोग होमियोपेथिक उपचारबाट ठिक भएको हुनाले नै यो पेसाले आफूलाई सबैभन्दा बढी आकर्षण गरेको बताउँछन् । भारतको विहार विश्वविद्यालयबाट एमडी गरेका थपलिया विगत २५ वर्षदेखि यो पेसामा छन् । उनी बाह्र वर्ष झापा सुरुंगामा पनि क्लिनिक चलाएर बसेका थिए । 'घरायसी कारणले सुरुंगा छोड्नु पर्‍यो', पछिल्लो समय विराटनगरमा आफ्नै घरमा क्लिनिक चलाएर बसेका थपलिया भन्छन् । उनले सुरुंगा छोड्नुअघि ईश्वरी सिवाकोटी, आशा सिवाकोटी र बुद्धिमान सुनुवारजस्ता होमियो फिजिसियन उत्पादन गरेका थिए । धर्मकर्ममा पनि उत्तिकै विश्वास राख्ने डा. थपलियाले केही समयअघि मात्र आठवटा गीत भएको एउटा धार्मिक एल्बम निकालेका छन् ।

■ नवीन अर्याल






युवराज घिमिरे

# खतरनाक खेलहरूका विभिन्न रुप र सरकारको निरीहता

**गौर नरसंहारपछि** राज्यले सामान्य बुद्धि प्रयोग गऱ्यो, गृहमन्त्रीलाई घटनास्थलमा पठाउने निर्णय गरेर । आखिर यस्तो घटनाको पछाडि को जिम्मेवार छ ? दुखित गृहमन्त्रीले आफूसँगै राजधानीबाट घटनास्थल गएका पूर्वमन्त्री तथा एमाले सांसद डा. वंशीधर मिश्रलाई सोधे । 'यो घटनाका लागि तपाईं दोषी हुनुहुन्छ', डा. मिश्रको स्पष्ट उत्तर थियो । गृहमन्त्रीले सम्भवतः यो कुरा बुझेनन् वा बुझ्न चाहेनन् । तर हत्या अपराध र हिंसाका असंख्य सिलसिला एकातिर र अर्कोतिर उनको सत्तालिप्सा र त्योभन्दा बढी प्रधानमन्त्रीले उनीप्रति देखाएको धृतराष्ट्र कमजोरी सबै जिम्मेवार छन् लहानदेखि गौरसम्मको अराजक, असहिष्णु तथा अराजनीतिक गन्तव्यमा ।

गृहमन्त्रीको सुरक्षार्थ कमान्डो शैलीमा त्यहाँ उपस्थित सुरक्षाकर्मीहरूको उपस्थितिलाई लक्ष्य गर्दै फेरि डा. मिश्रले सोधे- यिनीहरू तपाईंको सुरक्षाका लागि ? 'हैन, यिनीहरू यहीं थिए', सिटौलाको उत्तर थियो । अनि किन यति धेरै सुरक्षाकर्मीहरूले गौर नरसंहार रोक्न सकेनन् त ?

राजनीति गर्ने पक्षहरू हतियार लिएर हिंसा फैलाउने नियतका साथ जम्मा हुँदा र राज्यले सुरक्षानिकायलाई निरन्तररुपमा मनोबल गिराउने अभियान जारी राखेको, त्यसलाई राजनीतिक अखडा बनाउने अभियान जारी राख्दा गौर घटना स्वभाविक परिणति हुन्छ । सरकारले बनाएको आयोगलाई माओवादी र मधेसी जनाधिकार मञ्च दुवै पक्षले अस्वीकार गरेका छन्- स्वभाविक रुपमा । गृहमन्त्री अर्थहीन आयोग बनाएर आफ्नो असफलता लुकाउने मात्र हैन, त्यसबाट आफ्नो स्वार्थ स्थापित गर्न सफल भएका छन्, रायमाझी आयोगलाई प्रयोग गरेर, लहान र नेपालगन्ज घटनालाई बेवास्ता गरेर । सुरक्षानिकायमा अपारदर्शी, गैरजवाफदेही र भ्रष्टाचारपूर्ण तरिकाले पजनी, बढुवा र अवकाशमा पठाउने षड्यन्त्र गरेर उनले प्रजातान्त्रिक शक्तिहरू राज्यसंचालन गर्न सक्षम छैनन् भन्ने सन्देश सफलतापूर्वक दिन सकेका छन् ।

शाही सेनालाई नेपाली सेना भएको घोषणा गर्दै संसद् मातहत ल्याए पनि त्यसलाई निरन्तररुपमा अपमानित गर्न यो सरकार उद्यत छ । त्यसबाट निम्तिन सक्ने खतरनाक प्रतिक्रियाबारे सरकार सचेत देखिँदैन । विगत ११ वर्षका द्वन्द्वमा सेना र अन्य सुरक्षानिकायहरूले गरेका 'ज्यादती'का बारेमा राजनीतिक नेतृत्व पक्ष अर्थात् विभिन्न समयका प्रधानमन्त्री, गृहमन्त्री, रक्षामन्त्री र प्रहरी प्रमुखहरूले दोष लिएका छैनन् । 'मेरो छोराको ज्यान राजनीतिक आदेशको पालना गर्ने क्रममा गएको छ । आज सरकारले उनीहरूलाई किन अपराधी जसरी प्रस्तुत गर्दै छ ? किन माओवादी योद्धाहरू सहिद र मेरो छोरा उपेक्षित ?', यो प्रश्न प्रधानमन्त्रीलाई सोध्न सरकारको आदेश पालनामा छोरा गुमाएका बाबु-आमाहरू सोध्ने तयारीमा छन् ।

द्वन्द्वको शान्तिपूर्ण समापन सम्भव हुन्छ । तर शान्ति सहमतिमा हस्ताक्षर हुनु पर्याप्त हुँदैन, जुन अहिले स्पष्ट भएको छ । सहमतिहरू लागू हुने क्रममा पनि 'हिलिङ' वा द्वन्द्वका कारण पुगेका घाउचोटहरू निको पार्ने क्रम अझ कठिन मात्र हैन, लामो समय पनि लाग्छ त्यसमा । राज्य र विद्रोही पक्षबाट प्रभावित वा चोट पुगेकाहरूले एउटा छानोमुनि वा एउटै आकाशमुनि सह-अस्तित्वको सम्भावना खोज्ने वातावरण बन्न सक्नुपर्छ । सुरक्षानिकायहरूको गिर्दो मनोबलले त्यो प्रक्रियालाई अप्ठ्यारो बनाउँछ ।

गृहमन्त्रालय, खासगरी सशस्त्र र जनपद प्रहरी प्रशासनमा बढुवामा भ्रष्टाचार र आर्थिक लेनदेन भएका परिस्थितिजन्य प्रमाणहरूबारे संस्थाभित्र खुलेर बहस हुन थालेका छन् । प्रधानमन्त्री परिवारकै सदस्यहरूको नाम मुछिन थालेको छ । सिटौला सम्भवतः निमित्त मात्र होलान्, तर उनी यति असफलताका बाबजुद पदमा बस्नुमा यी कारोवारहरूबारे उनको जानकारी एउटा मुख्य कारण भएको चर्चा अब सुरक्षानिकायमै हुन थालेको छ ।

सशस्त्र र जनपद प्रहरी प्रशासनमा बढुवामा भ्रष्टाचार र आर्थिक लेनदेन भएका परिस्थितिजन्य प्रमाणहरूबारे संस्थाभित्र खुलेर बहस हुन थालेका छन् । प्रधानमन्त्री परिवारकै सदस्यहरूको नाम मुछिन थालेको छ । सिटौला सम्भवतः निमित्त मात्र होलान्, तर उनी यति असफलताका बाबजुद पदमा बस्नुमा यी कारोवारहरूबारे उनको जानकारी एउटा मुख्य कारण भएको चर्चा अब सुरक्षानिकायमै हुन थालेको छ ।

प्रहरी र सशस्त्रमा जस्तै ट्रान्सफर, बढुवामा पारदर्शिता तथा एकरुपता नभएको दोष सैनिक मुख्यालयमाथि पनि आउन थालेको छ । दुई मुद्दाहरू चर्चित छन्, अहिले । पहिलो अन्यायपूर्ण तरिकाले आफूलाई पदोन्नतिबाट वञ्चित गरेको भन्दै मेजर जनरल रणध्वज लिम्बूले पदबाट राजीनामा गरेका छन् । अर्को गैरकानुनी र अन्यायपूर्वक आफूलाई अवकाश दिएको भन्दै सर्वोच्चमा पुगेका अर्का मेजर जनरल प्रदीपप्रताप मल्ललाई बहाल गर्ने आदेश सर्वोच्चले दिएको ३ महिनापछि पनि प्रधानमन्त्रीको मातहत रहेको रक्षामन्त्रालय र सैनिक मुख्यालयले उनलाई बहाल नगरेर कानुनी राज्यको अवधारणालाई बेवास्ता गरिएका उदाहरण छन् । सेनामा यी मामिलामा पारदर्शिता नहुने र सर्वोच्चको आदेशको कदर नहुने हो भने त्यसले खतरनाकरुप लिन सक्छ । यदि मल्लको विवादास्पद पृष्ठभूमिका कारण सरकारले सर्वोच्चको आदेश अवहेलना गरेको हो भने उसले सर्वोच्चको पूर्णइजलाससमक्ष निवेदन दिनुपर्छ । यदि सैनिक मुख्यालय वा अन्य सुरक्षानिकायहरूले सर्वोच्चको आज्ञापालन नगर्ने परम्परा बसाए भने ती संस्थाहरू कानुनबाट हैन, व्यक्तिवादी र राजनीतिक समूहबाट निर्देशित हुन पुग्छन् ।

अहिले मुलुकको कानुन व्यवस्था समाप्त हुनुमा आफ्ना मातहतका सुरक्षानिकाय संचालनमा गृहमन्त्रीको गैरकानुनी र व्यक्तिगत स्वार्थको शैली जिम्मेवार छ । तर, त्यो प्रवृत्ति सेनामा पनि कुनै रुपमा गएमा त्यसले अराजक स्थिति उत्पन्न गर्नेछ । सेनालाई जिस्काउने खतरनाक खेल राजनीतिक तहमा जारी रहेमा कानुन र पारदर्शितालाई तीलाञ्जली दिने संस्थागत प्रवृत्ति उक्त संस्थाभित्र बढ्न सक्छ र निश्चय पनि परिणाम खतरनाक हुन सक्छ । ■